# पहिलो परिच्छेद

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **“रामहरि पौड्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन”** रहेको छ ।

## १.२ शोधार्थीको नाम

यस शोधकार्य गर्ने शोधार्थीको नाम चित्राकुमारी थाम्सुहाङ्ग रहेको छ ।

## १.३ विषयपरिचय

नेपाली साहित्यको कथा विधा नवीनधारामा कलम चलाउने कथाकार रामहरि पौड्यालको जन्म वि.स. २००४ साल भाद्र महिनामा काठमाडौंको डिल्लीबजारमा भएको थियो । नेपाली साहित्यमा हालसम्म उनका विभिन्न पत्रपत्रिकामा प्रकाशित कथाहरूको सङ्ग्रह ‘सल्ला सुसाइदिन्छ’ (वि.सं. २०४१), भानुदेखि प्रश्रितसम्म समालोचना सङ्ग्रह (वि.सं. २०४९) लगायत विभिन्न पत्रपत्रिकामा कथा, कविता, समालोचना रहेको छ । प्रतिनिधि नेपाली कथामा उनको सम्पादकीय रहेको छ । थोरै भए पनि आधुनिक चिन्तन र दृष्टि, बौद्धिक एवम् गहन विषयवस्तु भएका पौड्यालका साहित्यिक रचनाहरूले नेपाली साहित्यमा विशेष महत्त्व राख्दछन् । त्रिभुवन विश्व विद्यालय नेपाली केन्द्रीय विभागबाट प्राध्यापन सेवाबाट सेवानिवृत्त पौड्यालका रूचि साहित्य क्षेत्र भएको कुरा उनका विभिन्न साहित्यिक समारोहहरूमा निरन्तर सहभागिताबाट प्रस्ट हुन्छ । नवयुगका विसङ्गतिवादी, अस्तित्ववादी धाराका विशिष्ट साहित्यकार पारिजातबाट विशेष प्रभावित पौड्याल पारिजात स्मृति केन्द्रको सक्रिय सदस्यको रूपमा कार्यरत छन् । यस्ता व्यक्तित्वको बारेमा हालसम्म कुनै खोज तथा अनुसन्धान नभएको हुँदा प्रस्तुत शोधकार्यमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिएको छ ।

## १.४ शोधकार्यको प्रयोजन

यस शोधकार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दशौँ पत्रको आवश्यक्ता परिपूर्ति गर्नु रहेको छ ।

## १.५ शोधकार्यको समस्या

नेपाली साहित्यको कथा विधामा प्रगतिशील कथाकारका रूपमा परिचित रामहरि पौड्यालको जीवनीको बारेमा हालसम्म खोजी भएको देखिदैंन् । नेपाली साहित्य क्षेत्रलाई राजनीतिक पार्टी प्रतिबन्धित अवस्थामा पनि प्रगतिवादको धाराबाट अघि बढाउन पौड्याल सक्रिय थिए । नेपाली साहित्यमा उनले तत्कालीन समाजको परिवेश स्पष्ट देखाई आधुनिक धरातलबाट जनतामा सुसूचित पार्ने काम विभिन्न रचनाहरू मार्फत गरे । उनका प्रकाशित अप्रकाशित कथाहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन त्यति धेरै हुन नसकेको पाइन्छ । 'रूपरेखा', 'वगर' साहित्यिक पत्रिकामार्फत विभिन्न समयमा प्रकाशित उनका कथाहरूको सङ्ग्रह 'सल्ला सुसाइदिन्छ' (२०४१) र भानुदेखि प्रश्रितसम्म (२०४९) प्रकाशित कृतिहरू हुन् । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकामा लेख रचनाहरू, विशेषाङ्कहरूमा छिटफूट कथा, लेखहरू लगायत प्रतिनिधि नेपाली कथासङ्ग्रहको सह–सम्पादक भई काम गरेका पौड्यालको अध्ययनमा आधारित यस शोधकार्यका समस्याहरू देहायबमोजिम प्रस्तुत गरिएका छन्

क) रामहरि पौड्यालका जीवनीका विभिन्न पक्षहरू के कस्ता रहेका छन् ?

ख) रामहरि पौड्यालका व्यक्तित्वका विभिन्न पक्षहरू के कस्ता रहेका छन् ?

ग) रामहरि पौड्यालका साहित्य सिर्जना र साहित्ययात्रा के कस्तो रहेको छ ?

घ) रामहरि पौड्यालका कृतित्वका अध्ययन के कसरी गर्न सकिन्छ ?

## १.६ शोधकार्यको उद्देश्य

रामहरि पौड्याल नेपाली साहित्यको कथा विधामा वि.स. २०२० पछि देखा परेको नवीनतम मान्यताका प्रयोगकर्ता हुन् । यसै आधारमा रामहरि पौड्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नुपर्ने उद्देश्य निम्नानुसार रहेका छन् ।

क) रामहरि पौड्यालको जीवनीका विभिन्न पक्षहरूको अध्ययन गर्नु

ख) रामहरि पौड्यालका व्यक्तित्वका विभिन्न पक्षहरूको अध्ययन गर्नु

ग) रामहरि पौड्यालको साहित्य सिर्जना र साहित्ययात्राको अध्ययन गर्नु

घ) रामहरि पौड्यालको साहित्यिक लेखहरूको अध्ययन गर्नु ।

## १.७ शोधकार्यको औचित्य र उपयोगिता

रामहरि पौड्याल नेपाली साहित्यमा प्रगतिवादलाई सैद्धान्तिक र व्यवहारिक रूपमा भित्र्याउने प्रखर व्यक्ति हुन् । प्रगतिशील साहित्यकार पौड्यालको साहित्यसिर्जना क्षेत्रमा पनि कम्युनिष्ट विचारधारा पाइन्छ । सङ्ख्यात्मक रूपमा थोरै भए तापनि पौड्यालका साहित्यिक रचनाहरू विशिष्ट छन् । कुनैपनि वादलाई आफ्नो साहित्य कलमद्वारा स्वीकार गरी आम पाठकलाई सुसूचित गर्न सक्ने तथा समसामयिक परिवेशमा भएका क्रियाकलाप विरूद्ध साहित्यद्धारा एकजुट हुन आह्वान गर्न सक्ने व्यक्तित्वको जीवनी त्यसै ओझेलमा पर्न नदिनका निम्ति यो अध्ययन जरूरी भएकोले त्यसैको सेरोफेरोमा यो अध्ययन गरिएको छ ।

रामहरि पौड्यालको जीवनी, व्यक्तित्व र कृतित्वको हालसम्म पनि अध्ययन नभएको हुँदा उनको जीवनी, व्यक्तित्व र कृतित्व नेपाली साहित्यमा लुकेर रहेको छ । यसर्थ सो सम्बन्धी सत्य तथ्य प्रकाशमा ल्याई साहित्यप्रेमीहरूलाई प्रेरणा दिन यो शोधकार्य आफैंमा औचित्यपूर्ण र उपयोगितामूलक रहेको छ ।

## १.८. पूर्वकार्यको समीक्षा

रामहरि पौड्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषणका लागि यससँग सम्बन्धित विषयमा यसभन्दा पूर्व के कति अध्ययन वा शोधकार्य भएको छ त्यसबारे अध्ययन गर्नुपर्ने हुन्छ । रामहरि पौड्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने विषयमा नेपाली साहित्यमा धेरै कार्यहरू हुन नसकेको देखिन्छ । यद्यपि हालसम्मको प्राप्त तथ्यलाई हेर्दा पौड्यालको सम्बन्धमा भएका अध्ययन निम्न बमोजिम पाइएको छ ।

डा दयाराम श्रेष्ठ र प्रा मोहनराज शर्माको नेपाली साहित्यको सङ्क्षिप्त इतिहास (वि.सं. २०३४) भित्र नेपाली कथा शीर्षकको पृष्ठ ८६ मा लेखिएको छ –

'............................यस कालका प्रतिभाहरूमा बौद्धिक सचेतता अत्यन्त सशक्त रहेको पाइन्छ । यसै कालमा कथाकारहरू क्रमश बासु बराल, मोहन घिमीरे, तेज प्रकाश श्रेष्ठ, रामहरि पौड्याल, नगेन्द्रराज शर्मा, किशोर पहाडी, पूर्णविराम, केदार पोखरेल, रमेश गोर्खाली, अशेष मल्ल, महेश प्रसाई आदिले युगलाई सबल बनाउन स्तरीय कथाहरू लेखे ।'

प्रस्तुत कुराले रामहरि पौड्याललाई एक सवल कथाकारका रूपमा उभ्याएको पाइन्छ ।

२०५५ माघ–असारको वेदनाको विशेष रजत वर्षको अवसर पारेर निस्किएको वर्ष २५ अङ्क १ मा रविलाल अधिकारीले लेखेको समालोचनामा यसरी उल्लेख गरेका छन् । २०३५/३६ पछि प्रगतिवादी नेपाली कथामा निकै राम्रो स्वरूप देखा परेको छ । २०२३/२४ पछि ....................कतिपय नयाँ युवकहरूले नयाँ जीवनको खोजी गर्ने धुनमा प्रगतिवादलाई एक मात्र सहारा देख्नु भएको छ । यस्ता युवाहरूमा अजम्वरी गाँउ र आकाश छुने डाँडोमुनी .......................र फूटकर कथाहरूमा देखा परेका इश्माली, नारायण ढकाल, सञ्जय थापा, हरिगोविन्द लुँइटेल, यू.कार्की, तीर्थ नेउपाने, रामहरि पौड्याल, तारा गाँउले आदि प्रतिभाहरूको नाम विशेष उल्लेख्य छन् ।

यस समालोचनामा उल्लेख गरे अनुसार त्यस बेलाका नाम चलेका प्रगतिवादका मार्ग निर्माताहरू इश्माली, नारायण ढकाल, सञ्जय थापा, हरिगोविन्द लुँइटेलकै हाराहारीमा

रामहरि पौड्याल पनि उभिन पुग्नु नेपाली साहित्याकाशमा पौड्यालको उपस्थिति मजवुत हुनु हो ।

आनन्ददेव भट्टद्वारा लिखित पुस्तक 'व्यवहारिक समालोचना', २०४८ भित्र 'प्रतिनिधि नेपाली कथाहरू: एक अभिव्यक्ति' भन्ने लेख (पृ ११९–१२५) मा स्रष्टा प्रकाशन काठमाडौंको तर्फबाट प्रतिनिधि नेपाली कथाहरू नामक एक कथा सङ्ग्रहको सम्पादन सर्वश्री निनु, रामहरि पौड्याल र रूद्र खरेलद्वारा भई २०४६ साल श्रावण १४ गते प्रकाशित भएको छ भनेर रामहरि पौड्यालद्वारा कथा सङ्ग्रहमा भएको सह–सम्पादनका बारेमा उल्लेख भएको छ । साथै सम्पादक मण्डलको तर्फबाट कथा वा साहित्यबारे सौन्दर्यशास्त्रीय सैद्धान्तिक चर्चा भएको र नेपाली कथाको सामान्य विकासक्रमको पृष्ठभूमिमा प्रगतिशील दृष्टिकोणका कथाहरूको ऐतिहासिक यात्राको उल्लेख भएको भन्ने कुरा समेत प्रस्तुत गरिएको छ ।

डिजन भट्टराई: त्रिभुवन विश्वविद्यालय शोध प्रयोजनका लागि लेखिएको मोहन वैद्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा परिच्छेद ३ को उपशीर्षक प्रगतिवादी नेपाली समालोचनाको तेस्रो चरण र चौथो चरणका हस्तीहरूमा रामहरि पौड्याललाई दराइएको छ । अध्ययनको पृष्ठ ४४ मा तेस्रो चरण अन्तरगत '............................यस अवधिमा नै नेपाली प्रगतिवादी समालोचकका एक हस्ती समालोचक तथा सौन्दर्यशास्त्री मोहन बैद्य आफ्ना समालोचनाका साथमा देखा पर्छन् । उनी वाहेक ........................रामहरि पौड्याल, रविलाल अधिकारी, रामप्रसाद श्रेष्ठ, डी.आर.पोखेल, देवीप्रसाद गौतम, तारा विविध लगायतका समालोचकहरू रहेका छन् ।

## १.९ सामाग्री सङ्कलन

यस शोधकार्यको कममा सामाग्री सङ्कलन गर्दा प्राथमिक तथा द्धितीयक दुवै प्रकारका स्रोतहरूको उपयोग गरिएको छ । प्राथमिक स्रोतको रूपमा स्वयम् व्यक्तिलाई भेट्ने तथा निजका परिवार, नजिकका नातेदारहरू लगायत इष्टमित्रहरूबाट सामाग्री सङ्कलन गरिएको छ भने द्धितीय सामाग्री स्रोतको रूपमा विभिन्न पत्रपत्रिका, पुस्तकहरूको प्रयोग र पुस्तकालय अध्ययन गरिएको छ ।

## १.१० अध्ययन विधि

यस शोधकार्यको अध्ययन विधिमा रामहरि पौड्यालको जीवनी र व्यक्तित्वका महत्त्वपूर्ण कालखण्डको टिपोट र आवश्यक भएसम्म व्याख्या गरिएको छ । उनको हालसम्म प्राप्त साहित्य सिर्जनाहरूको खोजी गरी विस्तृत रूपमा विश्लेषण गरिएको छ । अध्ययनको क्रममा प्राप्त तथ्याङ्कलाई सङ्कलन, वर्गीकरण, विश्लेषण तथा मूल्याङ्कन गरी प्रस्तुत गरिएको छ ।

## १.११ अध्ययनको क्षेत्र र सीमा

यस शोधपत्रको अध्ययन क्षेत्र र सीमा शीर्षक बमोजिम छ । यहाँ रामहरि पौड्यालको जीवनमा घटेका महत्त्वपूर्ण घटनाहरू, उनका व्यक्तित्वको महत्त्वपूर्ण पक्ष तथा उनको साहित्यिक कृतित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । यस अध्ययनमा पौड्यालले नेपाली साहित्यमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ । उनको राजनीतिक व्यक्तित्वका विषयमा प्रवेश नगरिएकाले यसलाई सीमा मानिएको छ ।

## १.१२ सैद्धान्तिक ढाँचा र त्यसको प्रयोग

यस शोधकार्यमा जीवनीपरक, वर्णनात्मक तथा विश्लेषणात्मक पद्धतिको प्रयोग गरी रामहरि पौड्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ ।

## १.१३. शोधपत्रको रूपरेखा

यस शोधपत्रको रूपरेखा निम्नानुसारको रहेको छ ।

परिच्छेद १. शोधपत्रको परिचय

परिच्छेद २. रामहरि पौड्यालको जीवनी

परिच्छेद ३. रामहरि पौड्यालको व्यक्तित्व

परिच्छेद ४. रामहरि पौड्यालको साहित्य यात्रा

परिच्छेद ५. रामहरि पौड्यालको कृतित्वको विश्लेषण

## परिच्छेद ६. उपसंहार

माथिका शीर्षकहरूलाई आवश्यक्ता अनुसार विभिन्न उपशीर्षकहरूमा विभक्त गरिएको छ ।

# दोस्रो परिच्छेद
# रामहरि पौड्यालको जीवनी

## २.१जन्म र जन्मस्थान

रामहरि पौड्यालको जन्म मध्यमाञ्चल विकास क्षेत्र अन्तरगत काठमाडौं उपत्यकाको पुरानो शहर डिल्लीबजार, हालको वडा नं. ३२ मा वि.सं. २००४ साल भाद्र महिनामा भएको थियो । उनको पिताको नाम गोपीनाथ पौड्याल र आमाको नाम नन्दकुमारी पौड्याल हो । माहिलो छोराका रूपमा जन्मिएका रामहरि पौड्यालका दाजुको नाम सुदर्शन पौड्याल हो भने भाइको नाम सुनिल पौड्याल हो । रामहरि पौड्यालका हजुरबा प्राणनाथ उपाध्याय हुन् भने ठूलो बुवाहरूमा रामनाथ र शिवनाथ अनि काका कृष्णनाथ उपाध्याय हुन् । उनका फूपूहरूमा कमला जो वि.सं. १९९० सालको भूइँचालोमा परेर पुरिएका[1] सहित दिदी आमा र भाइदिदी गरी तीन जना थिए । रामहरि पौड्यालको न्वारानको नाम घनानाथ पौड्याल हो ।

## २.२. बाल्यकाल

मध्यमवर्गीय परिवारमा जन्म लिई हुर्किएका पौड्यालको बाल्यकाल सुखद रूपमा बितेको थियो । उनका हजुरबा प्राणनाथ उपाध्याय दरवारिया भारदारका रूपमा खरदार थिए भने बुवा गोपीनाथ तत्त्कालीन समयका सुब्बा थिए[2] । उनका बुबा र हजुरबाले राणाहरूबाट सर्लाही जिल्लामा जग्गा बकस पाएका थिए भने बीरगन्जमा पनि जग्गा खरिद गरेका थिए । यी सम्पूर्ण कुराहरूलाई हेर्दा तत्कालीन समयमा काठमाडौंमा खेतीपाती गरी तराइका उब्जाउ समेत भित्र्याउने भएकाले मध्यम वर्गका पौड्यालको बाल्यकाल सुखमय भएको पाइन्छ[3] । राणाकालीन समयमा पनि उनका घरमा लुगा बुन्ने मेसिन र साबुन वनाउने मेसिन समेत भएको तथ्यबाट उनी आर्थिक अवस्थाबाट पीडित नभई सुखसयलमा हुर्केका थिए भन्ने थाहा हुन्छ[4] । रामहरि पौड्यालको जन्म ब्राम्हाण परिवारमा भएको हुँदा उनको बाल्यकाल रामायण, महाभारत जस्ता धार्मिक ग्रन्थका

---

[1] /fdxl/ kf}*\cfnaf^k\fK_t hfgsf/L cg':f/

[2] kj[jt

[3] kj[jt

[4] kj[jt

श्लोकहरू पढने र पूजाआजा गर्नमा बितेको पाइन्छ । "सर्वे भवन्तु सुखिन" भन्ने धार्मिक आस्थाबाट प्रेरित पौड्याल अरू माथि अन्याय र शोषण गर्न नहुने कुराको बोध सानै उमेरबाट भएको कुरा बताउँछन्[5] । उनी बाल्यकालमा अनुशासित थिए । बाल्यकालको घटना सम्झनयोग्य नभएको कुरा रामहरि स्वयम् वताउँछन् ।[6]

## २.३ शिक्षादीक्षा

### २.३.१ प्रारम्भिक शिक्षा

रामहरि पौड्यालको प्रारम्भिक चरणको शिक्षा आफ्नै घरबाट शुरू भएको थियो । उनका हजुरबा, बुवा एवम् आमासमेत तत्कालीन समयकी साहसी र शिक्षित महिला भएकी हुँदा घरैबाट पढ्नुपर्छ भन्ने भावनाको विकास भएको पाइन्छ । उनले संस्कृत शिक्षा हजुरबाबाट लिएका थिए भने अङ्ग्रेजी शिक्षा पनि घरबाटै आरम्भ गरेका थिए । आमाको प्रेरणाबाट उनले अक्षरारम्भ गरेका थिए ।[7]

### २.३.२ अनौपचारिक शिक्षा

रामहरि पौड्यालले अनौपचारिक शिक्षा पनि प्राप्त गरेका छन् । उनले विभिन्न धार्मिक पुस्तकहरूका साथै लेनिनका अङ्ग्रेजीका पुस्तकहरू समेत पढेका थिए । तत्कालीन समयका साहित्यिक पुस्तकहरूका अतिरिक्त दर्शनशास्त्रका प्रशस्त पुस्तकहरू पनि उनले पढेका थिए भन्ने कुरा थाहा पाइन्छ ।[8]

### २.३.३ औपचारिक शिक्षा

#### २.३.३.१ विद्यालयस्तरीय शिक्षा

तत्कालीन समयको चलन अनुसार रामहरि पौड्यालले नेपाल आदर्श हाइस्कुलमा एकैपटक कक्षा ५ मा भर्ना भई औपचारिक शिक्षाको सुरूवात गरेका थिए । त्यहाँबाट कक्षा ५ मा उतीर्ण भएपछि पद्मोदय हाइस्कुल काठमाडौंबाट कक्षा ६ उतीर्ण गरे । त्यसपछि दरबार

---

[5] k'j{jt

[6] k'j{jt

[7] /fdxl/ kf}*\ofnaf^ k|fKt hfgsf/L cg';f/

[8] k'j{jt

हाइस्कुल रानीपोखरीमा कक्षा ७ मा भर्ना भई कक्षा १० सम्म त्यसै स्कुलमा अध्ययन गरे । वि.सं. २०२० सालमा उनले दोस्रो श्रेणीमा प्रवेशिका परीक्षा उतीर्ण गरे ।[9]

### २.३.३.२ उच्च शिक्षा

रामहरि पौड्यालले प्रवेशिका परीक्षा उतीर्ण गरिसकेपछि त्रिचन्द्र कलेजबाट स्नातक तह तथा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट नेपाली र अर्थशास्त्र विषयमा स्नातकोत्तर तहको शिक्षा प्राप्त गरेका थिए ।[10]

## २.४ विवाह तथा सन्तान

रामहरि पौड्यालको विवाह वि.सं. २०२९ साल आषाढ ३० गते काठमाडौं सिफल निवासी शिवप्रसाद सुवेदी तथा वसुमञ्जरीकी छोरी प्रमिलासँग भएको थियो । विवाहका समयमा उनी २४ वर्षका थिए । उनको विवाह सामाजिक मान्यता हिन्दू संस्कार अनुसार परम्परागत रूपमा भएको थियो ।[11] उनको पहिलो सन्तानको रूपमा वि.सं. २०३० साल मंसिरमा दिलिप पौड्यालको जन्म भएको थियो र कान्छो सन्तानको रूपमा वि.सं. २०३२ सालमा मिलिप पौड्यालको जन्म भएको हो । यिनीहरू दुबै बेलायतको लण्डनमा बस्छन् ।[12]

## २.५ आर्थिक अवस्था

रामहरि पौड्यालको जन्म मध्यमवर्गीय परिवारमा भएको थियो ।[13] उनको पैत्रिक सम्पत्तिका रूपमा काठमाडौंको डिल्लीबजारमा घर रहेको त्यसै गरी २०१७/१८ सालतिर भैरहवा र सर्लाहीको मलंगवामा खेती जमीन भएकाले उनी मध्यमवर्गीय हैसियत भएका व्यक्तित्वका रूपमा देखा पर्दछन् ।[14] पौड्यालले वि.सं. २०२३ सालदेखि २०४२ सालसम्म विजय मेमोरियल हाइस्कुल डिल्लीबजार काठमाडौंमा पढाएका थिए । त्यसैगरी २०४१ देखि २०६४ सालसम्म त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा नेपाली विषयका प्राध्यापकका

[9] kj{jt
[10] kj{jt
[11] kj{jt
[12] kj{jt
[13] kj{jt
[14] kj{jt

रूपमा कार्य गरे ।[15] प्राध्यापनका क्रममा उनले विधार्थीहरूलाई दुई तरिकाले प्रशिक्षित गराउँथे । उनी विधार्थीहरूलाई पाठ्यक्रम अनुसारको अङ्ग्रेजी र गणित विषयमा प्रशिक्षित गराउँथे भने अर्कोतर्फ विधार्थीमा मार्क्सवादको अवधारणालाई जागरित गराउन खोज्थे ।[16] राणाकालीन समयमा जुनबेला उनी सानै थिए, त्यसबेला देखि नै उनको घरमा वैज्ञानिक उपकरणहरू रहेका र हालसम्म पनि ती उपकरण जडानयुक्त तीन तल्ले पक्कीघर डिल्लीबजारमै रहेको हुनाले पौड्यालको वर्तमान समयको आर्थिक अवस्था राम्रो रहेको देखिन्छ ।[17] उनका दुई सन्तान लण्डनमा बस्दै आएकाले यस कुरालाई पुष्टी गर्दछ ।[18] उनको पैत्रिक सम्पत्तिमा भने उनका दाजु सुदर्शनका परिवार तथा भाई सुनिलका परिवार सहित ९१ वर्षकी आमा नन्दकुमारी बस्दै आएका छन् । यी सम्पूर्ण कुराहरूलाई आधार मान्दा पौड्याल सुविधासम्पन्न शहर काठमाडौंमा बसी पारिवारिक गुजारा राम्रै चलाइरहेका पाइन्छन् ।[19]

## २.६ स्वभाव

रामहरि पौड्याल बाल्यकालमा अन्तरमुखी स्वभावका थिए । आफ्ना मनका कुराहरू प्रष्टसँग बाहिर ननिकाल्ने भावुक स्वभाव उनमा रहेको पाइन्छ ।[20] यसै कारणले उनले बहिर्जगतसँग सम्वन्ध राख्दै जीवनका अनुभूतिहरूलाई साहित्यको सहाराले बाहिर निकालेको देखिन्छ ।[21] उनी आफूले आदर गरेको व्यक्तिहरूको चरित्रचित्रणबाट दुखी भएपनि कसैलाई केही नभनी एक्लै बस्ने गरेका छन् ।[22] उनी राजनीतिक प्रचारप्रसारमा लागेपनि आफ्ना निजी कुरा भने बाहिर निकाल्दैनन् । सोधपत्रका समयमा पनि उनी सोध खोज गर्दा अलि भिंजो जस्तो गर्ने र आफ्नो बारेमा कसैले पनि शोधपत्र तयार नगरोस् आफ्नो व्यक्तिगत कुराको प्रचार प्रसार नहोस् भन्ने भावना उनमा रहेको देखिन्छ ।[23] उनी प्रगतिवादी विचारधाराका हुन् तापनि उनको जीवनशैलीलाई नियाल्दा उनी यस सांसारिक

[15] kj{jt
[16] kj{jt
[17] kj{jt
[18] kj{jt
[19] kj{jt
[20] kj{jt
[21] kj{jt
[22] kj{jt
[23] kj{jt

बन्धनबाट निरासिए झैं लाग्छ । शोधपत्र तयार गर्ने क्रममा पहिले नैराश्यता देखाएपनि पछि भने सरल, मिजासिलो र सहयोगी नै रहेको पाइन्छ ।

सवै प्रति समान व्यवहार गर्नु, जातीयताका आधारमा कसैमाथि भेदभावको दृष्टि नराख्नु, सदाचार र सत्कर्ममा सदैव संलग्न रहनु जस्ता चारित्रिक विशेषता पौड्यालमा पाइन्छ ।[24] पौड्याल मार्क्सवादी विचारधाराका व्यक्ति भएकाले उनी अनावश्यक विवादबाट टाढै रहन चाहान्छन् । भरसक कुनै विवादमा नफसिने गरी औपचारिक र सन्तुलित किसिमले तठस्थतापूर्वक बोल्ने स्वभाव पौड्यालमा पाइन्छ ।[25] पौड्याल जुनसुकै समयमा पनि साहित्यका कुनै पक्षको र मार्क्सवादको कुनै पक्षको अध्ययन विश्लेषण तथा साहित्य सिर्जनामा समय दिनु श्रेयस्कर ठान्दछन् । समग्रमा  शिष्टता, भद्रता, विनयशीलता, शालीनता एवम् सहयोगी भावना पौड्यालमा पाइने चारित्रिक विशेषताहरू हुन् ।

## २.७ रूचि

रामहरि पौड्यालका रूचिका मूलक्षेत्र साहित्य र प्राध्यापन नै हुन् । साहित्यिक कृतिहरूको रचना गर्नका अतिरिक्त विशिष्ट साहित्यकारहरूको रचनाहरूको अध्ययन विश्लेषण गर्नु तथा देश विदेशका समसामयिक विषयहरूको मूल्याङ्कन गरी विश्लेषण गर्न रूचि राख्ने पौड्याल सङ्ख्यात्मक भन्दा गुणात्मक रूपमा साहित्यको रचना गर्न रूचि राख्छन् ।[26] पौड्याल हर समय साहित्यको अध्ययन विश्लेषण तथा सिर्जना गर्न रूचि राख्ने भएकाले उनका कृतिहरू गम्भीर, समसामयिक र सामाजिक विकृतिको जरो उखाल्ने प्रवृत्तिका देखिन्छन् ।[27] साहित्य सिर्जना तथा विश्लेषणका निमित्त दिनको ८,९ घण्टा व्यतित गर्ने पौड्याल नेपाली साहित्यका विभिन्न विधामा सक्रिय देखिन्छन् ।[28] जे लेखेपनि अनवरत रूपमा एकै बसाइमा लेख्न सक्ने पौड्यालका लेखनीमा खासगरी मार्क्सवादी प्रगतिशील चिन्तन नै अघि सर्ने गर्दछ ।[29]

[24] k'j{jt
[25] k'j{jt
[26] k'j{jt
[27] k'j{jt
[28] k'j{jt
[29] k'j{jt

सानो छँदा धर्मकर्ममा बढी विश्वास राख्ने पौड्याल हाल धर्मकर्ममा सामान्य सदभाव राख्छन् ।[30] सामाजिक क्षेत्रमा रहेका विभिन्न विसङ्गतिलाई चिरफार गरेर देखाउनु, सम्पूर्ण क्षेत्रका नेपालीलाई देशप्रेमको शिक्षा दिनु, कुनै वाद, प्रणाली र कुराको चुरो के हो ? आदिमा खोजी गरी त्यस सम्वन्धी व्याख्या र विश्लेषण गरेर जनमानसमा छर्लङ्ग्याउनु उनको रूचि रहेको देखिन्छ ।[31] हर समय सामाजिक घटना समेटेर कथा लेख्न रूचाउने पौड्याल साहित्य भनेको भाषाको माध्यमबाट प्रदर्शन गर्ने कला हो र त्यो साहित्य समाजदेखि विश्वलाई नै परिवर्तन गर्न सक्ने खालको हुनुपर्ने कुरामा पौड्याल जोड दिन्छन् ।[32]

खानपानमा सामान्य दालभात नेपाली खाना मन पराउने पौड्याल माछा, मासु र चिल्लो बढी मन पराउँछन् । उनलाई पानरोटी असाध्यै मनपर्छ ।[33] बाल्यकालमा डण्डीबियो र फूटबल खेल्न रूचि राख्ने उनी समय अभावका कारणले खेल्न नपाएकामा गुनासो पनि गर्छन् । बाल्यकालमा सिनेमा हेर्न विशेष रूचि राख्ने पौड्यालले हालको माइतीघरमा रहेको मुनलाइट, जय नेपाल, विशालबजारमा रहेको जनसेवा हलमा उनले सिनेमा हेरेको कुरा बताउँछन् ।[34]

बिहानै उठेर शारीरिक स्वास्थ्यका लागि नुहाउने र मर्निङवाक गर्ने रूचि पौड्यालको रहेको छ ।[35] पौड्याल विशेष प्रकारको लुगा भन्दा प्राय सामान्य र सजिलो किसिमको लुगा लगाउन मन पराउँछन् ।[36] देश विदेशका विभिन्न स्थानमा भ्रमण गर्न रूचाउने पौड्याल भ्रमणका समयमा त्यहाँको सांस्कृतिक तथा भाषिका पक्षको अध्ययन गर्ने, देशका तर्फबाट बौद्धिक सहभागिता जनाउन रूचि राख्ने गर्थे ।[37] कम्युनिष्ट विचारधारालाई मन पराउने पौड्याल मानव जीवन स्वतन्त्र भएर बाँच्नुपर्दछ, मानवले मानवको कर्तव्य पालना

---

[30] kj{jt
[31] kj{jt
[32] kj{jt
[33] kj{jt
[34] kj{jt
[35] kj{jt
[36] kj{jt
[37] kj{jt

गर्नुपर्दछ, सादा जीवन उच्च विचार लिएर जीवन यापन गर्नु पर्दछ र मानिसले आफ्नो भाग्य आफैं बनाउनुपर्दछ भन्ने ठान्दछन् ।[38]

## २.८ कार्यक्षेत्र

### २.८.१ शैक्षिक सेवा

रामहरि पौड्यालको जीवनको अधिकांश समय नेपाली भाषा साहित्यको सेवा र समृद्धिका लागि खर्च भएको देखिन्छ । शैक्षिक कार्यका दृष्टिले उनले वि.सं. २०२० सालमा प्रवेशिका तह उतीर्ण गरी २०२३ सालदेखि विजय मेमोरियल हाइस्कुल डिल्लीबजारमा लामो समयसम्म अध्यापन गरेका थिए ।[39] उनको कार्यक्षेत्रको प्रारम्भ पनि यहीबाट भएको थियो । उनले वि.सं. २०४१ सालदेखि २०६४ सालसम्म त्रिभुवन विश्वविद्यालयमा नेपाली विषयमा प्राध्यापन गरी आफ्नो उच्च शिक्षाको सफलता पनि उजागर गरेका छन् ।[40] उनले आफ्नो जीवनको तीनदशक लामो समयसम्म शिक्षा सेवामा समर्पित गरेको देखिन्छ । उनको अध्ययनको मुख्य बिषय अङ्गेजी, नेपाली, गणित र अर्थशास्त्र हुन् भने अध्यापनमा माध्यमिक तहमा गणित अङ्ग्रेजी मुख्य रहेपनि उच्च तहमा नेपाली नै मूल विषय रहेको पाइन्छ । कथा, कविता तथा समालोचना लेखनमा पनि नेपाली नै मूल विषय रहेको पाइन्छ ।

## २.९ रामहरि पौड्यालको व्यक्तित्व

### २.९.१ राजनीतिक व्यक्तित्व

बाल्यकाल (तीन वर्षका) हुँदा देशमा राणाशासन अन्त्य भई प्रजातन्त्रको उदय भएको र तत्कालीन समयमा आमजनमानसमा काङ्ग्रेस पार्टीप्रति नराम्रो धारणा जागरण भएका कारण २०१५ सालको आम चुनावमा पौड्यालले डा. के. आई. सिंहको नेपाल प्रजा परिषद पार्टीको समर्थनमा चुनाव प्रचार प्रसारमा भाग लिएका थिए । उनले प्रचार प्रसार गरेको चुनाव क्षेत्रमा उक्त पार्टीका उम्मेद्वार लोचन शमशेर थापाले चुनाव जितेका थिए

[38] kfjfgt
[39] kfjfgt
[40] kfjfgt

।[41] पछि उनले कम्युनिष्ट पार्टीको सदस्यता लिएका थिए । उनी भूमिगत भएर काम गर्नु भन्दा हाकाहाकी काम गर्न चाहान्थे । फलस्वरूप उनले विद्यार्थी तथा युवावर्गलाई मार्क्सवादको प्रशिक्षण दिएर बौद्धिक क्षेत्रमा पार्टीमा योगदान पुऱ्याएका थिए । तर जब तत्कालीन राजा ज्ञानेन्द्रको संविधान विपरीत कार्य भइरहेको समयमा त्यस कार्यका विरूद्धमा लागेका बेला पार्टीका केही स्वार्थी र पदलोलुप नेताहरूले वि.सं. २०५८ सालमा प्रतिगमन आधा सच्चियो भनेर लागे त्यसमा पौड्यालालाई चित्त बुझेन ।[42] यस कुराले पार्टीमा बैचारिक द्वन्द्व शुरू भई पौड्यालको मन नराम्ररी कुँडियो । कम्युनिष्ट पार्टी पनि नेकपा एमाले र नेकपा माले गरी दुई भागमा विखण्डन भयो । उक्त समयमा पौड्यालले फुटको विरोध गर्दै २०६२ सालदेखि पार्टी एकीकरण नभएसम्म पार्टीमा सक्रिय रही जिम्मेवारी निर्वाह गर्दै रहे ।[43] हाल उनी पार्टीमा निष्क्रय रहेको पाइन्छ ।

### २.९.२ संस्थागत व्यक्तित्व

रामहरि पौड्याल अनेक क्षेत्रसँग सम्वन्ध र सरोकार राख्ने बहूआयामिक व्यक्तित्व भएकाले यिनको विभिन्न सङ्घ/संस्थाहरूसँग सम्बन्ध रहेको देखिन्छ । लेखनकलामा जीवन नै समर्पण गरेका पौड्याल राष्ट्रिय जनसाँस्कृतिक मञ्चका केन्द्रीय सल्लाहकार थिए ।[44] प्रगतिशील लेखक सङ्घ (प्रलेस) को केन्द्रीय समितिको उपाध्यक्ष तथा कार्यवाहक अध्यक्ष समेत भई पौड्यालले जिम्मेवारी निर्वाह गरेका थिए । संस्थागत संलग्नताकै क्रममा पौड्यालले युद्धप्रसाद मिश्र गुठीमा सदस्य लगायत उपाध्यक्ष पदमा रहेर काम गरेका थिए ।[45] पौड्याल पारिजात स्मृति केन्द्रको स्थापना देखि आजपर्यन्त केन्द्रीय कार्यकारी सदस्यको जिम्मेवारी निर्वाह गर्दै आएका छन् ।[46] यसका अतिरिक्त उनले नेपाल कम्युनिष्ट पार्टी तत्कालिन मालेमा रहेर साँस्कृतिक विभाग अन्तरगत २०४१ देखि १५ वर्षसम्म साहित्यिक सन्ध्या कार्यक्रमको संयोजक भई सक्रिय रूपमा कार्य गरेका थिए ।

---

[41] kj{ljt
[42] kj{ljt
[43] kj{ljt
[44] kj{ljt
[45] kj{ljt
[46] kj{ljt

उक्त साहित्य सन्ध्यामार्फत पारिजात लगायत थुप्रै साहित्यकारसँग साहित्यसम्बन्धी वैचारिक आदान प्रदान हुने गरेको थियो ।[47]

## २.१० भ्रमण

रामहरि पौड्यालले नेपालका विभिन्न स्थान भ्रमण गर्नुका साथै बिभिन्न उद्देश्य लिई विदेशको पनि भ्रमण गरेका छन् । देशका प्रबुद्ध व्यक्तित्वका रूपमा आफूलाई परिचित गराईसकेका पौड्यालले युवाहरूलाई मार्क्सवाद प्रगतिवाद चिन्तनद्धारा देशको मुहार बदल्ने युवाशक्ति विकासका लागि विभिन्न कार्यशाला, गोष्ठी, सेमिनार साथै भाषिक, साँस्कृतिक अध्ययन अनुसन्धानका लागि देशका विभिन्न भागमा भ्रमण गरेका थिए ।[48] रामहरि पौड्यालले देशका धेरै स्थानहरूमा पार्टीका तर्फबाट जनसाँस्कृतिक मञ्चको कार्यक्रममा, प्रलेस संघको संगठन विस्तारमा पार्टी फुट्दासम्म पार्टी एकत्रित पार्न भ्रमण गरेको पाइन्छ ।[49] विदेशमा पौड्यालले भारतका विभिन्न प्रदेशहरू, पाकिस्तान, इटाली, स्वीजरलैण्ड, बेलायत आदि विभिन्न देशहरू घुमेका छन् ।[50]

## २.११ सम्मान तथा पुरस्कार

“सम्मान, पुरस्कार र पदक भन्ने कुरा धेरै ठूलो कुरा होइन” नपाएर मलाई यस्तो लागेको हुनसक्छ । पाएकै भएपनि यहाँ उल्लेख गरेर म आफ्नो महत्त्व देखाउन चाहान्न भनेर पौड्याल भन्दछन् ।[51] विद्यार्थीकालमा भएका विभिन्न साहित्यिक कार्यक्रममा भने केही पुरस्कार उनले पाएका थिए ।[52]

---

[47] kj{jt
[48] kj{jt
[49] kj{jt
[50] kj{jt
[51] kj{jt
[52] kj{jt

## २.१२ धारणा र मान्यता

आफ्नो जीवनका धेरै समय भाषा, साहित्य, समाजसेवा र शिक्षा जस्ता अनेक क्षेत्रमा सक्रिय बनाएका रामहरि पौड्यालका आफू सम्बद्ध हरेक क्षेत्रका बारेमा आफ्नै मौलिक धारणा वा मान्यता छन् । मानवले स्वतन्त्रापूर्वक बाँच्न पाउनुपर्दछ । जीवन यापन स्वतन्त्र वातावरणमा होस् । कसैको दास बन्नु नपरोस् । मानव भएर मानवता गुमाउनु नपरोस् । वर्गीय सङ्घर्ष र जातीय द्वन्द्वमा मानिसले आफ्नो चिनारी नगुमाओस् । जीवन एक प्रकारको सङ्घर्ष हो । मानिसले फलको आशा नगरी सङ्घर्ष गरेमा लक्ष्य प्राप्ति गर्न सक्छ । हरेक बाधा र अडचनको सामना गर्दै अघि वढेको खण्डमा मानिसले आफ्नो लक्ष्य चाँडै प्राप्त गर्छ भन्ने पौड्यालको धारणा रहेको पाइन्छ ।[53] सर्वहारा पक्षको वकालत गर्न वर्गीय द्वन्द्व र जातीय सङ्घर्षको जरो फेदैबाट उखालेर फाल्नुपर्दछ भन्ने उनको मान्यता रहेको पाइन्छ ।[54]

आदर्श भनेको लेखकले उद्देश्यपूर्ण भएर लेख्नु हो । साहित्य भनेको भाषामा रहेको शक्ति देखाउनु हो । आफ्नो मनस्थिति समाज अनुरूप तयार राख्नुपर्दछ । जीवन भनेको पूर्णिमाको उज्यालो रात हो । चिन्तन संधै साहित्यमा हुनुपर्दछ । यदि चिन्तनशील भएन भने साहित्यको अध्ययन विश्लेषण गर्न सकिदैन् । त्यसैले सदैव चिन्तनशील रहनुपर्दछ । सिर्जनामा लाग्नेले निरन्तर अध्ययन गरी आफूलाई अद्यावधिक राख्नुपर्दछ । यी रामहरिका मान्यता हुन् ।[55]

रामहरि पौड्याल कला र साहित्यलाई उच्च स्थानमा राख्छन् । साहित्यका माध्यमबाट समाजका कुसंस्कार र रूढ मान्यताहरूको विरोध गरी सामाजिक न्यायका पक्षमा उभिनु पर्दछ भन्ने उनको साहित्यिक मान्यता उनका कृतिहरूको अध्ययनबाट थाहा पाउन सकिन्छ । साहित्यबाट समाज सुधारको आह्वान गर्नु उनको साहित्यिक अवधारणा भएपनि उनको साहित्य लेखनमा सौन्दर्य चेतनाको कमी कहीं देखा पर्दैन् । स्वतन्त्रता, राष्ट्रप्रेम पौड्यालको राजनीतिक अभिष्ट हो । साहित्यमा राष्ट्रियता अभिव्यक्त हुनुपर्छ भन्ने मान्यता

[53] kj{jt
[54] kj{jt
[55] kj{jt

पौड्यालको रहेको छ ।[56] पौड्यालका प्रत्येक अभिव्यक्ति र चिन्तनमा राष्ट्रवाद मुखरित भएको भेटिन्छ ।[57] साहित्यबाट देशको भविष्य निर्माण हुने भएकोले यसलाई समाज सुधार, जनताका समस्याको समाधान र समग्र विकासको मार्ग बनाउनुपर्छ भन्ने अवधारणा पौड्यालको साहित्यिक चिन्तनमा देखा पर्दछ ।

मानिस सँधैभरि परम्पराका पक्षमा मात्र लाग्नु हुँदैन । हामी परम्परा भन्दा आधुनिकतातिर मोडिनु पर्दछ । पौड्याल आजको विश्वग्रामको वातावरणमा नयाँ चिन्तन, नयाँ सोच, नयाँबिचार र नयाँ पुस्तालाई सही मार्गमा डोऱ्याउन सँधै लागि पर्नुपर्दछ भन्दछन् ।[58] आफू प्रगतिशील व्यक्ति भएकाले उनले सबै मानिस आज प्रगतिशील विचारधाराबाट अभिप्रेरित हुनुपर्दछ र जीवनलाई त्यसै अनुरूप ढाल्न सक्नुपर्दछ भन्ने धारणा राख्दछन् ।[59]

## २.१३ सुखदुखका क्षणहरू

बाल्यावस्था देखि नै सुखसयलमा हुर्केका रामहरि पौड्याल जीवन सुखमय मै बितिरहेको छ भन्छन् ।[60] शिक्षित र सम्पन्न परिवारमा हुर्केका पौड्यालकी आमा पनि तत्कालीन समयकी शिक्षित र परिश्रमी नारीमा गनिन्छिन् । उनकी आमा नन्द कुमारी समेत शिक्षित भएकाले उनको बाल्यावस्था पनि बिना सङ्घर्ष सुखमय बितेको पाइन्छ ।[61] शिक्षा आर्जन र जीविकोपार्जनका निम्ति सङ्घर्ष गर्नु नपरेतापनि वामपन्थी बिचारधाराबाट अभिप्रेरित पौड्याल सर्वहारा पक्षको वकालतका खातिर सङ्घर्ष गर्नुपरेको र वि.सं. २०५४ सालमा कम्युनिष्ट पार्टी २ भागमा विभाजित भएपछि उनी निकै दुःखी बनेका थिए ।[62]

---

[56] kj{jt
[57] kj{jt
[58] kj{jt
[59] kj{jt
[60] kj{jt
[61] kj{jt
[62] kj{jt

## २.१४ लेखन

### २.१४.१ लेखनको प्रेरणा र लेखनारम्भ

रामहरि पौड्याल आप्नो मामाघरसँगै डिल्लीबजार धोविधाराका महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनशैली र लेखनबाट अत्यन्तै प्रभावित भएका थिए ।[63] उनले विभिन्न धार्मिक ग्रन्थका श्लोकहरू पढेर पनि केही लेखन प्रभाव ग्रहण गरेका थिए । पौड्यालको पहिलो चरणका साहित्यिक रचनाहरूमा विद्रोह र अराजक भएको तर प्रगतिवादी भने नभएको पाइन्छ । पछिल्लो चरणका रचनाहरूमा शङ्कर लामिछानेका शैलीबाट प्रभावित भएका पौड्यालका रचनामा प्रगतिवादी स्वर टड्कारो रूपमा पाइन्छ ।[64]

उनका कृतिहरूमा पनि राजनीतिक चिन्तनको प्रभाव स्वरूप मार्क्सवादी दृष्ट्रिकोण पाइन्छ । साहित्यका विविध विधाहरू कथा, कविता, निबन्ध, समालोचनामा हात हालेका पौड्यालको लेखनी वि.सं. २०२४ सालदेखि २०२८/०२९ को समय अत्यन्त उर्वर रहेको थियो । त्यस अवधिमा प्रशस्त जाँगर र उत्साह पौड्यालमा देखिएको र पत्रद्वारापनि साथीभाइहरूसँग बैचारिक दृष्ट्रिकोण साटासाट हुने गरेको पाइन्छ ।[65] आनन्ददेव भट्ट, निनु चापागाई, मोदनाथ प्रश्रित, शक्ति लम्साल, बासुदेव अधिकारी, ललिजन रावल, पूर्ण विराम, नकुल सिलवाल आदि साहित्यकारहरूबाट पौड्याललाई साहित्यमा थप उर्जा प्राप्त भएको पाइन्छ ।[66]

रामहरि पौड्यालको सार्वजनिक लेखनयात्रा भने प्रकाशनका दृष्ट्रिले वि.सं. २०२५ सालमा “हिलोमा फूलेको फूल” वार्षिक पत्रिका ललितामा प्रकाशित भएपछि भएको पाइन्छ । पौड्यालका पुस्तककार कृति भने “सल्ला सुसाइदिन्छ” कथा सङ्ग्रह २०४१ र “भानुदेखि प्रश्रितसम्म” समालोचना समूह (२०४९) हो ।[67] उनी भ्रमणका अवसरमा भारतका विभिन्न प्रदेश, पाकिस्तान, इटाली, स्वीजरल्याण्ड, बेलायत गएका बेला त्यहाँको शैक्षिक, आर्थिक, राजनीतिक परिवेशको पनि साहित्य सिर्जनामा प्रत्यक्ष र परोक्ष रूपमा प्रेरणा र प्रभाव

[63] kj{jt

[64] kj{jt

[65] kj{jt

[66] kj{jt

[67] kj{jt

परेको पाइन्छ ।[68] त्यसो त उनले वि.सं. २०२२ सालमा कविता लेखनबाट साहित्यिक यात्रा शुरू गरेको कुरा बताउँछन् ।

पौड्यालालाई साहित्य सिर्जनामा उर्जा थप्ने काम बामपन्थी विचारधाराले गरेको र उनले सर्वहारा पक्षको वकालत गरेको पाइन्छ ।[69]

### २.१४.२ प्रकाशित पुस्तकाकार कृतिहरू

रामहरि पौड्यालको व्यक्तित्व नेपाली साहित्यका विविध विधाका साथै विविध क्षेत्रमा क्रियाशील रहेको पाइन्छ । गुणात्मक तथा सङ्ख्यात्मक रूपमा उनी नेपाली समालोचना तथा समीक्षामा सक्रिय देखिन्छन् । कथा लेखनबाट साहित्यमा प्रवेश गरेका पौड्यालले विविध विधामा कलम चलाई सकेका छन् । रूपरेखा, प्रलेस, उत्साह, लहर, ललिता, समता, छलफल लगायतका साहित्यिक पत्रपत्रिकाहरू मार्फत पौड्यालका कथा, कविता, निबन्ध र समालोचना प्रकाशित भएका छन् ।[70] यसका अतिरिक्त विभिन्न विशेषाङ्कहरूमा पनि उनका लेख रचनाहरू प्रकाशित भएका छन् । उनका विभिन्न विधामा प्रकाशित सम्पूर्ण कृतिहरूको सूची कालक्रमिक रूपमा यस प्रकार रहेका छन् ।

[68] kj{jt
[69] kj{jt
[70] kj{jt

**तालिका नं. १**

| क्र. सं. | शीर्षक | विधा | प्रकाशन विवरण | प्रकाशित मिति |
|---|---|---|---|---|
| १. | हिलोमा फूलेको फूल | निवन्ध | वार्षिक पत्रिका ललिता | २०२५ |
| २. | काठमाण्डौ सहरमा | कविता | द्यौराली पत्रिका | २०२९ |
| ३. | सल्ला सुसाइदिन्छ | कथा | | २०४१ पौष |
| ४. | खोइ | कथा | रूपरेखा वर्ष २४, अ. ६ | २०४०/६/२४ |
| ५. | घामका बीउहरू | कथा | समता वर्ष ५, अ. ७ | २०४२ कार्तिक |
| ६. | बीउ माटिएको छैन | कविता | युगधारा वर्ष ४, अ. २२ | २०४२ |
| ७. | नसोचेको दिन | कथा | उत्साह, पू. ३० | २०४३ भदौ |
| ८. | माइली | कथा | लहर वर्ष १०,अ. १५ | २०४५ |
| ९. | सडक | कथा | उत्साह, पू. २१ | २०४५ |
| १०. | समाधान | कथा | लहर वर्ष १२,अ. २२ | २०४७ |
| ११. | भानुदेखि प्रश्रितसम्म | समालोचना | एकता प्रकाशन | २०४९ |

### २.१४.३ नेपालीमा प्रकाशित फुटकर लेख, रचना तथा भूमिकाहरूको सूची

वि.सं. २०२२ सालदेखि लेखन कार्यलाई निरन्तरता दिदै आएका रामहरि पौड्यालको फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा छापिएर रहेका छन् । ती लेख रचनाहरूको सूचि निम्नानुसार छ ।

**तालिका नं. २**

| क्र. सं. | शीर्षक | विधा | प्रकाशन |
|---|---|---|---|
| १. | नेपाली लोक कथामा प्रगतिवादी तत्त्व | समालोचना | प्रलेश, ४–८–२०५४ |
| २. | शुन्यता यसरी गहिरिन्छ | कथा | पारिजात, १–३–२०३६ |
| ३. | हाम्रो परिवेश | कथा | श्रङ्खला, २०४५ |
| ४. | समयका स्वरहरू भित्र बोलेका जनता | समिक्षा | लहर, २२–१२–२०४७ |
| ५. | सल्ला सुसाइदिन्छ | कथा | |
| ६. | मुक्त सुदामा र नेपाली समाज | समालोचना | वेदना, २४–१–२०५३ |
| ७. | श्यामप्रसादका निबन्धमा एक दृष्टि | समालोचना | साङ्ग्रीला, २०४७ |
| ८. | बहुआयामिक प्रतिभा आनन्ददेव | समीक्षा | ज्ञानगुन साहित्य प्रतिष्ठान, २०६४ |
| ९. | साल्गीको बलात्कृत आँशुमा समसामयिक स्वर | समीक्षा | श्रङ्खला पूर्णाङ्क १९, वर्ष ११, अङ्क १ |
| १०. | कला भित्रको जीवनदर्शन | समालोचना | कुलमानसिंह भण्डारी स्मृतिग्रन्थ, २०६४ |
| ११. | लुटाहालाई ठोक्नै पर्छ | कथा | पारस, २०५९ |

## २.१५ निष्कर्ष

रामहरि पौड्याल नेपाली साहित्य आकाशमा एक अलग्गै परिचय बोकेर उदाएका छन् । पिता गोपीनाथ पौड्याल तथा माता नन्दकुमारी पौड्यालका दोस्रो सन्तानका रूपमा काठमाडौंको डिल्लीबजारमा बि.स. २००४ साल भाद्र महिनामा जन्मेका पौड्याल मध्यमवर्गीय परिवेशमा हुर्केका हुन् । पौड्याल जन्मेको केही वर्षमा नेपालबाट एकतन्त्रीय जहाँनीय राणाशासन अन्त्य भएको थियो । त्यो शासन अन्त्य भएपनि त्यसको तुस नेपाली समाजमा बांकी नै थियो । पौड्याल सानैदेखि नेपाली समाजमा भएको शोषण, अन्याय र अत्याचारको विरूद्वमा थिए । उनको मन मस्तिष्कमा आमजनताले खेप्नुपरेको दुःख सास्तीका तस्वीर झल्झली आउने जाने गर्थ्यो । फलस्वरूप उनको लेखनीले ती सम्पूर्ण

पाटाहरूलाई सचित्र आम पाठक सामू कथा, निबन्ध, कविता मार्फत पस्की दिन सफल भएका छन् ।

औपचारिक रूपमा कक्षा ५ बाट विद्यालयस्तरीय शिक्षा ग्रहण गर्न थालेका पौड्याल अंग्रेजी, नेपाली तथा अर्थशास्त्र विषयमा स्नातकोत्तर गर्न पुगेका छन् । त्यसका अतिरिक्त घरैमा क खरा सिक्ने क्रममा संस्कृतका बिभिन्न पुस्तक र पछि बुझ्ने भएपछि मार्क्सवादका जीवन दर्शन समेत पढेर नेपाली समाजमा अलग्गै छाप छाड्न पौड्याल सफल भएका छन् । झण्डै २० वर्ष डिल्लीबजारको विजय मेमोरियल स्कूलमा अध्यापन गरेका पौड्यालले २०४१ सालदेखि २०५५ सालसम्म भक्तपुर क्याम्पसमा प्राध्यापन गरेका थिए । त्यसपछि २०५५ सालदेखि २०६४ सालसम्म त्रि.वि.वि नेपाली केन्द्रीय विभागमा प्राध्यापन गरेका थिए ।

नेपाल कम्यूनिष्ट पार्टीसँग सम्वन्धित रहेर पौड्यालले समय समयमा बिभिन्न पदमा क्रियाशील रही नेपाली राजनीतिलाई पनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याएका छन् । राष्ट्रिय जनसाँस्कृतिक मञ्चको सल्लाहकार, प्रगतिशील लेखक सङ्घको कार्यवाहक अध्यक्ष आदि पदमा रही उनले नेपाली वाम बिचारलाई अघि बढाउन भरमग्दुर प्रयत्न गरी रहे । उनी प्राध्यापनसँगै नेपाली आम पाठकहरूलाई वाम विचार पनि बाँड्न भ्याउँथे । त्यसैगरी उनी युद्वप्रसाद मिश्र गुठीको उपाध्यक्ष, पारिजात स्मृति केन्द्रको कार्यकारी सदस्यका रूपमा रही नेपाली साहित्यलाई पदीय भूमिका मार्फत उचो बनाउन कोशीस गर्दै रहे । लिखित रूपमा २०२२ सालदेखि नेपाली साहित्यमा हामफालेका पौड्यालले कथा, कविता, निबन्ध, समालोचना आदि विधामार्फत हालसम्म नेपाली साहित्यलाई मलजल गर्दै आएका छन् ।

# तेस्रो परिच्छेद
# रामहरि पौड्यालको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

मानिसको व्यक्तित्व उसको जीवनमा आइपर्ने विभिन्न आरोह–अवरोह, पीर–वेदना, हर्ष–खुसी तथा क्रिया–प्रतिक्रियाबाट निर्धारित भएको हुन्छ । साथै व्यक्तित्व निर्माणमा पारिवारिक, सामाजिक, साँस्कृतिक, शैक्षिक, राजनीतिक, आर्थिक तथा वातावरणीय प्रभावले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी निर्माण भएको व्यक्तित्व निज व्यक्तिको समस्त आर्जित विन्यास एवम् प्रबृत्तिहरूको समूह हो ।[71] यसका अतिरिक्त शिक्षादीक्षा, रूचि, पेशा, साथी सङ्गत र जीवनजगत प्रतिको दृष्ट्रिकोणले पनि व्यक्तित्व वाह्‍य र आन्तरिक गरी २ किसिमका हुन्छन् । वाह्‍य व्यक्तित्व उसको रूप, रङ्ग, बनावट अर्थात शारीरिक हाउभाउसँग सम्वद्ध हुन्छ भने आन्तरिक व्यक्तित्व चाहि व्यक्तिमा अन्तरनिहित गुण, दोष, स्वभाव एवम् उसले जीवनमा गरेका समग्र महत्त्वपूर्ण कार्यसँग सम्वद्ध हुन्छ ।[72]

रामहरि पौड्यालको व्यक्तित्व उल्लेखित प्रक्रिया अनुसार नै निर्माण भएको देखिन्छ । उनको व्यक्तित्व निर्माणमा विशेषत पारिवारिक, सामाजिक, आर्थिक, राजनीतिक तथा शैक्षिक आदि पक्षले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

रामहरि पौड्यालले नेपाली साहित्यको समुन्नतीका लागि अथक प्रयास गरेका छन् । नेपाल राष्ट्र र राष्ट्रियताका लागि विभिन्न क्षेत्रमा विशिष्ट कार्य गरेका पौड्यालले आफ्नो गाँउघर डिल्लीबजारदेखि भारत, पाकिस्तान, स्वीजरलैण्ड र बेलायतको भ्रमणका क्रममा आफूले अनुभव गरेका विषय, त्यहाँको साहित्यिक वातावरण एवम् आफ्नो जीवनयात्राका सन्दर्भमा विभिन्न स्थानमा सामाजिक, राजनीतिक, आर्थिक, साँस्कृतिक, भौगोलिक, साहित्यिक आदिको प्रभाव र प्रेरणा ग्रहण गरेका छन् । यिनै प्रभाव र प्रेरणाबाट निर्मित पौड्यालको व्यक्तित्व विविध पक्षहरूमाथि यस प्रकार  चर्चा गरिएको छ ।

---

71 s]zjk\ ;fb pkfWofo, df]lt/fd e§sf] Jof]QmTj / of]ubfg -df]lt :d[lt u|Gy, -sf&df*f}+ lzIff kl/ifb\ -2039_ k[=1.

72 /fdaxfb'/ af]u^L, aNnedl)f bfxfnsf] hLjgL, Jo]QmTj / s[ltTj -ck|sflzt :gftsf]Q/ zf]wkq lq=lj=lj= sLlt{k'/_ k[ 46.

## ३.२ शारीरिक व्यक्तित्व

रामहरि पौड्याल भण्डै पाँच फिट सात इनच उचाई भएका शान्त प्रकृतिका व्यक्तित्व भएका छन् । गहुँगोरो वर्ण हिसी परेको मुखाकृति न मोटो र न दुब्लो ठिक्कको शरीर भएका व्यक्ति रामहरि हँसमुख स्वभावका छन् । ठिक्कको कपाल, ढ्प्प परेको नाक, ठूलो निधार, मझौला कद, गम्भीर स्वभावका पौड्यालको मधुरबोली, जुँघा पालेका, सालाखाला खाइलाग्दो चिटिक्क परेका निकै आकर्षक र प्रभावकारी व्यक्तित्वबाट रामहरि पौड्यालको शारीरिक वनावट निर्माण भएको पाइन्छ । कुनैपनि व्यक्तिलाई सहजै आकर्षण गर्न सक्ने गुण उनको शारीरिक वनावटमा पाइन्छ ।[73] बर्तमान समयमा पौड्यालको कपालका रौंहरू सेतो रंगका देखिन्छन् । दैनिक जीवनयापनका क्रममा खानपानदेखि शारीरिक व्यायामसम्म विशेष ध्यान दिने पौड्यालमा सामान्य प्रकृतिका विपरीत समयमा आउने ज्वरो, रूघा खोकी आदि रोगहरू केही दिन लागेपनि दीर्घ तथा गम्भीर रोगहरूले घर गर्न सकेका छैनन् ।[74] सरल, विनम्र, मृदुभाषी र मिलनसार स्वाभावका पौड्याल त्यत्तिकै गम्भीर र मनोबलयुक्त देखिन्छन् । उनी कुनै पनि काम गर्दा अत्यन्त सावधानी तथा धैर्यताका साथ आफ्नो कामप्रति लगनशील हुन्छन् । आफ्नो बल बुद्धिको हैसियत भन्दा माथिको काम नगर्ने तथा हात हालेको काम फत्ते गरेरै छाड्ने बानी उनमा रहेको देखिन्छ ।[75]

## ३.३ व्यक्तित्वका बिभिन्न पाटाहरू


सामाजिक, आर्थिक, राजनीतिक, साहित्यिक तथा साँस्कृतिक आदि विविध क्षेत्रमा गरेको योगदान र निर्वाह गरेका भूमिकाका कारण उनको व्यक्तित्व बहुआयामिक हुन पुगेको छ । उनको व्यक्तित्व उनी जुन जुन क्षेत्रमा संलग्न रहे र रहेको छ ती क्षेत्रमा गरेको भूमिका र योगदानका आधारमा अति गौरवमय र अविस्मरणीय रहेको देखिन्छ । रामहरि पौड्यालको व्यक्तित्वलाई निम्नलिखित विभिन्न पाटाहरूमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

[73] /fdxl/ kf}*\ofnaf^k| FK.t hfgsf/L cg';f/
[74] kj{jt
[75] kj{jt

रामहरि पौड्यालले शिक्षा आर्जन गर्दागर्दै वि.सं. २०२२ सालदेखि साहित्यिक लेखन यात्रा प्रारम्भ गरेका हुन् । यिनको साहित्यिक व्यक्तित्व कुनै विशेष एक विधामा मात्र केन्द्रीत नरही साहित्यका विभिन्न विधामा देखा परेका छन् । यिनमा भएको बहूआयामिक साहित्यिक छविलाई निम्न प्रकारले प्रष्ट्याउन सकिन्छ ।

**तालिका नं. ३**




## स्रष्टा व्यक्तित्त्व

रामहरि पौड्यालको सार्वजनिक लेखन यात्रा सर्वप्रथम कविता विधाबाट शुरू भएको हो । त्यसपछि यिनले विभिन्न कथा, कविता, निबन्ध लेखेका छन् । उनमा रहेको स्रष्टा व्यक्तित्वलाई निम्न चार प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ ।

### क) कथाकार व्यक्तित्त्व

रामहरि पौड्यालको लेखन यात्रा वि.सं. २०२५ सालबाट  निवन्ध विधाबाट शुरू भई कविता विधा हुँदै कथामा आइपुगेको हो । २०३६ सालमा आएको “शुन्यता यसरी गहिरिन्छ” कथाले कथाकारका रूपमा पौड्याललाई चिनाउने काम गऱ्यो । उक्त कथामा जय र नवीन दुई बीचको प्रेमलापबाट शुरू गरी नवीन अन्त्यमा एक्लै भएर साथी शान्तिका सामु बोल्न नसकी घोप्टो परेर रोएको तथ्य देखाइएको छ । वि.सं. २०३६ सालको जनमत सङ्ग्रहमा जब जयको नारा लिई मानिसको लस्कर अघि बढ्यो त्यसबेला

नवीन नयाँ सोच लिएर जनता उर्लिए र शान्ति देशमा छाएको तथ्यलाई यस कथामा ब्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । एक्लै बाँच्नुको तीतो अनुभव, एक्लै भएपछि शुन्यता भित्र उकुसमुकुस भई हराउने, एउटा मात्र भएपनि साथी चाहिने तर हुल चाँही नचाहिने जस्ता कुराहरूको सेरोफेरोमा प्रस्तुत कथा अघि बढेको पाइन्छ । विवाह भनेको दुई आत्माको मिलन र शारीरिक आवश्यक्ता, दासत्वको आरम्भ र जीवनमाथि खेलवाड भन्ने जयको भनाई रहेको छ । त्यसमा नवीन भने शारीरिक आवश्यक्ता त पशुले पनि पुरा गर्छ तर एकअर्कामा मानिसत्व बोध गर्न सक्नुलाई गलत अर्थमा लगिन्छ भने त्यो दासत्वको आरम्भ हो । दुई आत्माको मिलन ढोंग र प्रेम व्यक्तित्व अन्त्यको साधन हो जस्ता बिचार अघि सार्छे । दुई आत्मावीच प्रेम भएपनि टाढिन खोज्छन् तर पनि उनीहरू एक अर्काबाट छुट्टिन सक्दैनन् । किनभने कुनैपनि क्रान्तिपछि जय र विजयको नारा जुलुस हुन्छ र शान्ति अनि नविनता छाउँछ । शुन्यतामा मानिस हराउँछ । किनकि शुन्यताको खाडल गहिरो हुन्छ जो अटुट रूपमा गहिरिदैं जान्छ । माया, प्रेम, सद्भाव, मानवता, नविनता र शान्तिको चाहाना नै यो कथाको मूल सार रहेको पाइन्छ ।

त्यसपछि १० वटा कथाहरूको सङ्ग्रह “सल्ला सुसाइदिन्छ” २०४१ सालमा प्रकाशन भएको थियो । अन्य फूटकर कथाहरूमा खोई २०४०, समाधान २०४७, घामका बीउहरू २०४२, नसोचेको दिन २०४३, लुटाहालाई ठोक्नैपर्छ २०५१, सडक र माइली २०४५ आदि हुन् । त्यसै गरी हाम्रो परिवेश अन्य गरी विभिन्न कथाहरू लेखेर पौड्यालले आफूलाई बहूआयामिक व्यक्तित्वका रूपमा परिचित गरएका छन् । पौड्यालका कथाहरूमा समाजका समसामयिक जल्दाबल्दा समस्याहरूलाई उजागर गरिएको पाइन्छ ।

पौड्यालद्वारा रचिएका कथाहरूको विवरण निम्नानुसार छः

**तालिका नं. ४**

| क्र.सं. | शीर्षक | विधा | प्रकाशन स्रोत | प्रकाशित मिति |
|---|---|---|---|---|
| १. | शुन्यता यसरी गहिरिन्छ | कथा | पारिजात अङ्क ३ | २०३६ |
| २. | घामका बीउहरू | कथा | समता, बर्ष ५, अङ्क ७ | २०४२ |
| ३. | माइली | कथा | लहर, बर्ष १०, अङ्क १५ | २०४५ |
| ४. | नसोचेको दिन | कथा | उत्साह, पूर्णाङ्क ३ | २०४३ |
| ५. | समाधान | कथा | लहर वर्ष १२, अङ्क २२ | २०४७ |
| ६. | हाम्रो परिवेश | कथा | श्रङ्खला, वर्ष १० अङ्क १ | २०४५ |
| ७. | सडक | कथा | उत्साह, २१ | २०४५ |
| ८. | खोइ | कथा | रूपरेखा, बर्ष २४, अङ्क ६, पूर्णाङ्क २७० | २०४०/६/२४ |
| ९. | लुटाहालाई ठोक्नै पर्छ | कथा | पारस, पारस मा.वि. पारसनगर गीतानगर ९, चितवन | २०५९ |

रामहरि पौड्यालका कथाहरूलाई सर्सति हेर्दा प्राय सबै कथाले विद्रोहको आवाज उठाएका छन् । प्रगतिवादी स्वर सुसेलेका छन् । राणाशासन देखि लिएर पञ्चायती व्यवस्था अनी वि.सं. २०५२ सालदेखि २०५८ वीचमा पार्टी (नेकपा माले/एमाले) भित्र देखिएको मतभेद तथा टुक्रँदा सम्मको स्थितिहरूको चित्रण उनका कथामा पाउन सकिन्छ । वि.सं. २०४६ सालको प्रजातन्त्रको उदयमा जनताहरूमा देखिएको उत्साहदेखि राणाशासनमा सहनुपरेको दमनपूर्ण स्थितिको चर्को विरोध र विद्रोह उनका कथामा पाइन्छन् । पञ्चायती शासन ढलीसकेपछि जब मानिसले आफ्नो कर्तव्य बिर्सेर अन्य व्यक्तिका घरजग्गा, मालसामान लुटन थाले त्यसबेला पुलिस मौन रहन्छ खवर गर्दा पनि विभिन्न बहाना बनाएर आउँदैनन् भन्ने मार्मिक घटना "लुटाहालाई ठोक्नै पर्छ" भन्ने कथामा आएको छ । अशिक्षित जनताले राणा शासनमा अन्धकारमा दास भएर बस्नुपरेको कारूणिक चित्रण "घामका बीउहरू" मा देखाइएको छ । यसमा प्रजातन्त्र प्राप्त

(२००७) पछि ती निमुखा जनताले शिक्षाको उज्यालो ज्योति पाउने आशा पलाएको चित्रण गरिएको छ । पौड्यालको सवै कथाहरूमा देश रित्तो भएको, देशका जनताले द:ख पाएको, शासकहरू जहिले पनि हैकमबादी भएको र निमुखा जनता त्यसमा पिल्सिएका घटनाहरू समेटी कथा तयार पारेको पाइन्छ ।

## ख) कवि व्यक्तित्व

रामहरि पौड्यालले वि.सं. २०२२ सालदेखि कविता लेख्न थालेको पाइन्छ । कविता विधामा समेत हात हालेका पौड्यालको २०२९ सालमा द्यौराली पत्रिका मार्फत पहिलो पटक कविता सार्वजनिक भएपछि उनको कविता यात्रा शुरू भएको मानिन्छ । "बीउ माटिएको छैन" युगधारा पत्रिका मार्फत प्रकाशित ४/२२/२०४२ र "काठमाण्डौं शहरमा" जस्ता दुई कविताको सिर्जना उनले गरेका छन् । "बीउ माटिएको छैन" कवितामा समसामयिक घटनाहरू उठाइएको छ । यस कवितामार्फत कवि पौड्यालले राणाहरूको अन्यायी, अत्याचारी, शोषक, सामन्ती संस्कारबाट मुक्त हुन आह्वान गरेका छन् । राणा शासनबाट देश र जनतालाई शिक्षाबाट, अधिकारबाट, स्वतन्त्रता र स्वाधिनताबाट विमुख पारी आफू सँधै उज्यालो तर्फ लागेका र निमुखा जनतालाई अन्याय भएको कुरा यस कवितामा व्यक्त गरिएको छ । यस कविताले निमुखा, सर्वहारा जनतालाई संधै अन्याय, अत्याचार शोषण गरी अन्धकारमा धकेलेको र त्यसैका बिरूद्धमा सूर्यरूपी उज्यालो ज्ञान (शिक्षा) ले जनता सचेत भई आफ्नो अधिकार खोस्न हातमा औंजार लिई अघि बढन सवैलाई आग्रह गर्दै चेतनाको बिगुल फूकेको अनी भाररूपी अन्यायी, अत्याचारी जहाँनीय राणा शासनको अन्त्य गर्ने बेला आइसकेको छ भन्ने प्रगतिवादी चिन्तन मुखरित गरेको छ ।

जहाँ विषादीयुक्त भाररूपी राणाशासन छ सो शासन रहुन्जेल कसैको पनि उन्नति र प्रगति हुँदैन र कसैले पनि सुख र शान्तिको सास फेर्न पाउँदैनन् भन्ने भाव यस कविताले बोकेको छ । "काठमाण्डौं शहरमा" यस कवितामा पनि उही राणाकालीन अत्याचारी सामन्तीहरूलाई सर्पको रूपमा र भ्यागुता निमुखा जनताका रूपमा आएका छन् । सर्पले खाएका छोइला, कचिला, सुरूवा, दोसाँ, अचार, ममचा, रक्ति जस्ता सम्पूर्ण कुराहरू कुनै जनवार पंक्षी विशेष नभएर मानिसको नै हुन्छ । त्यो सर्परूपी शोषक तानाशाही सरकारले खाएका ती सम्पूर्ण पकवानहरू कुनै खानयोग्य जनावर र पंक्षी नभई निमुखा

सोझा जनताको हुन्छ । ती चिज खाएर टन्न अघाएर डकार्छ र गन्हाउने बिहानीका साथमा उ सुस्ताउँदै रित्तो आँगनमा पछारिन्छ किनभने अब ती जनता आफ्नो सम्पूर्ण शरीर पकवान बनाएर खाँदा चुप लागेर बस्दैनन् । निमुखा, सोझा जनतामा क्रान्तिले चेतनाको दियालो जलाई दिएको छ भन्ने भावना यस कवितामार्फत पौड्यालले प्रस्तुत गरेका छन् ।

वि.सं. २०३६ सालको आन्दोलनको सेरोफेरोमा आएर जब प्रगतिवादी कविता जुर्मुराउन थाले र जनतालाई मलमपट्टी लगाउन थाले तिनै प्रगतिवादी विचारधारालाई आत्मसात गरी रामहरि पौड्यालले पनि उक्त दुई कविता रचना गरी जनतालाई सुसूचित पार्ने जमर्को गरेका हुन् । त्यसो त वि.सं. २००७ साल अनि २०१५ सालको आन्दोलनको प्रभाव अनि त्यस अघिको सामाजिक परिवेश उक्त दुई कवितामा न झल्कने कहाँ हो र । उनका कवितामा समाजमा विद्यमान शोषण, दमन, अन्याय, अत्याचार आदिका विरूद्ध विद्रोही भावनाको पुट पाइन्छ । सर्वहारा वर्गका पक्षमा वकालत गर्दै आएका उनका कविताले नेपाली जनताले खेप्नुपरेको १०४ वर्षको पीडा, वेदना, छटपटि र व्यथा, त्यसै गरी ३० वर्षे पञ्चायती कालरात्रीमा भोग्नुपरेको कारूणिक दुख, वेदना र बिहान बेलुकाको गाँसका लागि गर्नुपरेको दर्दनाक सङ्घर्षको फेहरिस्त प्रस्तुत गरेको छ ।

## ग) निवन्धकार व्यक्तित्व

रामहरि पौड्याल बहूआयामिक व्यक्तित्वका धनी हुन् । उनले कविता, कथा, समालोचना देखि लिएर निबन्धका विविध पाटामा कलम चलाएका छन् । उनका निवन्धहरूमा "हिलोमा फूलेको फूल" पाइएको छ । "हिलोमा फूलेको फूल" निवन्धमा उनले आखिर मानिस मानिस नै हो चाहे त्यो सुनको महलमा जन्मेर सुनकै वरपर हुर्कियोस वा धुलोको कणमा जन्मेर त्यहीं हुर्कियोस् । फरक यत्ति हो, महलमा बस्ने मानिस भन्दा छाप्रोमा बस्ने मानिसको मनमा मानवताको भावना बढी जागृत हुन्छ । सुनको महलमा बस्ने मानिसको मनमा केवल डर र त्रास हुन्छ साथै उसमा मानवताको भावना पनि शुन्य हुन्छ । एउटा साधारण घाँस दाउरा गर्ने मानिसका कुराबाट प्रभावित भएर भानुभक्त आचार्य आज आदिकवि भए कारण त्यस अशिक्षित घाँसीमा भानुभक्तले मानवताको बास पाए त्यसैलाई अनुसरण गर्दा उनको जीवन सफल बन्न पुग्यो । मानिस मानव बन्न सुनको गलैचामा जन्म लिनु पर्दैन, हिलो मै जन्मेपनि उसले आफ्नो बुद्धि र विवेकले संसार उज्यालो पार्छ

। फूल्न लागेका हिलोका फूललाई पनि ननिमोठ त्यसबाट मानवता ह्रास हुन्छ । आफू हाँस र अरूलाई हसाँउ भन्ने शिक्षा प्रस्तुत निवन्धले दिन खोजेको छ ।

## द्रष्टा व्यक्तित्व

रामहरि पौड्यालको व्यक्तित्वको अर्को पाटो द्रष्टा व्यक्तित्व हो । द्रष्टा व्यक्तित्वका रूपमा सशक्त योगदान दिएका पौड्यालले विभिन्न समालोचनात्मक कृतिहरू प्रकाशन गर्नुका साथै केही कृतिहरूमा दस्तावेज र भूमिका समेत लेखेका छन् । उनका द्रष्टा व्यक्तित्वको चर्चा निम्नानुसार गरिन्छ ।

### क) समालोचक व्यक्तित्व

रामहरि पौड्यालले समालोचना विधामा पर्याप्त कलम चलाएका छन् । विभिन्न विषयवस्तुलाई लिएर वस्तुपरक र प्रभाववादी पद्धति अनुसार समालोचना गर्ने पौड्यालका केही समालोचनात्मक लेखहरू बिभिन्न पत्रपत्रिकामा छरिएर रहेका अवस्थामा देखिन्छन् । उनका प्रकाशित समालोचनात्मक कृति “भानुदेखि प्रश्रितसम्म” ३४ वटा समालोचनाको सङ्ग्रह हो । यस वाहेक उनका अरू समालोचनाहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. ५

| क्र.सं. | शीर्षक | प्रकाशन स्रोत | प्रकाशित मिति |
|---|---|---|---|
| १. | श्यामप्रसादका निवन्धमा एक दृष्टि | साङ्ग्रिला, पूर्णाङ्क –२५ | २०४७ |
| २. | मुक्त सुदामा र नेपाली समाज | बेदना, वर्ष २४, अङ्क १ | २०५३–४७ |
| ३. | कलाभित्रको जीवन दर्शन | कुमानसिंह भण्डारी स्मृतिग्रन्थ | २०६४ |
| ४. | नेपाली लोककथामा प्रगतिवादी तत्व | प्रलेश, | ४/८/२०५४ दस्तावेज |
| ५. | साल्गीको बलात्कृत आशुमा समसामयिक स्वर | श्रृङ्खला, पूर्णाङ्क १९, वर्ष ११, अंक १ | २०४५ |
| ६. | समयका स्वरहरूभित्र बोलका जनता | लहर वर्ष १२, अङ्क २२ | २०४७ |
| ७. | बहुआयामिक प्रतिभा आनन्ददेव | ज्ञानगुण साहित्य प्रतिष्ठान काठमाडौं | २०६४, असोज २५ |
| ८. | आधुनिक नेपाली कथा र प्रगतिवाद | वेदना, बर्ष २५, अङ्क १, पूर्णाङ्क ६०/६१ | माघ ०५४ र असार २०५५ |

उनले यी समालोचनाहरूमा पाश्चात्य साहित्य तथा नेपाली साहित्यका बिभिन्न विधाहरूको स्वरूप, विधाहरूमा देखिएको आधुनिकता, नेपाली साहित्यमा भित्रिएको प्रगतिवादका साथै नेपाली साहित्यमा भएका साहित्यिक आन्दोलनहरू र नेपाली साहित्यमा उत्तरआधुनिक सोचले पारेको प्रभाव ती सिद्धान्तहरूसँग सम्बन्धित साहित्यकारहरूको विवेचना आदि विषयलाई लिएका छन् । उनको समालोचनात्मक भाषा बस्तुवादी हुँदाहुँदै पनि कतिपय समालोचनामा निजात्मकताको गन्ध पाइएकाले भाषामा निबन्धात्मकता घुसेको अनुभव पनि समालोचना पढ्दै गर्दा पाठकलाई अनुभूत हुन्छ । उनको समालोचनाको भाषा वस्तुवादी, सरल र स्पष्ट पनि देखिन्छ ।

### ख) भूमिका लेखक व्यक्तित्व

रामहरि पौड्यालले हालै घनश्याम ढकालको पछिल्ला दुई कथा सङ्ग्रहका बारेमा आलोचनात्मक भूमिका लेखेका छन् । उक्त भूमिका लेखिएका दुवै पुस्तक प्रकाशोन्मुख अवस्थामा रहेको जानकारी पाइएको छ । उनको भूमिका लेखक व्यक्तित्व भने चर्चामा आई नसकेको जानकारी पाइन्छ ।

## ३.३.२ साहित्येत्तर व्यक्तित्व

जीवनमा अनेक क्षेत्रसँग सम्वद्ध र क्रियाशील रहेका रामहरि पौड्यालको लेखन क्षेत्र बाहेक अन्य विविध व्यक्तित्व, उनको रूचि, पेशा, व्यवसाय, विभिन्न क्षेत्रहरूमा जनाएको सहभागिता उनको प्रतिभाका कारणले निर्माण भएको देखिन्छ । बिभिन्न कार्यक्षेत्रहरूमा संलग्न र सक्रिय कार्यदक्षताले उनको व्यक्तित्व कार्यप्रतिको लगनशीलता, कर्तव्यको कुशल निर्वाह, उच्च विद्धता आदिले निर्माण भएको देखिन्छ । रामहरि पौड्यालको राष्ट्रिय व्यक्तित्वलाई निम्न प्रकारमा बिभाजन गरी अध्ययन गरिएको छ ।

### क) शिक्षक/प्राध्यापक व्यक्तित्व

रामहरि पौड्यालको मूख्य कार्यक्षेत्र शिक्षण तथा प्राध्यापन भएकाले यिनको सम्पूर्ण जीवन शिक्षण तथा प्राध्यापन कार्यमा खर्च भएको देखिन्छ । यसै पेशामा संलग्न भएर उनी अन्य क्षेत्रमा पनि आफ्नो अलग्गै छवि भएको व्यक्तित्व निर्माण गर्न सफल भएका छन् । उनले शैक्षणिक कार्यमा वि.सं. २०२३ सालदेखि २०६४ सालसम्मको अवधि

बिताएका थिए । पौड्यालले वि.सं. २०४१ देखि २०६४ सालसम्म क्रमशः भक्तपुर वहुमुखी क्याम्पस र त्रिभुवन विश्व विद्यालय कीर्तिपुरमा नेपाली भाषाको विषयमा प्राध्यापन पेशामा संलग्न थिए ।[76] त्यसताका पौड्यालले विद्यार्थीहरूलाई पाठ्यक्रम अनुरूपको पाठ्यपुस्तकबाट ज्ञान दिन्थे भने अनौपचारिक रूपमा पार्टीको वा मार्क्सवादको अवधारणा पनि युवाशक्तिमा जागृत गराँउथे ।[77]

## ख) सामाजिक व्यक्तित्व

सामाजिक व्यक्तित्वका धनी रामहरि पौड्याल समाजमा भएका सवै मानिसलाई समान दृष्टिले हेरिनुपर्दछ, कसैलाई वर कसैलाई पर पार्नु हुदैन भन्ने बिचारका व्यक्ति हुन् । कसैले कसैलाई पीर पार्ने कुरा गर्नु नहुने उनको आग्रह छ । समाजका अशिक्षित र पछाडि पारिएका वर्गलाई अघि वढाउने हिसाबले उनी अनौपचारिक शिक्षण कार्यमा समेत अग्रसर भएको पाइन्छ ।

## ग) प्रगतिवादी व्यक्तित्व

रामहरि पौड्याल राणाशासकको क्रुर व्यवहार, उनीहरूबाट आम नेपाली जनतामा गरिएको अन्याय, अत्याचार, दमन एवम् शोषणपूर्ण व्यवहारबाट रूष्ट भएका थिए । राणाशासनकै क्रियाकलाप र उनीहरूको व्यवहारबाट उनी मार्क्सवादी विचारधाराबाट प्रभावित भई प्रगतिवादी योद्धाका रूपमा स्थापित भएको पाइन्छ । १०४ वर्षे एकतन्त्रीय राणा शासनको पतनपछि भूमिगत रूपबाट प्रत्यक्ष भएको नेकपा एमाले २००७ सालबाट सार्वजनिक भयो तर पुनः नेपालमा एकतन्त्रीय पञ्चायती व्यवस्था लागु भएपछि पार्टी भूमिगत अवस्थामै फर्कियो । अन्ततोगत्वा वि.सं. २०४६ सालको जनआन्दोलनले कम्युनिष्ट पार्टी मार्क्सवाद र नेपाली काँग्रेस लगायतका पार्टीहरूको उदय भयो । बाल्यकालदेखि नै कम्युनिष्ट पार्टीको समर्थन गर्दै आएका पौड्याल आजपर्यन्त कम्युनिष्ट पार्टी मार्क्सवाद समर्थक रहेका छन् । वि.सं. २००८ सालको कृष्णाचन्द्रसिंह प्रधानको “भञ्जाङनेरै” कविता सङ्ग्रहको भूमिकाबाट प्रगतिवादी समालोचनाको वास्तविक शुरूवात भएको मानिन्छ ।

---

[76] /fdxl/ kf}*\ofnaf^ k\fKt hfgsf/L cg';f/
[77] kj{jt

**प्रगतिवादी समालोचनाको चरणः**

- **प्रथमचरण** – बि.सं. २००७ –२०१७
- **दोस्रोचरण** – बि.सं. २०१७–२०३६
- **तेस्रो चरण**– बि.सं. २०३६–२०४६
- **चौथो चरण** – बि.सं. २०४६ – हालसम्म

सन् १९५२ सेप्टेम्बर महिनामा श्यामप्रसाद शर्माको अध्यक्षतामा “प्रगतिशील लेखक सङ्घ” को स्थापना भएको जानकारी पाइन्छ । वि.सं. २०१० सालमा नारायण बाँस्कोटाको सम्पादनमा “प्रगति” पत्रिका, “जनसाहित्य” द्वैमासिक पत्रिका, “नौलोपाइला” त्रैमासिक पत्रिका –२०१३/१५ मा काठमाण्डौबाट “स्वास्नीमान्छे” पत्रिका प्रकाशित भई प्रगतिवादी नेपाली साहित्यलाई पहिलो चरणमा फस्टाउने मौका मिलेको थियो ।[78] दोस्रो चरणको वि.सं. २०१७ सालको रूपरेखा मासिक, सिंहनाद द्वैमासिक–२०१९, रत्नश्री द्वैमासिक –२०२०, भानु त्रैमासिक, रचना द्वैमासिक –२०२१ र मधुपर्क मासिक –२०२८ जस्ता बिभिन्न पत्रिकाद्वारा प्रगतिवादी समालोचनाको दोस्रो चरणको विकास भएको पाइन्छ । तेस्रो चरणमा मार्क्सवादी चिन्तनमा प्रतिवद्धता देखाउने समालोचकहरूमा आनन्ददेव भट्ट, मोदनाथ प्रश्रित, खगेन्द्र सङ्ग्रौला, घनश्यामा ढकाल लगायत रामहरि पौड्यालको नाम हाराहारीमा रहेको पाइन्छ ।[79] त्यसैगरी चौथो चरणमा वि.सं. २०४६ को दोस्रो जनआन्दोलनले नेपाली जनतालाई वाक् तथा लेखनको स्वतन्त्रताको हक जनतामै फर्कायो फलस्वरूप प्रगतिवादी साहित्यको विकास द्रुतगतिमा हुन थाल्यो । यस अवस्थामा समालोचकहरूले नेपाली साहित्यलाई मार्क्सवादी सौन्दर्यदर्शन मार्फत सुसज्जित पार्न थाले । यसमा पनि मार्क्सवाद २ भागमा स्पष्ट बाँडियो । एक बहूदलीय जनवादको प्रगतिवादी मान्यता र माओवाद प्रचण्डपथलाई मुख्य आधारमानी सशस्त्र जनयुद्धको मान्यतामा आधारित  भएको पाइन्छ । यस चरणमा कलम चलाउने र अघिल्लै चरणबाट सक्रिय रहेका व्यक्तिहरूमा आनन्द देव भट्ट, मोदनाथ प्रश्रित, राजेन्द्र सुवेदी, मोहन वैद्य (चैतन्य),

---

[78] /ljnfn clwsf/L, k| ultjfbL g]kfnL ;dfnf]rgf, -sf&df*f}+M n]jfnL k| sfzg 2056_ k[= 88

[79] /fh]Gb| ;'j]bL, g]kfnL ;dfnf]rgf k/Dk/f / k|j[lQ -sf&df*f}+M e"ldsf k| sfzg, 2061_ k[= 239,

रामहरि पौड्याल, सुधा त्रिपाठी, रमेश भट्टराई, नेत्र एटम, कृष्णप्रसाद घिमिरे रहेका छन् ।

यसरी बिभिन्न चरण हुँदै चौथो चरणसम्म आउँदा नेपाली साहित्यले प्रगतिवादी साहित्यमा पूर्ण रूपमा सफलतापूर्वक पौडन सफल भएको पाइन्छ । यिनै सम्पूर्ण कुराहरूको सेरोफेरोमा रामहरि पौड्यालको प्रगतिवादी व्यक्तित्व फस्टाउन सफल भएको देखिन्छ । पौड्यालको यस रूपको व्यक्तित्व फलाउने, फूलाउने र मौलाउन सफल बनाउने काम उनको "नेपाली लोक कथामा प्रगतिवादी तत्त्व" (२०५४), साल्गीको बलात्कृत आँशुमा समसामयिक स्वर (२०४५), आधुनिक नेपाली कथा र प्रगतिवाद २०५४/४५ ले गरेका छन् ।

### ३.३.३ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तरसम्वन्ध

रामहरि पौड्यालले आफ्नो जीवनको यात्रामा अनेक क्षेत्रसँग सम्लग्न रही आफ्नो यात्रा अघि बढाइरहेका छन् । तिनै महत्वपूर्ण कार्यहरूले पौड्यालको व्यक्तित्वलाई एक सामान्य व्यक्ति भन्दा पृथक रूपमा स्थापित गराइदिएको छ । उनले गरेका हरेक क्रियाकलापबाट निर्मित उनको व्यक्तित्व र उनीद्धारा लिखित कृतिहरूका बीच परस्पर निकटता र सम्बन्ध देखिन्छ ।

रामहरि पौड्यालको पारिवारिक पृष्ठभूमि मध्यमस्तरीय भएको हुनाले उनको वाल्यकाल सुखसाथ बितेको पाइन्छ । शिक्षाध्यायनका निम्ति उनले बौद्धिक सङ्घर्ष बाहेक आर्थिक सङ्घर्ष गर्नु परेन । राणाशासनको अति क्रुर र दमनपूर्ण शोषण अत्याचारबाट प्रभावित भएका पौड्याल किशोरावस्थाका जीवनका घटनाक्रमहरू र देशको समसामयिक परिस्थितिको प्रभाव यिनको साहित्यिक लेखनमा पर्न गयो । साथै उनले गरेका स्वदेश तथा विदेश भ्रमणका समयमा अनुभव गरेका तथा प्रत्यक्ष परोक्ष भोगेका घटनाहरूको प्रभाव यिनको साहित्यिक लेखनमा पर्न गयो । यिनले रचना गरेका सम्पूर्ण कथा, कविता तथा निबन्धहरूमा तत्कालीन नेपाली जनताले भोग्नुपरेका दुःख, पीडा, वेदना तथा विवशता आदिलाई मुख्य रूपमा विषयवस्तु बनाई प्रस्तुत गरेका छन् ।

कृति लेखन, समालोचना तथा भूमिका दस्तावेजमा रामहरि पौड्यालले प्राप्त गरेको शिक्षाले ठूलो प्रभाव परेको देखिन्छ । नेपाली, अर्थशास्त्र मूल विषय लिई स्नात्तकोत्तर तह

उतीर्ण गरेका पौड्यालले साहित्यिक रचनाहरूमा नेपाली आमजनताले भोगेका दमनपूर्ण राणाकालीन समयको चित्रणले ठाँउ पाएको छ । ती अन्याय, अत्याचार, थिचोमिचो र विभेदपूर्ण कानूनको वर्खिलापमा उनका रचनाहरू सलल बगेका छन् र आमजनतालाई विभिन्न माध्यमबाट सुसूचित गरेका छन् । पौड्यालले विभिन्न लेखकका प्रगतिवादी कृति, लेनिन, कार्ल मार्क्सका जीवनी र उनीहरूले लेखेका मार्क्सवादका चिन्तनहरू अध्ययन गरी त्यसबाट पनि आफ्नो साहित्यमा सेवा पुऱ्याउन प्रयत्नरत छन् । भनौं मार्क्सको जीवनदर्शनबाट उनका साहित्यहरू अघिबढ्न खोजेका छन् ।

मूलकार्य क्षेत्रका रूपमा शिक्षण प्राध्यापन पेशा अँगालेका रामहरि पौड्यालको प्राध्यापनको मुख्य विषय नेपाली हो । प्रारम्भमा सहज सिर्जना क्षेत्रबाट विस्तारै गहन क्षेत्रतिर उनको लेखन कार्य मोडिदै गएको पाइन्छ । प्रारम्भमा केही कविता, निबन्ध र कथा लेखेका पौड्यालले साहित्यको गहन अध्ययन गरी समालोचना विधामा हात चलाएको देखिन्छ । पाश्चात्य साहित्यको अध्ययन गर्नाले उनको नेपाली समालोचना क्षेत्रमा पनि प्रभाव परेको देखिन्छ । वि.सं. २०२३ सालदेखि २०६४ सालसम्म शिक्षण पेशामा संलग्न रहेका पौड्यालले अध्यापनका साथसाथै आफ्नो साहित्यिक यात्रालाई पनि समानान्तर दौडाएर आपनो पेशा र रूचिलाई उँचो तुल्याएको पाइन्छ ।

यसरी हेर्दा लगभग चारदशक शिक्षक – प्राध्यापक पेशामा समय बिताईसकेका पौड्यालको शिक्षक प्राध्यापक व्यक्तित्व एक सामान्य विद्यालयको शिक्षक पदबाट प्रारम्भ भई त्रिभुवन विश्वविद्यालयको प्राध्यापक तहसम्म गरिमामय स्थान ओगट्न सफल देखिन्छ । यिनको शिक्षक प्राध्यापक व्यक्तित्व विषयको विद्वता, कार्यप्रतिको निष्ठा, विद्यार्थीहरूप्रतिको लगाव र पब्लिक इमानदारिताले भरिपूर्ण भएको देखिन्छ । यिनको शिक्षक–प्राध्यापक व्यक्तित्व विश्व साहित्यको ज्ञान र विद्वताले निर्माण भएकाले नै देशको राष्ट्रिय व्यक्तित्वको स्थान प्राप्त गरी सम्बन्धित क्षेत्रमा महत्वपूर्ण जिम्मेवारी प्राप्त गर्ने र त्यसको कुशल निर्वाह गर्ने क्रममा सफलता पाएको देखिन्छ ।

पौड्यालको प्रगतिवादी विचारधारा भएकाले उनले शिक्षा दिने क्रममा विद्यार्थीहरूलाई मार्क्सवादी चिन्तन बाँडेर विद्यार्थीमा जुझारूपन ल्याइदिए भने कहिले मार्क्सवादी दर्शनको प्रशिक्षण गराएर, कहिले प्रगतिवादी समालोचना लेखेर प्रगतिवादी व्यक्तित्वका रूपमा उनले आफूलाई स्थापित गरे । औपचारिक होस वा अनौपचारिक जस्तोसुकै शिक्षण

विधिबाट उनले विद्यार्थीलाई तथा सर्वसाधारण सवै जो मार्क्सवादी शिक्षा प्रति आकर्षित हुन्छन् तिनलाई प्रगतिवादी साहित्यको माध्यमले सुसूचित गरे ।

रामहरि पौड्यालको शारीरिक र मानसिक व्यक्तित्वले पनि उनको कृति लेखनमा अन्तरसम्वन्ध कायम रहेको देखिन्छ । उनी व्यक्ति एक भएपनि तनमन अनेक क्षेत्रसँग सम्बद्ध रहेकाले अत्यन्तै व्यस्त रहन्थे । शैक्षिक आवश्यक्ता अनुरूप उनको कलम चलेको हुनाले उनका जे जति कृतिहरू प्रकाशित भए सवै पठनयोग्य छन् । उनको मानसिक अवस्थामा भएको भावनाको विपुलता र कल्पनात्मक शक्तिको प्रचुरताको परिणाम स्वरूप उनले साहित्य सिर्जना गर्न सकेका हुन् । सिर्जनाको क्रमलाई केही खोटी बनाएतापनि उनका कृतिहरूको अध्ययनबाट उनको मस्तिष्क, विद्वता र साधनाले भरिपूर्ण रहेको देखिन्छ ।

रामहरि पौड्यालले गरेका विभिन्न कार्यहरू र भ्रमणका सिलसिलामा स्वदेश तथा विदेशका जातीय, साँस्कृतिक, भाषिक अध्ययन र दृष्यावलोकनको शिक्षाबाट उनका साहित्य जन्मेका छन् । भनौ सबैको प्रभाव उनको लेखनमा परेको छ । यसरी हेर्दा रामहरि पौड्यालको समग्र जीवनको मूलभूत पक्षहरू महत्वपूर्ण कार्यहरू र तिनबाट बनेको उनको उच्च व्यक्तित्व तथा तिनै जीवनीका विविध पक्षहरू र व्यक्तित्वको प्रभाव उनको कृति तथा लेखनमा परेको देखिन्छ । तिनमा पनि उनको पारिवारिक अवस्था, तत्कालीन सामाजिक परिवेश, शिक्षा र शिक्षण–प्राध्यापन पेशाको परिणाम स्वरूप उनले नेपाली साहित्यको क्षेत्रमा ठूलो योगदान दिएको पाइन्छ । यसरी हेर्दा अत्यन्त परिश्रमी, व्यस्त, गहन अध्ययनकर्ता, प्रगतिवादी विचारधारामा समर्पित पौड्यालको जीवनी, व्यक्तित्व र कृतित्वका बीच एक आपसमा परस्पर एक अर्काको प्रेरणा र प्रभाव प्राप्त भई अन्योन्याश्रित अन्तरसम्वन्ध रहेको पाइन्छ ।

## ३.४ निष्कर्ष

काठमाडौंको मध्यमवर्गीय परिवारमा जन्मेका रामहरि पौड्यालमा त्यसवेलाको परिवार, समाज, राजनीति आदि बिभिन्न पाटाहरूले व्यक्तित्व निर्माणमा भूमिका निर्वाह गरेको यस परिच्छेदले ब्याख्या गरेको छ । उनी जन्मेको केही वर्ष मै नेपालबाट क्रुर राणा शासनको अन्त्य भएको तर त्यो शासनको अवशेष नेपाली समाज प्रशासनमा रहेकाले

त्यसका विरूद्धमा लाग्ने व्यक्तित्व उनमा विकास भएको यहाँ देखाइएको छ । उनको व्यक्तित्वको पाटालाई २ भागमा विभाजन गरी अध्ययन गरिएको छ ।

**साहित्यिक व्यक्तित्व**

**साहित्येत्तर व्यक्तित्व**

साहित्यिक व्यक्तित्व भित्र रामहरि पौड्याल स्रष्टा र द्रष्टा थिए । स्रष्टाका रूपमा वि.सं. २०२५ सालमा वार्षिक पत्रिका ललितामार्फत 'हिलोमा फूलेको फूल' नामको निबन्ध लिएर साहित्यमा पाइलो हालेका पौड्याल त्यसपछि कथा, कविता र समालोचना फाँटमा पनि उत्तिकै सशक्त रूपमा आफूलाई उभ्याएका छन् । वि.सं. २०३६ सालमा जव बहूदल र निर्दलको आन्दोलन भयो, त्यसैको सेरोफेरोमा प्रगतिवाद जुर्मुराउन थाल्यो त्यसैवेला देखि पौड्यालले प्रगतिवादी विचारधारालाई आत्मासात गरी नेपाली साहित्यमा भित्र्याए । 'हिलोमा फूलेको फूल' र 'शुन्यता यसरी गहिरिन्छ' भन्ने निबन्धहरूले पौड्यालमा रहेको प्रगतिवादलाई उजागर गरिदिएको छ । यसरी स्रष्टा भएर उनले कथा, कविता र निबन्धलाई आफ्नो कार्यक्षेत्र बनाए ।

त्यसैगरी द्रष्टा व्यक्तित्व निर्माणका क्रममा उनी समालोचक भई आफूलाई एक कुशल द्रष्टाका रूपमा उभ्याएका छन् । विभिन्न समालोचना तथा भूमिका लेखक भई पौड्यालले पाश्चात्य साहित्य र नेपाली साहित्यका विधाहरूमा तुलनात्मक अध्ययन गरी नेपाली साहित्यमा भित्रिएको प्रगतिवादका साथै नेपाली साहित्यिक आन्दोलनका बारेमा यस परिच्छेदमा व्याख्या गरिएको छ ।

साहित्येत्तर व्यक्तित्व अन्तरगत उनी लेखनी क्षेत्रमा मात्र सिमित नरही शिक्षक, प्राध्यापक, अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा अन्य विविध क्षेत्रसँग संलग्न रही सामाजिक व्यक्तित्वका रूपमा आफूलाई उभ्याउन सफल भएका छन् । वि.सं. २०२३ सालदेखि २०४२ सम्म विजय मेमोरियल स्कूल र २०४१ देखि २०५५ सालसम्म भक्तपुर बहुमूखी क्याम्पस र २०५५ सालदेखि २०६४ सालसम्म त्रिभुवन विश्व विद्यालय कीर्तिपुरमा प्राध्यापन गरेका थिए ।

त्यसैगरी पार्टी पङ्क्तिमा रही वामपन्थी कार्यकर्ताहरूलाई मार्क्सवाद विचार बाँड्न पनि पौड्याल सक्रिय थिए । झण्डै साढे चार दशक लामो शिक्षण यात्रासँगै विविध कार्यका शिलशिलामा स्वदेश तथा विदेश भ्रमण गर्दा गरेका जातीय, भाषिक आदि अध्ययनले उनमा साहित्यले जरा गाडेको पाइन्छ । समग्रमा उनको व्यक्तित्व उनको परिवार, समाज, साँस्कृतिक, आर्थिक, राजनीतिक तथा यदाकदा वैदेशिक सेरोफेरोले पनि प्रभाव पारेको भनेर भन्न सकिन्छ ।

# चौथो परिच्छेद
# रामहरि पौड्यालको साहित्य यात्रा

## ४.१ साहित्य यात्रा

रामहरि पौड्यालको जीवन कृति लेखक व्यक्तित्वका रूपमा नेपाली साहित्यको कथा, कविता, निबन्ध र समालोचना क्षेत्रमा समर्पित भएको देखिन्छ । पौड्यालका पुस्तककार कृतिहरू तथा फुटकर लेख रचनाहरू नेपाली साहित्यका सम्पूर्ण क्षेत्रसँग सम्वन्धित रही स्रष्टा र द्रष्टालाई अग्रगति दिएका छन् । यहाँ रामहरि पौड्यालको नेपाली साहित्य यात्राको निरूपण गर्दै साहित्य यात्रामा देखा परेका लेखनका विभिन्नताका आधारमा त्यसको काल विभाजन गरी प्रत्येक चरणमा प्रकाशित कृतिहरूका आधारमा उनको लेखक व्यक्तित्वको प्रवृत्तिहरू केलाउने प्रयास गरिएको छ ।

रामहरि पौड्याल नेपाली साहित्यमा आख्यानकार, निवन्धकार, कवि, समालोचक आदिका साथै बहुमूखी प्रतिभाका रूपमा चिनिन आएका छन् । कविता क्षेत्रबाट सिर्जना क्षेत्रमा पाइला हालेका पौड्यालले नेपाली साहित्यका धेरै विधामा कलम डोऱ्याएका छन् । वि.सं. २०२५ सालमा "हिलोमा फूलेको फूल" मार्फत साहित्य क्षेत्रमा फाल हालेका पौड्यालले आफूभित्र भाँगिन लागेको साहित्यको विरूवालाई मर्न नदिई बराबर गोडमेल, मलजल गर्दै रहे । हालसम्म उनको साहित्ययात्रामा आएका कृतिहरूमा हिलोमा फूलेको फूल निबन्ध, काठमाडौं शहरमा र बीउ माटिएको छैन कविता र शुन्यता यसरी गहिरिन्छ, खोई, सल्ला सुसाइदिन्छ, माइली, सडक, समाधान, हाम्रो परिवेश, लुटाहालाई ठोक्नै पर्छ, नसोचेको दिन, घामका बीउहरू  आदि कथाहरू प्रकाशित भइसकेका छन् ।

नेपाली साहित्यमा प्रगतिवादी सौन्दर्य चेतनालाई उदाहरणीय रूपमा आख्यानका माध्यमबाट प्रस्तुत गर्ने प्रतिभा भएका पौड्यालले आफ्नो आख्यानकारितालाई वर्तमानसम्म प्रवाहशील, आकर्षक र प्रभावकारी बनाइसकेका छन् ।

पौड्यालले विभिन्न प्रयोजन लिएर विभिन्न समयमा भ्रमण गरेका छन् । यस भ्रमणका क्रममा पौड्यालले ती स्थानहरूको सामाजिक, साँस्कृतिक, आर्थिक, भौगोलिक, शैक्षिक, राजनीतिक, प्रशासनिक तथा वातावरणीय क्षेत्रमा देखिएका विकृति, विसंगतीहरूलाई चिरफार गर्दै लेखिएका कथाहरूलाई सङ्ग्रह गरेर सल्ला सुसाइदिन्छ २०४१ सङग्रहमा ११

वटा कथाहरू सङ्गृहीत छन् । तिनै समसामयिक जल्दाबल्दा समस्याको निराकरण स्वरूप केही समालोचनाको सङ्ग्रह गरी भानुदेखि प्रश्रितसम्म २०४९ प्रकाशित गराएर आफूलाई एक प्रगतिवादी समालोचकका रूपमा नेपाली समालोचनाको इतिहासमा स्थापित गराउँदै पौड्याल वर्तमान समयमा पनि नेपाली साहित्य समालोचनामा निरन्तर लागिरहेका देखिन्छन् ।

एकातिर पेशाले शैक्षिक प्रशासक, रूचिले भने नेपाली साहित्यमा स्रष्टा र द्रष्टा दुवै विधामा कलम चलाउने पौड्याल रचनात्मक र सिर्जनात्मक कार्यका साथै नेपाली समालोचनालाई आधुनिकता, नविनता, प्रगतिवादीता र प्रयोगपरकताका पथमा कुदाउन करीब चारदशकदेखि अविच्छिन्न प्रवृत्त रहेका देखिन्छन् ।

## ४.२ रामहरि पौड्यालको साहित्य यात्राको चरण विभाजन

वि.सं. २०२५ सालदेखि सार्वजनिक लेखनयात्रा प्रारम्भ गरेका रामहरि पौड्यालको नेपाली साहित्यिक यात्रा वर्तमान समयसम्म आईपुग्दा साढे चार दशक लामो समयावधि नेपाली साहित्यको उन्नति र श्रीबृद्धिमा समर्पित भएको देखिन्छ । साहित्य सिर्जनामा पौड्यालको अतुलनीय प्रतिभा, पेशा, विज्ञता र अध्ययनशील व्यक्तित्वले जे जति सहयोग पुग्यो त्यसका विपरीत अनेक क्षेत्रसँगको सम्वद्धताले उनी जीवनमा अत्यन्तै व्यस्त रहेका देखिन्छन् । व्यस्त जीवनमा पनि साहित्य सिर्जनामा आफ्नो प्रतिभा र विज्ञतालाई प्रदर्शन गराउन उनी पछि परेका छैनन् । उनले आफ्नो सार्वजनिक लेखन यात्रामा धेरै कृतिहरू लेख्न र प्रकाशन गर्न सफल भइसकेका छन् । उनका निकै फूटकर रचनाहरू सङ्कलन र सङ्ग्रहको अभावमा विभिन्न पत्रपत्रिकामा छरिएर रहेको अवस्थामा छन् । उनको लेखनकार्य नियमित र निरन्तर हुन नसक्दा रचनाहरूमा श्रृङ्खलाबद्वता भने भेटिंदैन् । वि.सं. २०२५ सालबाट आजसम्मको अवधिमा रामहरि पौड्यालले नेपाली साहित्य भण्डारमा जे जति आफना कृतिको भण्डारण गरे तिनीहरूलाई दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ ।

पहिलो चरण वि.सं. २०२५ देखि २०४७ सम्म

दोस्रो चरण वि.सं. २०४८ देखि आजसम्म

### ४.२.१ पहिलो चरण

रामहरि पौड्यालको लेखन यात्राको पहिलो चरण वि.सं. २०२५ सालदेखि २०४७ साल सम्मलाई मानिएको छ । पूर्वाद्ध चरणमा खासगरी पौड्यालको साहित्य सिर्जनाको अवधि मान्न सकिन्छ । यसै चरणमा पौड्यालले निबन्ध, कथा र कविता क्षेत्रमा प्रशस्त कलम दौडाएका छन् । फाटफूट रूपमा समालोचनाको क्षेत्रमा पनि कलम चलाएको यो चरणलाई पौड्यालको साहित्ययात्राको उर्वर यात्रा चरण मान्न सकिन्छ । यस कालमा पौड्यालको पुस्तककार रूपका कृतिहरूमा “सल्ला सुसाइदिन्छ” कथा सङ्ग्रह २०४१ प्रकाशनमा आएको थियो भने “हिलोमा फूलेको फूल” २०२५, फुटकर रचना, “काठमाडौं शहरमा” २०२९, कविता “खोई” कथा २०४१ फुटकर रचनाका रूपमा आएको पाइन्छ । यसै गरी “समयका स्वरहरू भित्र बोलेका जनता” २०४७ लहर पत्रिकामा फुटकर रचनाको रूपमा समालोचना प्रकाशित गरेर नेपाली साहित्यलाई सम्बृद्ध पारेका छन् । उनका अन्य फुटकर लेख रचनाहरू बिभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

अध्यापनका सिलसिलामा रामहरि पौड्यालले आम नेपालीहरूले के कसरी जीवनयापन गरिरहेका छन् भनेर नजिकबाट नियाल्न कोशिस गरेका छन् । यसरी जनजीवन नियाल्न सफल भएपछि नेपाली साहित्य सिर्जनामा फाल हालेका पौड्यालले यस चरणमा कथा, निबन्ध, कविता र समालोचना जस्ता विविध विधामा कलम चलाएर आफ्नो बहुमुखी प्रतिभा देखाउन सफल भएका छन् । पहिलो चरण नै पौड्यालको साहित्यिक यात्राको अभ्यासिक चरण पनि हो । अभ्यासिक चरण हुँदा हुँदै पनि पूर्वाद्धकालका उनका लेख रचनाहरू समसामयिक युग बोधका प्रबृत्तिले गहन र बौद्धिक बन्न पुगेका छन् । त्यस बेला समाजमा देखिएका विकृति, विसङ्गति र सम्पूर्ण नेपालीले भोग्नु परेको पीडा नेपाली समाजमा देखिएको अन्धविश्वासयुक्त परम्परा र नेपाली समाजको यथार्थ छविलाई उनका यस चरणका सिर्जनाहरूले समेटेका छन् । यी चरणहरूमा जति मात्रामा वैचारिकता छ त्यत्तिकै मात्रामा सौन्दर्य शक्ति पनि छ । यसकालका रचनाहरूले तत्कालीन समाजको चित्र सर्लक्क उतारेर यथार्थ प्रस्तुत गर्न समर्थ भएका छन् । भावको विपुलता र कल्पनाको प्रचुरताले कृति स्वच्छ बनेका छन् । यस चरणका उनका रचनाहरूमा विधागत सचेतताको कमी, शिल्पशैली र साङ्गठनिक कमजोरी, बौद्धिक परिपक्कताको अभाव जस्ता देखिएतापनि उनको साहित्य सिर्जनालाई आजसम्म यस अवस्थामा ल्याई पुऱ्याउने चरण

चाँही यही पूर्वार्धकाल भएकाले यो चरणमा प्रकाशित भएका कृति तथा रचनाहरू जे जस्ता छन् ती आफैमा महत्त्वपूर्ण छन् ।

**तालिका नं. ६**

| **क्र.सं.** | **शीर्षक** | **विधा** | **प्रकाशन विवरण** | **प्रकाशित मिति** |
|---|---|---|---|---|
| १. | हिलोमा फूलेको फूल | निबन्ध | वार्षिक पत्रिका ललिता | २०२५ |
| २. | काठमाण्डौ सहरमा | कविता | द्यौराली पत्रिका | २०२९ |
| ३. | शुन्यता यसरी गहिरिन्छ | फूटकर कथा | पारिजात अ. ३ | १–३–२०३६ |
| ४. | सल्ला सुसाइदिन्छ | कथा सङ्ग्रह | प्रमिला पौड्याल | २०४१ पौष |
| ५. | खोइ | कथा | रूपरेखा अ. ६ | २०४०/६/२४ |
| ६. | घामका बीउहरू | कथा | समता अ. ७ | २०४२ |
| ७. | बीउ माटिएको छैन | कविता | युगधारा | २०४२ |
| ८. | नसोचेको दिन | कथा | उत्साह पू. ३ | २०४३ |
| ९. | माइली | कथा | लहर अ. २५ | २०४५ |
| १०. | सडक | कथा | उत्साह, अ. २१ | २०४५ |
| ११. | हाम्रो परिवेश | कथा | श्रङ्खला, वर्ष १० अङ्क १ | २०४५ |
| १२. | साल्गीको बलात्कृत आँशुमा समसामयिक स्वर | समीक्षा | श्रृङ्गखला पू. १९, व. ११, अ. १ | २०४५ |
| १३. | समाधान | कथा | लहर अ. २२ | २०४७ |
| १४. | समयका स्वरहरू भित्र बोलेका जनता | समिक्षा | लहर | २२–१२–२०४७ |
| १५ | श्यामप्रसादका निवन्धमा एकदृष्टि | समिक्षा | साङग्रीला | २०४७ |

## ४.२.२ दोस्रो चरण

रामहरि पौड्यालको साहित्य यात्राको दोस्रो चरणको कालखण्ड वि.सं. २०४८ देखि आजसम्मको अवधिलाई मानिएको छ । पहिलो चरण भन्दा यो चरण छोटो भए भैं उनका रचना पनि थोरै छन् तर जति छन् ती अतुलनीय छन् । उनको यस चरणमा प्रगतिवादी साहित्यले फष्टाउने मौका पाएको छ । यो चरणको गणना उनको "भानुदेखि

प्रश्रितसम्म" २०४९ समालोचना सङ्ग्रहबाट हुन्छ । यस चरणमा प्रकाशनमा आएका उनका कृतिहरूमा "लुटाहालाई ठोक्नैपर्छ" २०५९ कथा, "नेपाली लोक कथामा प्रगतिवादी तत्त्व" २०५४ जस्ता कृतिहरू छन् जुन कृतिहरूको विस्तार अघिल्ला परिच्छेदहरूमा उल्लेख गरिएका छन् ।

यस चरणमा पौड्यालले स्वदेश तथा विदेश भ्रमणका समयमा देखेका, भोगेका तथा अनुभव गरेका विषयवस्तुलाई आफ्नो कल्पना शक्तिले रङ्ग्याएर आत्म संस्मरणात्मक रूपमा वस्तुवादी ढङ्गमा लेखिएका समालोचनाहरूलाई सङ्कलन गरेर प्रकाशित गरेका छन् । यसरी सङ्ग्रह प्रकाशित गर्न उनले नेपालका विभिन्न साहित्यकारका रचनाहरूको आडमा समालोचना तयार गरेका छन् । पेशाले नेपाली भाषाको प्राध्यापक भएका कारणले पौड्यालले पाश्चात्य साहित्यमा देखिएका नयाँनयाँ समालोचना, वाद एवम् सिद्धान्तलाई नेपाली साहित्यमा भित्र्याउनका लागि विभिन्न समालोचनात्मक कृतिहरू प्रकाशित गरेका छन् । यी कृतिका माध्यमबाट पौड्यालले प्रगतिवादी समालोचनाको पृष्ठभूमि, विकास, विशेषता एवम् पाश्चात्य साहित्यमा नयाँ मूल्य र मान्यावाद, प्रणालीलाई चिनाउने प्रयास गरेका छन् । यसका अतिरिक्त उनले नेपाली साहित्यका बिभिन्न विधाका कृतिहरूको समालोचनाद्धारा प्रष्ट व्याख्या गरेका छन् । यी कृतिहरू बाहेक उनका बिभिन्न समसामयिक पत्रपत्रिकामा फुटकर लेख रचनाहरू पनि बारम्बार प्रकाशित भएका छन् ।

**तालिका नं. ७**

| क्र.सं. | शीर्षक | विधा | प्रकाशन विवरण | प्रकाशित मिति |
|---|---|---|---|---|
| १. | भानुदेखि प्रश्रितसम्म | समालोचना | एकता प्रकाशन | २०४९ |
| २. | मुक्तसुदामा र नेपाली समाज | समालोचना | वेदना | २०५३ |
| ३. | नेपाली लोककथामा प्रगतिवादी तत्व | समालोचना | प्रलेश | २०५४ |
| ४. | लुटाहालाई ठोक्नैपर्छ | कथा | पारस विशेषाङ्क | २०५९ |
| ५. | बहुआयामिक प्रतिभा आनन्ददेव | समिक्षा | ज्ञानगुण साहित्य प्रकाशन | २०६४ |
| ६. | कलाभित्रको जीवनदर्शन | समालोचना | कुलमानसिंह भण्डारी स्मृतिग्रन्थ | २०६४ |

नेपालको राजधानी काठमाडौंको डिल्लीबजार लगायतका स्थानहरूमा शिक्षा ग्रहण गरी स्नातकोत्तरसम्म अध्ययन गरेका पौड्याल आफ्नो साहित्य यात्राको यस चरणमा प्रकाशित कृतिहरूले नेपाली साहित्यमा उच्च स्थान ओगट्न सफल भएको ठान्छन् । वर्तमान समयमा तीव्र रूपमा बिकास भइरहेको प्रगतिवादी चिन्तन र समालोचनालाई आत्मसात गरी आफूलाई प्रगतिवादी समालोचकका रूपमा स्थापित गर्न पौड्याल यसै चरणमा सफल भएका हुन् । उनको प्रतिभा, ज्ञान, अनुभव, ग्रहण, पेशा आदिले नेपाली साहित्यमा स्रष्टा एवम् द्रष्टाका रूपमा स्थापित गराउन पनि सफल भएका छन् । नेपाली साहित्यमा स्रष्टा एवम् द्रष्टा दुबै क्षेत्रलाई सफलतापूर्वक आफ्नो लेखन भित्र समेटी नेपाली साहित्यका अमूल्य निधिका रूपमा स्थापित गराउने काम पनि उनका यसै चरणका सिर्जनाहरूले गरेका हुन् । नेपाल र नेपाली साहित्यलाई पाश्चात्य साहित्यको दाँजोमा पुऱ्याउनुपर्छ भन्ने पौड्यालका यस चरणका कृतिहरूले सङ्ख्यात्मक रूपमा मात्र नभई गुणात्मक दृष्टिले पनि उच्च मूल्य बोकेको देखिन्छ । यस चरणमा विधागत सचेतता, बौद्धिक र बैचारिक परिपक्कता, वैज्ञानिक अनुसन्धान पद्धतिको प्रयोग, साङ्गठनिक सन्तुलनपूर्ण कायम भएको छ । वास्तवमा यसै चरणमा आएर रामहरि पौड्यालले आफूलाई लेखक, एक सशक्त प्राज्ञ एवम् समालोचक भएर उभ्याएको छ । समालोचकमा पनि उनी प्रगतिवादी समालोचकका रूपमा तमाम् समालोचकहरू मध्ये अलग्गै छाप छोड्न सफल भएका छन् । नेपाली साहित्यका क्षेत्रमा तीव्र रूपमा कलम चलाएका पौड्यालको उत्तरार्द्धका लेख रचनाहरू अत्यन्त गहन, बौद्धिक एवम् उत्तिकै गम्भीर पनि छन् ।

समग्रमा भन्नुपर्दा उनको साढे चार दशक लामो साहित्य यात्रामा रामहरि पौड्याल निबन्धकार, कवि, कथाकार एवम् समालोचकका रूपमा आफ्नो नाम लेखाउन सफल भएका छन् । उनले नेपाली साहित्यलाई सङ्ख्यात्मक मात्र होइन गुणात्मक दृष्टिले पनि उत्कर्षता प्रदान गर्न बर्तमान समयमा पनि तल्लीन भएर लागिरहेका छन् । उनका निबन्ध, कविता र कथाहरूले बर्तमान समयमा आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, साँस्कृतिक, प्रशासनिक आदि बिभिन्न क्षेत्रमा देखिएका बिकृति र बिसङ्गतिलाई खोतल्दै तिनको परिष्कार गर्ने सन्देश बोकेका छन् । त्यसै गरी उनका समालोचना तर्फका रचनाहरूले नेपाली साहित्यमा भएका बिभिन्न आन्दोलन तथा उथलपुथलहरूको फेहरिस्त देखाइएको छ । उनका समालोचनाहरूमा साहित्यकार तथा साहित्यकारहरूका विभिन्न विधाका रचनाहरूलाई प्रगतिवादी दृष्टिकोणबाट समीक्षा गरिएका छन् । त्यसै गरी

पाश्चात्य साहित्यमा स्थापित भएका मान्यता, आयाम, प्रणाली एवम् नवनववाद खासगरी प्रगतिवादलाई नेपाली साहित्य जगतमा भित्र्याउन र चिनाउन सफल भएका छन् । उनी कम्युनिष्ट राजनीतिज्ञ, मार्क्सवादी चिन्तक तथा विश्लेषक भएकाले उनका अधिकांश रचनाहरू मार्क्सवादी दार्शनिक मान्यताका आधारमा प्रगतिवादको डोरीमा उनींदै आएका छन् । उनको भाषामा भन्नुपर्दा उनको साहित्य यात्रामा पहिलो चरणका कृतिहरूमा परिपक्कता नदेखिएतापनि उत्तरार्द्धमा कृतिहरूको भाषामा भने सरलपन आएको छ । विभिन्न रचनाहरूमा समालोचना गर्ने क्रममा उनको निबन्धात्मक भाषाले उनलाई धेरै प्रभाव पारेको देखिन्छ । उनका समालोचनाहरूको अध्ययन गर्दा उनी प्रभाववादी समालोचकका रूपमा त्यसपछि मात्र साहित्यमा प्रगतिवादी समालोचकका रूपमा नेपाली साहित्यमा आफूलाई उभ्याएका छन् ।

## ४.३ निष्कर्ष

रामहरि पौड्याल नेपाली साहित्यको क्षेत्रमा कथाकार, निबन्धकार, कवि, समालोचक, भूमिक लेखक आदि विभिन्न पाटाबाट देखा परेका छन् । उनको नेपाली साहित्य यात्राका क्रममा 'हिलोमा फूलेको फूल' बाट थालनी भएको यो क्रम आज पर्यन्त निरन्तर जारी छ । पेशाले शिक्षक तथा प्राध्यापक तथा विभिन्न समयमा अन्य संघ/संस्थामा पदीय दायित्व समेत निर्वाह गर्न पछि नपर्ने पौड्यालले आफ्नो यात्रालाई सङ्ख्यात्मक रूपमा अघि बढाउन नसके पनि गुणात्मक रूपमा भने अघि हान्निएका छन् । उनको साहित्य यात्रालाई २ चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

पहिलो चरण वि.सं. २०२५ देखि २०४७ सम्म

दोस्रो चरण वि.सं. २०४८ देखि हालसम्म

पहिलो चरण रामहरि पौड्यालको उर्वर चरण हो । यस चरणमा उनले कथा, कविता, निबन्ध र फाटफूट रूपमा समालोचनामा पनि कलम चलाएका छन् । बेला बेलामा समाजमा देखिएका सामाजिक, आर्थिक, साँस्कृतिक र राजनीतिक विकृतिहरूलाई विभिन्न कृतिमार्फत यस चरणमा उदाङ्गो पारिदिएका छन् । २०२५ सालबाट नेपाली साहित्य यात्रामा निस्केका पौड्यालका यस चरणका पुस्तकाकारको कृतिमा सल्ला सुसाइदिन्छ हो

भने काठमाडौं शहरमा, समयका स्वरहरू, हिलोमा फूलेको फूल आदि फूटकर रचनाहरू हुन् ।

दोस्रो चरण वि.सं. २०४८ साल यताको अवधिलाई मानिएको छ । लगभग २० वर्ष यो अवधिमा पौड्यालले लेखन र अध्यापन बाहेक अन्य क्षेत्रपनि सम्हाल्नु परेकाले पहिलो चरण भैं रचनाहरूले मौलाउने मौका भेटेन । तर जति रचनाहरू प्रकाशमा आए सवै पहिलेको भन्दा परिष्कृत मिठासयुक्त छन् । उनका यस चरणका रचनाहरूले सामाजिक, आर्थिक, राजनीतिक एवम् समसामयिक क्षेत्रमा देखिएका विकृति एवम् विसङ्गतीहरूलाई खोतल्दै परिस्कार गर्ने सन्देश दिएका छन् । यसै चरणमा उनी प्रगतिवादी समालोचकका रूपमा नेपाली साहित्यमा देखा परेका छन् ।

# पाँचौ परिच्छेद
# रामहरि पौड्यालको कृतित्वको विश्लेषण

## ५.१ पृष्ठभूमि

रामहरि पौड्याल नेपाली साहित्यका विविध विधाहरूमध्ये कविता, कथा, निबन्ध तथा समालोचना विधामा आफ्नो कलम चलाएका व्यक्तित्व हुन् । वि.सं. २०२२ सालदेखि निरन्तर नेपाली साहित्यमा कलम चलाउँदै आएका रामहरि पौड्यालले 'हिलोमा फूलेको फूल' लगायतका विभिन्न विधाका रचनाहरू पत्रपत्रिकामा प्रकाशित भएका छन् । फुटकर रचनाका साथै पौड्यालको पुस्तकाकार कृतिहरू पनि प्रकाशनमा आएका छन् । ती रचनाहरू मध्ये 'सल्ला सुसाइदिन्छ' –२०४१ उनको पहिलो पुस्तकाकार कृति हो जुन ११ वटा विभिन्न कथाहरूको सङ्ग्रह हो । त्यसै गरी 'भानुदेखि प्रश्रितसम्म'–२०४९ समालोचना सङ्ग्रह हो । त्यस्तै विविध फूटकर कृति तथा रचनाहरू पनि पौड्यालबाट जन्मिएका छन् जसको विस्तृत व्याख्या दोस्रो तथा तेस्रो परिच्छेदमा गरिएको छ ।

यसरी प्राप्त कृतिहरूको विवरणात्मक प्रवृत्तिलाई हेर्दा पौड्यालका कृतिहरूमा दुई प्रकृतिका रूपमा देख्न सकिन्छ । एक पुस्तकाकार र अर्को फुटकर/पुस्तकाकार र फुटकर दुवै प्रकृतिका कृतिहरूमा पनि स्रष्टा र द्रष्टा दुबै व्यक्तित्व झल्कने प्रकृतिका कृतिहरू रहेका छन् । तसर्थ उनका सिर्जनात्मक कृतिहरूलाई यसरी हेरिएको छ ।

पुस्तकाकार

फुटकर

## ५.२ पुस्तकार रचनाहरूको अध्ययन विश्लेषण

रामहरि पौड्यालको पुस्तकाकार कृतिका रूपमा 'सल्ला सुसाइदिन्छ' कथा सङ्ग्रह –२०४१ र 'भानुदेखि प्रश्रितसम्म' –समालोचना सङ्ग्रह –२०४९ आदि सार्वजनिक रूपमा नेपाली साहित्यका निधिका रूपमा देखा परेका छन् ।

### ५.२.१ सल्ला सुसाइदिन्छ कथा सङ्ग्रहको विश्लेषण

**क) परिचय**

रामहरि पौड्यालका कथा यात्रामध्येका ११ वटा कथाहरूको सङ्कलन नै “सल्ला सुसाइदिन्छ” हो । कथाकारको रूपमा पौड्यालको यथार्थवादी दृष्टिकोण पाइन्छ । आफ्ना कथाहरूमा थोत्रो आदर्शत र मान्यतालाई कथाकारले नङ्ग्याइदिएका छन् । विशेष गरेर मध्यम वर्गीय जनताले त्यसमा पनि नेपाली नारीले भोग्नुपरेको पीडा, दुःखको चित्रण यी कथाहरूमा पाइन्छ । सामाजिक शोषणका साथै समाजका ठूलाबढा, गन्नेमान्ने भनाउँदाले साधुमहन्तको मुकुण्डो लगाई नारीमाथि गरेको अन्याय र पाप र धर्मको नकाप अनि शान्ति सुरक्षाका ठेकेदारहरूले नारीलाई गरेको सन्सनीपूर्ण बलात्कारको विद्रोह स्वरूप यी कथा रचना भएको पाइन्छ । समयको दृष्ट्रिकोणले यस सङ्ग्रहभित्र परेका कथाहरूमा सबैभन्दा पछि लेखिएको कथा लुटेरा काका र यसमा देशको स्थितिलाई प्रतीकात्मक ढङ्गबाट प्रस्तुत गरिएको छ ।  समाज अनि आफ्नै घरका लोग्नेबाट गरिने थप शोषणका विरूद्ध आफ्ना नारी पात्रलाई कथाकारले कुशलतापूर्वक उभ्याइदिएका छन् ।

प्रस्तुत सङग्रहमा दयाराम श्रेष्ठले मेरो दृष्ट्रिकोण नामक शीर्षकमा भूमिका लेखेका छन् । आकारप्रकारका दृष्ट्रिले सानो देखिने कृति ५६ पृष्ठमा संरचित भएको छ भने आवरण पृष्ठमा रातो र हरियो रङ्गले पोतिएको र कथा सङ्ग्रहको नाम रातो रङ्गले लेखिएको र लेखकको नाम सेतो रङ्गले हरियो भुईमा लेखिएको छ । एघारवटा कथाहरू विभिन्न शीर्षकमा प्रस्तुत गरिएका छन् ।

“सल्ला सुसाइदिन्छ” कथा सङग्रहभित्र उसलाई सम्झँदा, वाक्कलाग्दा दिनहरू, मास्टरको जीवनी, यसरी नौलो जीवन शुरू हुन्छ, परम्पराको तुस, एउटा प्रश्न, निर्णयको निम्ति, खोजमा, लुटेरा काका, खोई, सल्ला सुसाइदिन्छ रहेका छन् । विभिन्न विषयवस्तुलाई टिपेर लेखिएका कथाहरू शैक्षिक, राजनीतिक, साँस्कृतिक, आर्थिक, सामाजिक क्षेत्रमा देखिएका विकृति, विसंगति, शोषण, दमनपूर्ण व्यवहार र नारीमाथि गरिएको अत्याचारका विरूद्धमा आएका छन् । मूलत रामहरि पौड्याल समाजवादी प्रगतिवादमा कलम चलाउने कथाकार भएकाले उनले आफ्ना सबै कथामा मार्क्सवादी चिन्तन, यथार्थपरक घटना अघि सारेका छन् ।

## ख) कथासार

पहिलो कथा 'उसलाई सम्झँदा' मा कथाकार रामहरि पौड्यालले नारी मनको अन्तरआत्मालाई उदाङ्गो पारेको देखाएका छन् । कथामा एकजोडी नारी पुरूष र अर्की एक स्त्री बीचको मनोभावनालाई छताछुल्ल पोखिएको देखाइएको छ । कथाले पुरूष भोगवादी र स्त्री भोग्याको साधन भनेर चित्रण गर्दै आफ्नी श्रीमतीमाथि यौन शोषण गर्ने लोग्ने र आफ्नो इच्छा नहुँदा नहुँदै पनि जवरजस्ती आफनै लोग्नेबाट बलात्कृत हुनुपर्ने बाध्यता र आत्मा निर्णयको अधिकारबाट बञ्चित एक नारीले मातृत्वको समेत तिलाञ्जली दिँदै पतिको वंश नाश गर्ने निर्णय गरेर आफ्नो अस्मिताका लागि भित्र भित्रै लड्ने स्त्रीको चरित्र चित्रण गरिएको छ । यस कथामा पाइने सारभूत कुराहरू निम्न छन् ।

क) नारी आफ्नो इच्छानुसार होइन लोग्नेको इच्छानुसार चल्नुपर्छ भन्ने मान्यता,

ख) अर्काको आशमा जीवन व्यतीत गर्नु असहाय नारीको वाध्यता,

ग) नारीलाई मनोरञ्जनको साधन भन्ने मध्यमबर्गीय नेपाली समाजको चरित्रचित्रण,

घ) नारीको इच्छा आकाङ्क्षा मर्दा आफ्नो मातृत्व सुखपनि त्यागी आफू अस्तित्वहीन भएभैं अरू (लोग्ने) लाई पनि अस्तित्वहीन बनाउन प्रतिशोधको भावना लिनु,

ङ) जोइपोइको जीवन सङ्घर्षबाट विरक्तिएर विवाह समेत गर्न नमान्ने म पात्र ।

'वाक्कलाग्दा दिनहरू' कथामा कथाकार पौड्यालले नारीमा अन्तरनिहित यौन चाहनालाई उदाङ्गो पार्न खोजेका छन् । सामाजिक मान्यताका कारण आफ्नो अतृप्त यौन चाहना सपना मै भएपनि पुरा गर्ने रमा जस्ता पात्रको यहाँ मनोकांक्षा उदाङ्गीएको छ । आफ्ना साथीसँगी सवैको बिवाह भइसक्दापनि सभ्रान्त वर्ग भएकै कारण आफ्नो बिवाह गरिदिन अघि नसर्ने परिवारप्रति यहाँ तुस पोखिएको छ । यस कथामा

क) सवैजना कान्छीको घरमा आउने तर कान्छी र रमा उस्तै हुन् कान्छीले थाक्न पनि नपाउने रमा भने त्यत्तिकै बस्दा पनि कसैले नहेरी दिने,

ख) रामु नभए श्याम, श्याम नभए लाहुरेबाटै भएपनि आफ्नो काम वासना तृप्ती गर्न खोज्नु,

ग) च्याण्टी रमा भन्दा कान्छी, च्याण्टी भन्दा रमा राम्रो खानदानको भएपनि आफ्नो विवाह नहुनु,

घ) सपना मै रमाउन चाहने रमा रामुसँगैको चुम्बन र अँगालोमा भरिएको पाउनु तर विपना आउँदा रमा दिक्क मान्नु, मृत्यू भन्दा सपना नै मन पराउनु ।

सल्ला सुसाइदिन्छ भित्रको तेस्रो कथा 'मास्टरको जीवनी' हो । यस कथामा टिचर हुनु नमस्ते खानका लागि भनेर मास्टरी पेशा प्रति तिखो बाण छ । लाचारीको पराकाष्ठा मास्टरी जीवन बिहानदेखि बेलुकासम्म माया र दया गर्नमा व्यस्त हुनुपर्ने भन्दै कथाकार रामहरि पौड्यालले केही काम नपाए टिचर बन्ने कुराको पर्दाफास गर्छन् । एकथरी मास्टर जो आफ्ना चेलीलाई लुकी छिपी हेर्दै अतृप्त यौन तृप्तिलिने प्रयास गर्छन् । शिक्षा सम्भ्रान्त परिवारका लागि मात्र नभई गरिबीका बच्चा जो कट्ट र फाटेको भोटो लगाएर स्कूल आउँछन् भन्दै कथाकारले नेपाली समाजको निम्नवर्गीय परिवारको वास्तविक स्थितिलाई झल्काएका छन् । एक छाक खानपनि छिमेकी परिवारसँग २ रूपैयाँ सापटी लिने गरिव अभिभावक यस कथाका मुख्य पात्रहरू हुन् । यस कथाले यस्तो भाव देखाएको छ ।

क) टिचर हुनु नमस्तेका लागि मात्र हो भन्ने मान्यताले दिक्क लाग्नु,

ख) अर्काको द:ुख जानेर उपलब्धी हासिल गर्नु पछौटेपन हो ।

ग) दु:ख खोतलेर माया गर्नु भनेको पैंचो तिर्नु सरह हो ।

घ) विपरीत ध्रुबहरू एकआपसमा आकर्षण हुनु, नेगेटिभ पोजेटिभ जोडिनु ।

ङ) बच्चा तह लगाउने ठाँउ स्कूल, घरमा तह लाग्न नसकेका बच्चा पठाउने ठाँउको रूप ।

'यसरी नौलो जीवन सुरू हुन्छ' कथामा कथाकार रामहरि पौड्यालले उच्च अधिकृतको झूटो जालमा परी यौन शोषणबाट पीडित महिला जोगी, महात्मा लगायत निजामती, जङ्गी र पुलिसहरूबाट पनि शोषित पीडित हुन पुगेकी एक पात्रको चरित्रचित्रण गरेका छन् । परम्परागत मान्यता र सोचाईको शिकार बनेकी ती महिला जीवनयापनका लागि आफूलाई बेच्न वाध्य भएकी छे । निम्न आर्थिक अवस्था भएकी उच्च वर्गका मानिसहरूको कसरी मनोरञ्जनको साधन बन्न पुगेकी छ र एकोहोरो अन्धो प्रेममा फसेकी छे भनेर कथाकारले मानिसहरूमा रहेको यौनजन्य व्यवहार उजागार गर्दै त्यस विरूद्ध बिरोध गर्न अग्रसर गराएका छन् । कथामा कथाकारले निम्न कुरामा जोड दिएका छन्

क) प्रेम गर्ने निहूँमा नारीको कौमार्यमा पौड्नु, सम्भोग गर्नु जस्तो तीतो सत्य प्रस्तुत गर्नु,

ख) पराकाष्ठामा पुगेपछि जुनसुकै चिजको पतन अवश्य सम्भव छ, टुप्पामा पुगेपछि तल झर्नुपर्छ,

ग) एक स्त्रीलाई सम्भोग गर्दैमा उ पत्नी हुँदिन,

घ) जोगी महात्माको मुखुण्डो लगाएर नेपाली नारीको इज्जत लुटेको तीतो यथार्थ,

ङ) प्रत्येक घरमा वेश्या हुन्छन् । किनकि समाजका ठेकेदारहरू छोरी, बुहारी र स्वास्नीलाई समेत बेश्या बनाउँछन् ।

च) महात्माले लगाएको मुखुण्डो आदर्शता हो । जुन घृणित पापपूर्ण कार्यलाई छोप्ने नकाप हो जुन अधिकृतले पनि लगाएको थियो ।

छ) परमात्मामा पुग्ने उच्चतम बाटो शुद्ध मन र बम्ह्राचार्य धारण हो । ब्रम्हाचार्य प्रेम त्याज्य हुन्छ ।

यी सम्पूर्ण पापिष्टहरूको भण्डाफोर गरी मुकुण्डो र नकाप उतारी सारा आदर्शी घरहरूलाई बेश्यालयमा घोषणा गरिदिन्छ्यौ जहाँ अभिसप्त र विकृत सन्तान बलात्कृत भएर जन्माइन्छ । त्यसमा तिम्रो जीत हुन्छ । जीत नै जीवन हो । जीत अकाट्य छ र नौलो जीवन यसरी नै शुरू हुन्छ भनेर कथाकार यस कथामा डर मृत्यू हो मृत्यूका बिरूद्धमा बढ्न हौसला प्रदान गर्दछन् ।

'परम्पराको तुस' नामको कथा नेपाली रूढीवादी परम्परामा रूमलिएको परिवेशलाई चिरफार गर्न सक्षम छ । समाज परिवर्तनशील छ र परिवर्तनका लागि क्रान्तिको आवश्यक्ता पर्छ भन्दै कथाकार रामहरि पौड्याल परम्परा पुराना र थोत्रा मान्यतामा डुबेको कुरा देखाउँछन् । यस कथामा मुख्य नायक श्याम क्रान्तिकारी भूमिकामा हुन्छन् तापनि समाज आफ्नो परिवेश तथा परम्परागत सोचाई र मान्यताको शिकार बनेको छ । हिजोसम्म चिठीपत्रको बारम्बार आदानप्रदान गर्ने श्याम आज अचानक विधवा भन्ने थाहा पाउनासाथ केटी पट्टी प्रतिको उसको भावना एक्कासि बदलिएको छ । हिजोसम्मकी रसिली भरिली उषामा आज अचानक निष्प्राण र निरस भेट्टाउँछ । यहाँ समाजकै मूल्य मान्यताले १६ वर्षे जवानी मै उषालाई श्यामको मानसिक प्रभावले बृद्ध पात्रको रूपमा खडा गरिदिएको छ । यस कथाभित्र

क) बालविधवा नारीको कारूणिक कथा कोरिएको छ,

ख) पुराना र थोत्रा मान्यताप्रति श्याम विद्रोह गर्छ र समाजप्रति असन्तुष्टी देखाउँछ,

ग) क्रान्तिकारी, प्रगतिशील श्याम एक जुझारू पुरूष हो,

घ) उषालाई पठाएको चिठ्ठीमा उसले 'हाम्रो प्रेम वासना तृप्तीको लागि होइन, विश्वमात्रको हितका लागि हुनुपर्दछ । विधवा हुनुमा उसको शरीरको कुनै दोष हुँदैन् । बीजको समागमपछि पनि एकको मृत्युपछि अर्कामा असर नपर्ने कुरा उल्लेख गरिएको छ ।

'एउटा प्रश्न' कथामा कथाकार रामहरि पौड्यालले मानिस बाँच्नका लागि के के गर्छ कसरी आनन्द भएर बाँच्न सक्छ भनेर केलाउने चेष्टा गरेका छन् । बाँच्नका लागि

आवश्यक्ता पुरा गर्नुपर्ने हुन्छ त्यो आवश्यक्ता पुरा गर्ने उद्देश्यले आफू स्वयम्लाई त्यसमा लिप्त भई लागी पर्दा स्वत्वलाई नै गुमाउने छौं त्यो गुमेको चिज नै जीवनको मुटु हो । यस कथामा कथाकार रामहरि पौड्याल जीवनको वास्तविकताको खोजिमा भौतारिएका छन् भने विश्वासमा एउटा आकाश खडा गर्न सकिन्छ त्यही विश्वासमा जीवनको अन्त्य पनि हुन्छ भनेर विश्वासको व्याख्या गर्छन् । यस कथामा कथाकारले निम्न कुरामा जोड दिएका छन्

क) जीवन जीउने सन्दर्भमा खाँचो वा आवश्यक्तालाई पुरा गर्ने उद्देश्यले आफू त्यसमा लिप्त भई लागिपर्दा स्वत्वलाई गुमाउने हराउने छौं त्यो नै जीवनको मुटु हो ।,

ख) विश्वासमा आकास खडा गर्न सकिन्छ भने विश्वासमै जीवनको अन्त्य हुन्छ ।,

ग) सम्पूर्ण खोलालाई रक्सी र सूर्यलाई रोटी बनाउने अठोट लिनु जसबाट पेट भर्ने आशा राख्नु,

घ) दूर्वोधता र इर्ष्याको चरम सीमाले मानिसलाई पथभ्रष्ट बनाउँछ ।,

ङ) सत्य विकृति नै हो भन्ने पात्रको अनुभव,

च) सडकरामहरू, भूसिया कुकुरहरू पनि नेपाली हो, नेपाली आत्मालाई सकिनसकी त्यसले बचाएको हुन्छ,

छ) बाहिर जतिसुकै खोक्रो भाषण गरेपनि घरभित्रको समस्या निराकरण गर्न नसक्नु, भान्छामा भात पाक्यो त ? भनेर प्रश्न चिन्हमा गएर अडिनु ।

'निर्णयको निम्ति' कथा सल्ला सुसाइदिन्छ कथा सङ्ग्रहमा सङ्गृहीत कथा मध्येको एक उत्कृष्ट कथा हो । यस कथामा कथाकार रामहरि पौड्यालले गरिबी र पैसाको अभावमा भित्रभित्रै अनिर्णयको बन्दी बनेका कथा नायक कृष्णाको यहाँ चरित्र चित्रण गरेका छन् । प्रधानपञ्चको झूठो प्रलोभनमा परी सम्पूर्ण जग्गा पाउने आशामा तलसिङसँग मुद्दा लडेर पनि केही नपाउने भई गाँउ समेत छाडेर हिड्नुपर्ने वाध्यतामा पुगेको काले झैं कथाका नायक पनि त्यही आजको विश्वास भित्रको छुद्र बिचारमा फँसेका छन् । त्यसै गरी

कथाकार  पौड्याल आफ्नो स्थान छाडी जाने पात्रको भित्री मन चियाउँदै वलियाले निर्धामाथि गर्ने थिचोमिचो र थिचोमिचोमा पिल्सिएका निमुखा जनताको पीडा यहाँ देखाइएको छ । सुरूमा निर्णय गर्न नसक्ने कृष्ण कथाको अन्त्यतिर आएर अरूको भरमा बाँच्न नहुने विचार गरी आफैं निर्णय गर्नका लागि तत्पर देखिन्छन् । बाँच्नका लागि जालझेल गर्नुपर्ने, प्रत्येकले सङ्घर्ष गर्नुपर्ने कुरा यहाँ छ । यस कथाले

क) कृष्ण जग्गाको निर्णयका लागि बाहिर निस्कनुपर्छ तर यहाँ उसले सोच्ने मात्र काम गर्छ,

ख) सोच्नु पाप र धर्मको सङ्गम हो, विभिन्न मत र दृष्टिकोण एउटै चिजलाई,

ग) चाकरी चाप्लुसीले मात्र जागिर हुने घुसखोरी प्रथाको बिरोध,

घ) सीमानामा जहाँ पनि झगडा हुन्छ चाहे त्यो व्यक्ति विशेष होस वा देश विशेष,

ङ) अर्काको भरमा बाँच्नु भन्दा प्रत्येकले आफैं सङ्घर्ष गर्नुपर्छ । अर्काको भरमा बाँच्ने उ पात्रलाई चित्त बुझदैन । परजीवी भएर बाँच्नुपर्दा खेद लाग्छ र निर्णयका लागि पर्खेर बस्छ ।

'खोजमा' कथामा पौड्यालले जीवनमा नयाँ विचारको, समस्याबाट मुक्त हुने एक नयाँ चिजको खोजिमा भौतारिने पात्रको चरित्र चित्रण गरेका छन् । व्यर्थ प्रयास गर्दागर्दै पनि कथाका पात्र वालुवा, धुलो हुँदै कुनै हुलमा गएर मिसिएर हराएका छन् । यहाँ सीमा भैं दिएको भए दिन काट्न सजिलो हुने थियो भन्दै यस कथाका पात्रले आफ्नो साथी सीमा गुमाएकोमा धैर्यता गुमाएका छन् । जीवन कति अनिश्चित छ यहाँ एक्लै बाँच्न कति गाह्रो छ तसर्थ जीवन जीउन एक जीवन साथीको जरूरी छ भन्दै गर्दा सीमाका जीवनसाथीको मृत्यूपछि सीमा बहुलाएकी र वेपत्ता भएकी त्यसैको खोजीमा यो कथा जन्मेको कथाकारको कथन छ । सीमाको खोजीमा सीमाकै आँगनमा पुग्दा समेत मुख्य पात्र अरूकै खोजिमा आएको भनेर उम्कन खोजेका छन् । अन्त्य सम्ममा सीमासँग भेटको अपेक्षापनि त्यागी सकेको हुन्छ । उसलाई अघिको बिरक्तलाग्दो जीवनबाट होइन अहिलेको

समस्याबाट अभिमुक्त हुन खोजिरहेको कथाकारले देखाएका छन् । यस कथाको प्रमुख भावना

क) यहाँका पात्रले हिजो, आज र भोलीमा केही भिन्नता पाउँदैनन्,

ख) नवीन भोलीको खोजिमा उ भौतारिन्छ तर उही गोरेटो, उही बाटो उही मान्छे उही थोत्रो बिचार,

ग) उ आक्रोस् निकालेर होस वा बौलाएर होस् नबीनताको सृष्टि गर्न मन लाग्छ, उ पात्र सीमाको खोजीमा हिड्छ,

घ) एउटाको मृत्यूमा अर्काको जीवन निरर्थक बनी एउटा विधवा नारीलाई सन्तानको थुप्रो आउँछ र त्यसैले पुर्छ तर उसले त सान्त्वना नभएर जीवन खोजेकी हुन्छे,

ङ) उ पात्र विरक्तलाग्दो जीवनको होइन हालको समस्याबाट मुक्त हुने तरिकाको खोजमा डुबेको हुन्छ ।

'लुटेरा काका' शीर्षकको कथाले छिमेकीको घरमा वास्तविक समस्याको फाइदा लिंदैं साधारणलाई शोषण गर्ने काका पात्रको भूमिका बारेमा कथाकार रामहरि पौड्याल खुब जमेका छन् । काका जस्ता जाली फटाहाको लहलहैमा लागेर काकाका आफ्ना भतिजाहरू आफू आफूमा झगडा गर्दै दलान खनेर आँगन पुर्ने गाउँघरको उखान यस कथाले चरितार्थ गरिदिएको छ । अपरिचित मानिसलाई आफ्नो भनि सम्झने अझ साधारण मानिसको यहाँ विश्वास गर्ने परम्परालाई उदाङ्गो पारिदिएका छन् । छली, कपटी र मिचाहाहरूले सर्वसाधारणलाई दुःख दिने र भाइ भाइमा बाझो गराई रमाइलो हेर्ने सस्कृतिलाई यहाँ कथाकारले सरल रूपले प्रस्तुत गरेका छन् । समयको फाइदा लुट्दै शोषण गर्न पल्केका धुर्त व्यक्तिका विरूद्ध अन्त्यमा एकजुट हुन भाइभाइ सफल हुन्छन् भन्दै कथाकार पौड्याल भित्री चारित्रिक कमजोरीहरू छोप्न हामी बाहिर पनि त्यत्तिकै मजबुत हुनुपर्दछ भन्ने सन्देश यस कथा मार्फत सबैलाई आव्हान गर्न पुगेका छन् । यस कथाको मूख्य अंश

क) दुःख परेका बेला कोही आई परिवारको सदस्य झैं काम गर्दा पराई आफ्नु लाग्नु,

ख) छिमेकमा दःुख परेका बेला त्यसमा सहयोग गर्ने निहूँमा वास्तविक समस्याको फाइदा उठाउँदै सोझा सिधा माथि शोषण गर्नु,

ग) जीवन लेखेर लेखिन्न, कोरेर कोरिन्न, भोगेर भोगिन्छ त्यो नै जीवन हो,

घ) जीवन ज्यामिति होइन जुन तथ्य र कारणको आधारमा मूल्य निर्धारण गरियोस्,

ङ) काका समाजकै सम्पन्न व्यक्ति हुन् जो बढी सुख खोज्दै महत्वकांक्षी यात्रामा निस्केका छन् ।

'खोई' कथामा कथाकार रामहरि पौड्यालले जीवनको वास्तविकतासँग सम्वन्धित कुराहरू पोखेका छन् । जीवन परिवर्तनशील छ एकै छिनमा घाम हुन्छ एकै छिनमा बादल र पानी पनि जीवनमा अनेक समस्या आइपर्छन् । समस्याहरू जीवनको वाहिरी आवरण हुन् । जीवन जीउन आत्मवल हुनुपर्दछ भन्दै कथाकार यदि आफ्नोपन नभएको जीवन के जीवन समुन्द्रमा हिड्ने मालयुक्त जहाज जुन हावाको भरमा हिड्छ गन्तव्यविहीन हुन पुगेझैं जीवन पनि त्यस्तै हुन्छ भन्छन् । सम्पन्न जीवन जीउन शान्ति चाहिन्छ तर यहाँ शान्ति सम्भव छैन् । हामी अति सस्तो भएका छौं जुन मूल्यमा हामी आफ्नो अत्येष्टी पनि गर्न असमर्थ छौं । जीवनमा हुने अविश्वास र समस्याको भूमरीलाई पौड्यालले यस कथामा दर्शाएका छन् ।

'सल्ला सुसाइदिन्छ' कथा यस सङ्ग्रहको शीर्षक प्रधान कथा हो । यस कथामा कूल इज्जतको धक्कु लगाउने उच्च वर्ग भनाउदाहरूको चरित्र उदाङ्गो पार्न कथाकार रामहरि पौड्याल लागि परेका छन् । कथामा ट्यूशन पढाउन आउने मास्टरलाई दुःख दिने र इज्जतको हुर्मत लिने म पात्र पढ्न नपर्दा खुसी मान्छ । कथामा उच्च वर्ग र निम्नवर्गको दोसाँध स्पष्ट कोरिएको छ । यहाँ निम्नवर्गीय केटीलाई आफ्नो यौन सिकार बनाई फिर्ता गर्दा रू १०० दिँदा रमाउने पात्र पछि बावुको दुर्गति पछि आफ्नो त्यही हाल हुँदा अरूले देखाएको व्यवहारबाट पुनः निम्नवर्गीय केटी प्रति गरेको व्यवहारले उसमा पश्चाताप सिर्जना गरिदिएको छ । धनको अभिमानले मानिस कतिसम्म गिर्छन र धनकै रवाफमा समाजमा आफ्नो हैकम जमाउँछन् यहाँ रामहरि पौड्याल प्रष्ट्याउन प्रयासरत छन् । कथाको प्रमुख पात्र आफू पहिले हिडेको चिन्हहरू खोज्ने चेष्टा गर्छ तर समयको

गतिशीलतासँगै त्यो मेटिएको भेट्छ र आफू ती सम्पूर्ण कुराहरू सपनामा भोगेको सम्झन्छ । उसले त्यो सबै सम्झेर हालैको दिनमा शान्तिसँग बस्न सकेको छैन् । उसले देखेको कुरा नहुन पनि सक्छ केवल कल्पनामा रमेको छ । अन्त्यमा ११ वटा कथाले जीवन र जगतको यथार्थलाई उजागर गरेका छन् । मानिसमा भएका र हुने यौनजन्य व्यवहार, घृणित आदिलाई सुक्ष्म रूपमा केलाउँदै अन्याय, अत्याचार र उचनीच विरूद्ध सशक्त क्रान्ति गर्न आव्हान गरेका छन् कथाकारले । प्रतिकात्मक रूपमा पात्रहरू चयन गरी तत्कालीन समसामयिक परिवेशको झलक यस सङ्ग्रहमा पाइन्छ । निम्नवर्गीय मध्यमवर्गीय मानिसहरूले भोग्नु परेका कठिनाइलाई कथाकारले मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् यस सङ्ग्रह मार्फत ।

## ग) पात्र तथा चरित्रचित्रण

लिङ्गको आधारमा रामहरि पौड्यालका कथाहरूको पात्रविधान हेर्दा पुरूष र स्त्री दुवै पात्रहरूको प्रयोग भएको पाइन्छ जसलाई देहायबमोजिम प्रस्तुत गरिएको छ –

### पुरूष पात्र

पौड्यालका प्रायश कथामा पुरूष पात्रहरूले नारी पात्रमाथि गरेको शोषणको भलक पाइन्छ । 'उसलाई सम्भँदा' कथाका श्रीमतीमाथि यौनशोषण गर्ने लोग्ने, 'वाक्कलाग्दा दिनहरू' कथाका बेश्या कान्छीमाथि दुर्व्यवहार गर्न खोज्ने लाहुरे, 'मास्टरको जीवनी' कथामा छात्रासँग अदृश्य रूपमा यौनतृप्ति लिने मास्टर 'यसरी नौलो जीवन शुरू हुन्छ' कथामा यौनशोषण गर्ने उच्च अधिकृत, महात्मा जोगी, निजामती जङ्गी र पुलिस अफिसरहरू, 'परम्पराको तुस' कथाका श्याम, 'एउटा प्रश्न' कथाका सीमालाई छल गर्ने पात्रले पौड्यालका कथामा पुरूष पात्रको प्रतिनिधित्व गर्दछन् ।

### नारीपात्र

पारिजातबाट प्रभावित रामहरि पौड्यालका कथामा नारी पात्रको प्रधानता पाइन्छ । परम्परावादी चिन्तनको विरोधस्वरूप उनका कथाहरूमा नारी पात्रहरू यौन कुण्ठाबाट पीडित भई अन्तर्मनमा छटपटाइरहेका पाइन्छन् । सामाजिक शोषणका साथसाथै आफ्नै श्रीमान्बाट समेत शोषित र पीडित नारी पात्र मालतीको दर्दनाक अवस्थाको चिरफार

'उसलाई सम्भ्कदा' कथामा गरिएको छ । आफ्नो इच्छा नहुँदानहुँदै पनि जबरजस्ती लोग्नेबाट बलात्कृत हुनुपर्ने बाध्यता र आत्मनिर्णयको अधिकारबाट वञ्चित एक नारीले मातृत्वको समेत तिलाञ्जली दिदैँ पतिको वंश नास गर्ने निर्णय गरेर आफ्नो अस्मिताको लागि भित्रभित्रै लडेकी छिन् । 'वाक्कलाग्दा दिनहरू' कथाकी नारी वेश्या पात्र कान्छीले लाहुरेबाट बच्न सङ्घर्ष गरेको देखाइएको छ भने अर्कोतर्फ रमाको चरित्रचित्रणमार्पत नारीमा अन्तर्निहित यौन चाहनालाई कथाकारले देखाउन खोजेका छन् । 'यसरी नौलो जीवन शुरू हुन्छ' कथामा कथाकार पौड्यालले उच्च अधिकृतको भुटो जालमा परी यौनशोषणबाट पीडित महिला जोगी महात्मालगायत निजामती, जङ्गी र पुलिस अफिसरहरूबाट समेत शोषित र पीडित हुन पुगेकी एक नारी पात्रको चरित्रचित्रण गरेका छन् ।

कथाको पात्रविधानलाई भूमिकाको आधारमा वर्गीकरण गर्दा मुख्य, सहायक र गौण पात्रको रूपमा तीन प्रकारले वर्गीकरण गर्न सकिन्छ ।

**मुख्य पात्र**

थोरैं पात्रहरूको प्रयोग गर्नु रामहरि पौड्यालको कथागत विशेषता हो । कथामा घटनाक्रमलाई अगाडि बढाउने मुख्य पात्रको भूमिका महत्त्वपूर्ण हुन्छ । यौनशोषण गर्ने श्रीमान्को गर्भधारण नगरी अप्रत्यक्ष रूपमा सजाय दिंदै आएकी 'उसलाई सम्भ्कँदा' कथाकी स्वास्नी पात्र, सामाजिक मान्यताका कारण आफ्नो अतृप्त यौन चाहनालाई सपनामा पूरा गर्ने 'वाक्कलाग्दा दिनहरू' कथाकी केन्द्रीय पात्र रमा, लाचार मास्टरको दैनिक जीवनमा आधारित 'मास्टरको जीवनी' कथाको मास्टर पात्र, जीवन जिउने क्रममा आफ्ना अगाडि आएका पुरूष पात्रहरूबाट लगातार यौनशोषणको सिकार बनेर वाध्यतावश बेश्या वनेकी 'यसरी नौलो जीवन शुरू हुन्छ' कथाकी तिमी पात्र, परम्परागत सोचाइ र मान्यताको शिकार बनेका 'परम्पराको तुस' कथाका श्याम, गरिवी र पैसाको अभावमा भित्रभित्रै अनिर्णयको बन्दी बनेका 'निर्णयको निम्ति' कथाका कृष्ण, 'खोजमा' कथाका उ पात्र, छिमेकीको घरको वास्तविक समस्याको फाइदा उठाउदैं शोषण गर्ने 'लुटेरा काका' कथाको काका पात्र पौड्यालका कथाहरूका मुख्य पात्रहरू हुन् ।

### सहायक पात्र

कथामा कथावस्तुलाई अगाडि लैजान सहयोगीको भूमिका निर्वाह् गर्ने पात्रहरूलाई सहायक पात्र भनिन्छ । रामहरि पौड्यालको 'उसलाई सम्झँदा' कथाकी पीडित स्वास्नीको समस्यालाई सुनिदिने म नारी पात्रलाई सहायक पात्रको रूपमा लिन सकिन्छ । यौन अतृप्तिले पिल्सिएकी रमाको दैनिक जीवनले नियालिरहेको बेश्याकहाँ आउने लाहुरे, पल्लो घरको कोठामा बस्ने रामु र श्याम 'वाक्कलाग्दा दिनहरू' कथाका सहायक पात्रहरू हुन् । उनीहरूले कथालाई अगाडि बढाउनमा सहयोगीको भूमिका निर्वाह् गरेका छन् । मास्टरको दैनिक जीवनमा आउने गरिब विद्यार्थीहरू, 'यसरी नौलो जीवन शुरू हुन्छ' कथाका कथयिता, 'परम्पराको तुस' कथामा श्यामका साथीहरू, प्रधानपञ्चको झूठो प्रलोभनमा परी पूरै जग्गा पाउने आशामा तलसिङसँग मुद्दा लडेर केही पनि नपाउने 'निर्णयको निम्ति' कथाका काले पात्र, काकाको कूटनीतिमा परी आफूआफूमा भगडा गर्ने 'लुटेरा काका' कथाका दाज्यू, भाइ र बहिनीहरू सल्ला सुसाइदिन्छ' कथाका उ पात्रसंग आएका केटीहरू सहायक पात्रहरू हुन् ।

### गौण पात्र

कथामा सन्दर्भ र विषयवस्तुका आधारमा आएका अन्य पात्रहरूलाई गौण पात्रका रूपमा लिइन्छ । 'वाक्कलाग्दा दिनहरू' कथामा रमाका साथीहरू शान्ति, शोभा, कमला र विमला सन्दर्भवश आएका पात्रहरू हुन् । 'यसरी नौलो जीवन शुरू हुन्छ' कथामा निजामती, जङ्गी र पुलिस अफिसरहरूलाई गौण पात्रको रूपमा प्रस्तुत गरिएको छ । कम पात्रहरूलाई उभ्याएर गहन विषयवस्तु समेटने कथाकार रामहरि पौड्यालका कथामा गौण पात्रहरूको कम प्रयोग भएको पाइन्छ ।

रामहरि पौड्यालका कथाको पात्रविधानलाई वर्गीयताका आधारमा विश्लेषण गर्दा आर्थिक रूपमा निम्नवर्गीय र मध्यमवर्गीय पात्रहरूकै बढी प्रयोग पाइन्छ । "आफना कथाहरूमा थोत्रो आदर्शता र मान्यतालाई कथाकारले नंग्याई दिनु भएको छ । विशेष गरेर मध्यम वर्गिय भोगाइहरूको चित्रण पाइन्छ यी कथाहरूमा ।"

### उच्चवर्गीय पात्र

वैचारिक दृष्ट्रिकोणले हेर्दा पौड्यालका कथामा नारी पात्रमाथि यौनशोषण गर्ने पुरुष पात्रहरूलाई उच्चवर्गीय पात्रहरूको रूपमा लिन सकिन्छ । यसरी विश्लेषण गर्दा 'उसलाई सम्झँदा' कथाको लोग्ने पात्र, 'यसरी नौलो जीवन शुरू हुन्छ' कथाको नारी पात्रमाथि यौनशोषण गर्ने उच्च अफिसर र महात्मा जोगी र 'सल्ला सुसाइदिन्छ' कथामा प्रेमको नाटक रचेर घर ल्याई प्रेमिकाको अस्मिता लुटेपछि त्यसको मूल्य रू १००/ सम्झने बाबु र उ पात्रहरूले कथामा उच्च वर्गको प्रतिनिधित्व गरेका छन् ।

### मध्यमवर्गीय पात्र

जीवन गतिशील हुनुपर्दछ । सदासर्वदा मान्छे शोषित र पीडित भएर बाँच्नुहुँदैन । अन्याय, अत्याचार र शोषणको विरूद्ध विद्रोहको आवाज घन्काउनुपर्दछ भन्ने सन्देश दिने पौड्यालका कथाहरूमा प्रायश आर्थिक रूपले निम्न र मध्यम वर्गीय पात्रहरूको प्रयोग भएको पाइन्छ ।

रामहरि पौड्यालका 'उसलाई सम्भदा' कथामा दिनदिनैं रक्सी पिउने र स्वास्नीमाथि शोषण गर्ने लोग्नेको चरित्र–चित्रणले नेपाली समाजको मध्यम वर्गमा पाइने प्रवृत्ति देखिन्छ । 'वाक्कलाग्दा दिनहरू' कथामा लाहुरेलाई पैसा खर्च गरेर यौनतृप्तिका लागि बेश्याकहाँ पुग्ने मध्यमवर्गीय पात्रको रूपमा उभ्याइएको छ । छिमेकीको परिवारको अभाव र समस्यालाई परिपूर्ति गर्ने अभिभावकको रूपमा भित्रिएको काकाले आमाको यौन शोषण गर्ने मात्र नभई परिवारको हक र अधिकार खोस्दै मालिक बन्न पुगेको 'लुटेरा काका' कथामा काका पात्र मध्यमवर्गीय पात्र हुन् ।

### निम्नवर्गीय पात्र

"गरीबी र अन्यायको विरूद्ध जनमुक्तिको सशक्त आवाज लिएर उठनुपर्छ ।" भन्ने रामहरि पौड्यालका कथामा विपन्न, उत्पीडित निम्नवर्गीय जीवनको भोगाइको यथार्थता पाइन्छ । अभाव र समस्याले ग्रस्त छोरा, छोरी र आमाको परिवारको यथार्थता 'लुटेरा काका' कथामा देखाइएको छ ।

आर्थिक अभाव पूरा नगरिदिने लोग्ने भएको हुँदा वाध्यतावश कान्छी बेश्या बनेको प्रसङ्ग 'वाक्कलाग्दा दिनहरू' कथामा पाइन्छन् । पौड्यालले 'मास्टरको जीवनी' कथामा फाटेको कट्टु र फाटेको भोटो लगाएर स्कुल आउने विद्यार्थीको चरित्रचित्रण गरी नेपाली समाजको निम्नवर्गीय परिवारको वास्तविक स्थितिलाई पाठकसामु पस्किएका छन् । अघिल्लो रात भोकै बसेको र घरमा चामल नभएपछि दुई रूपैया सापट लिएर चामल ल्याई आमाले पकाएर खाँदा स्कुल ढिलो पुगेको विद्यार्थीको घटनाले एक छाक खान पनि नपुग्ने निम्नवर्गीय परिवारको कारुणिक यथार्थतालाई कथाकारले प्रष्ट्याएका छन् । बाबुसँग पैसा नभएकोले लकेट किन्न नसकेको गरिब विद्यार्थीको अवस्था, खान नपुग्ने भएकोले परिवार चितौन जानका लागि पढाइ नै छोडनुपर्ने विद्यार्थीको बाध्यता, तीन महिनाको शुल्क बुझाउन नसकी स्कुलमा नाम काटिन गई बिन्ति बिसाउन आएको एक बूढो अभिभावकको चरित्रले निम्नवर्गीय परिवारको आर्थिक अभाव र समस्याको दृश्य प्रस्तुत गर्दछ । पौड्यालको 'निर्णयको निम्ति' कथामा गरिबीका कारण जागीरको आशामा दरखास्त दिनुपर्दाको खर्चले जाडोको समयमा पनि एउटा कोट सिलाउन नसकेको कृष्णको अवस्था देखाइएको छ ।

आसन्नताको आधारमा कथामा मञ्चीय र नेपथ्यीय गरी दुई प्रकारका पात्रहरूको प्रयोग गरिन्छ ।

**मञ्चीय पात्र**

कथामा उपस्थित भई कार्यव्यापार वा सम्वाद प्रस्तुत गर्ने पात्रहरूलाई कथाका मञ्चीय पात्रको रूपमा लिइन्छ । रामहरि पौड्यालको 'उसलाई सम्झँदा' कथामा समाज र आफ्नै लोग्नेबाट पीडित भई बदलाको भावनाले भित्रभित्रै प्रताडित स्वास्नी र उसको कुरा सुनिदिने म पात्रहरू मञ्चीय पात्र हुन् । 'वाक्कलाग्दा दिनहरू' कथामा अतृत्त यौन चाहनाबाट कुण्ठित रमाको सपनालाई यौन उत्तेजनाको प्रतीकको रूपमा लिइएको छ जुन मञ्चीय छ ।

पौड्यालका 'मास्टरको जीवनी' कथाको उराठलाग्दो नैराश्यपूर्ण मास्टरको दैनिकी जीवनमा आएका गरिब विद्यार्थीहरू, राम, गरिब बूढो अभिभावकहरूको चरित्रलाई मञ्चन गर्न सकिन्छ । आफूसँग भएको सीमित पैसाले जग्गा कहाँ किन्ने भनी निर्णयमा

पुग्न नसकेको कृष्ण पात्र 'निर्णयको निम्ति' कथाका मञ्चीय पात्र हुन् भने 'सल्ला सुसाइदिन्छ' कथाका उ लगायत ट्युशन पढाउन आउने मास्टर, उ पात्रसँग प्रेम गरी भागेर आउने केटी, उसको धनको अभिमानी बाबु जो ठेक्काले डुबेर सर्वस्व समाप्त भएपछि जेल परी मृत्युको मुखमा पुगेका छन् । उनका आमालगायत सुखसयलमा हुर्किएकी उसका अर्की प्रेमिकाको चरित्रचित्रण मञ्चनयोग्य छन् । आफ्नो शोषणको विरूद्धमा आवाज उठाउँछन् भनेर स्कुल जान बन्देज लगाइएको दाज्यू, भाइ र बहिनीहरू काकाको कूटनीतिमा परी आफूआफूमा झगडा गर्दछन् । अन्त्यमा काका भनाउँदोको घृणित र नीच चरित्रलाई उदाङ्गो पार्न तम्सेको छोरा, शोषित र पीडित आमा, शोषक काका 'लुटेरा काका' कथाका मञ्चीय पात्रहरू हुन् ।

**नेपथ्यीय पात्र**

कथयिताले वा अन्य पात्रले नाम मात्र लिने र पूर्वकालमा सक्रिय रहेका पात्रहरूलाई नेपथ्यीय पात्र भनिन्छ । 'वाक्कलाग्दा दिनहरू' कथाको ब्यारेकमा बसेर कान्छीलाई वास्ता नगर्ने लोग्ने पात्र, 'मास्टरको जीवनी' कथाका एक छाक खान पनि छिमेकीसँग २ रूपैयाँ सापट लिने गरिब अभिभावक नेपथ्यीय पात्रहरू हुन र 'यसरी नौलो जीवन शुरू हुन्छ' कथाका मुख्य नारी पात्रलाई झुठो प्रेमजालमा फँसाएर बेपत्ता हुने उच्च अफिसर नेपथ्यीय पात्र हुन् । 'परम्पराको तुस' कथामा सानै उमेरमा उषासँग विवाह भई मृत्युवरण गर्न पुगेको उषाको लोग्नेलाई नेपथ्यीय पात्रको रूपमा लिन सकिन्छ । खेत रोप्ने बेलामा पहाडमा हुने बलियाहरूको निर्धोमाथिको थिचोमिचोका कारणले आफ्नो सँधियार ठालूको कुटाइ खाएर खेत बेच्नुपरेको कृष्णको काकाको अतीतलाई कृष्णले सम्झिन पुग्छन् । यसर्थ कृष्णको काका नेपथ्यीय पात्र हो । 'खोजमा' कथामा उ पात्रले सिमासँग बिताएको सुखद् क्षणलाई सम्झेको छ । यसर्थ उक्त कथामा सिमा र सिमा खोज्न जाँदा बताएको माइला पात्रलाई पनि नेपथ्यीय पात्रको रूपमा पौड्यालले कथामा प्रस्तुत गरेका छन् ।

कथामा प्रयुक्त पात्रहरूको स्वाभावको आधारमा हेर्दा स्थिर र गतिशील दुई प्रकारको पात्रहरूको कथामा प्रयोग गरिएको हुन्छ ।

### गतिशील पात्र

कथामा कुनै पात्र कार्यव्यापारबाट कुनै घटनाले प्रभावित भई आफ्ना सिद्धान्त, मान्यता, आचरण र सोचाइमा समयअनुसार परिवर्तन गर्छ भने त्यस्ता पात्रहरूलाई गतिशील पात्रको रूपमा लिइन्छ । रामहरि पौड्यालका 'सल्ला सुसाइदिन्छ' कथामा ट्युशन पढाउन आउने मास्टरलाई दुःख दिने र निम्नवर्गीय केटीलाई आफ्नो यौनशिकार बनाई बाबुको कुरामा रू १००/ दिएर फिर्ता पठाउँदा रमाउने म पात्र आफ्नो परिवारको दुर्गतिपछि आफूले निम्नवर्गीय केटीप्रति गरेको अन्यायको प्रायश्चित गरेर गतिशील पात्रको रूपमा उभिएको छ । 'निर्णयका निम्ति' कथाका कृष्ण पात्र सुरूमा निर्णय गर्न नसक्ने पात्र भएता पनि कथाको अन्त्यतिर आएर अरूको भरमा बाँच्न नहुने विचार गरी निर्णय आफैँ गर्नका लागि तत्पर रहेको हुँदा उसलाई पनि गतिशील पात्रका रूपमा राख्न सकिन्छ ।

### गतिहीन पात्र

कथाको सुरूदेखि अन्त्यसम्म एउटै स्वाभाव, आचरण र चरित्रमा प्रस्तुत हुने पात्रलाई गतिहीन वा स्थिर पात्रको रूपमा लिइन्छ । 'उसलाई सम्झँदा' कथाका लोग्ने पात्रलाई कथाको सुरूआतदेखि नै निरन्तर रूपमा आफ्नो स्वास्नीप्रति यौन शोषण गर्ने, दिनहुँ रक्सी पिएर घर आउने गतिहीन वा स्थिर पात्रको रूपमा कथामा उभ्याइएको छ ।

आबद्धताको आधारमा कथामा प्रयुक्त पात्रहरूलाई बद्ध र मुक्त गरी दुई प्रकारले वर्गीकरण गर्न सकिन्छ ।

### बद्ध पात्र

कथाको कार्यव्यापारलाई गति दिनमा वा अगाडि बढाउनमा भूमिका खेल्ने पात्रहरू बद्ध पात्र हुन् । जुन पात्रलाई कथाबाट झिकिदिँदा कथाको संरचना नै भत्किन्छ त्यस्ता पात्रलाई बद्ध पात्र भनिन्छ । रामहरि पौड्यालका कथामा बद्ध पात्रहरूको रूपमा 'खोजमा' कथामा उ पात्रले खोजिरहेको सिमा पात्र र 'परम्पराको तुष' कथामा श्यामकी प्रेमिका उषा बालविधवा हो भन्ने थाहा पाएपछि परम्परागत मान्यताका कारण श्याममा परेको मानसिक प्रभावले उषालाई बद्ध पात्रको रूपमा लिन सकिन्छ ।

**मुक्त पात्र**

कथामा पात्रको कुनै भूमिका छैन् र त्यस पात्रलाई कथाबाट झिकिदिँदा कथानकमा कुनै असर पर्दैन भने त्यस्ता पात्रलाई मुक्त पात्रको रूपमा लिइन्छ । उपयुक्त पात्रहरूको चरित्रचित्रण गरी आधुनिक चिन्तन र दृष्टिकोण, बौद्धिकता र विषयवस्तुको गहनतालाई समेट्ने पौड्यालका कथाहरूमा मुक्त पात्रहरूको त्यति प्रयोग भएको पाइँदैन् ।

रामहरि पौड्यालका 'सल्ला सुसाइदिन्छ' कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरूको अध्ययन गर्दा पात्रविधानको दृष्टिकोणमा उनका कथाहरू उत्कृष्ट छन् । पात्रहरूको उपयुक्त संयोजन गरी जीवन र जगत्को यथार्थतालाई उजागर गरेका छन् । मानिसमा अर्न्तनिहित यौनजन्य व्यवहार, विकृत रूप, घृणित, नीच र बर्बरतालाई सूक्ष्म रूपमा नङ्ग्याउदै अन्याय र अत्याचार विरूद्ध सङ्घर्ष गर्न आव्हान गर्दछन् । कथासङ्ग्रहको भूमिकामा नै विपन्न, उत्पीडित, पिछडिएका वर्गहरूलाई अन्याय र अत्याचार विरुद्ध सशक्त क्रान्ति गर्न आव्हान गरिएको छ । प्रतीकात्मक रूपमा पात्रहरूलाई उभ्याई तत्कालीन मुलुकको आर्थिक, सामाजिक र राजनैतिक स्थितिको झलक पौड्यालका कथामा पाइन्छ । विसङ्गतिवादी, अस्तित्ववादी विशिष्ट साहित्यकार पारिजातबाट प्रभावित कथाकार रामहरि पौड्यालका कथामा व्यक्तिचरित्रको सफल प्रस्तुति गरेर पुरूषद्वारा शोषित र पीडित नारीहरू आफ्नो अस्तित्वका लागि लड्न जुर्मुराएका छन् । निम्नवर्गीय र मध्यमवर्गीय मानिसले व्यहोर्नुपर्ने आर्थिक कठिनाइ र समस्यालाई पात्रहरूको चरित्रचित्रणमार्पत मार्मिक ढङ्गले प्रस्तुत गरिएका पौड्यालका कथाहरूले नेपाली साहित्य आकाशमा विशेष महत्त्व राख्दछन् ।

**घ) परिवेश**

प्रस्तुत कथासङ्ग्रह 'सल्ला सुसाइदिन्छ' कथा सङ्ग्रहका कथाहरूको परिवेशलाई हेर्दा नेपालको गाँउघर अनि गाँउघरमा चलि आएको रीतिरिवाज, संस्कार आदिको सेरोफेरोमा घुमेको देखिन्छ । कतै नारी शोषण त कतै गरिवीको सेरोफेरो आएका छन् ।

उसलाई सम्झँदा कथामा श्रीमतीमाथि यौन शोषण गर्नु, उसका इच्छा विरूद्ध यौनतृप्ति लिनु र श्रीमतीको यौनेच्छा चाहिँ कुण्ठित पार्नुपर्ने बाध्यात्मक परिस्थितिको चित्रण आएको छ ।

'वाक्कलाग्दा दिनहरू' मा बेश्या कान्छी थाकेर पनि अरूलाई यौनतृप्त गराइदिनुपर्ने रमा चाहि खाली नै हुँदा पनि कोही नजानु, पर्खेर वस्दा वाक्क लाग्नु, रमा भन्दा सानी र कम पढाइ भएपनि बिवाह चाँडै हुनु, उसको बिवाह नहुनु र उसले राम, श्याम वा लाहुरे जोबाट भएपनि यौन सन्तुष्टि लिने प्रण गर्नु जस्तो परिस्थितिको चित्रण यस कथाको परिवेश बन्न पुगेको पाइन्छ ।

'मास्टरको जीवनी' कथामा छात्राका पाँसुला हेरेरै यौनतृप्त लिने मास्टरको परिस्थिति, मास्टरी पेशाको महत्त्व र देन कसैले नबुझ्ने, राम र बाहुन बाजेको छोरो जस्ता गरीब विद्यार्थी पढ्न मन भएर पनि पैसा नभएर पढ्न नपाउने परिस्थिति, कुनै मानिस छोरालाई पिट्न नहुने कुरामा जोड दिने परिस्थिति यस कथाको परिवेश मान्न सकिन्छ ।

'यसरी नौलो जीवन सुरू हुन्छ' कथामा प्रेम गर्ने निहुँले सम्भोग गर्ने, समाजका अधिकृत जस्तो पदमा रहेका व्यक्तिबाट नारी बलात्कृत हुनु, प्रेमलाई पराकाष्टामा पुऱ्याएपछि पतन हुन्छ, उकालो चढेपछि ओरालो झर्नैपर्ने नियम टुप्पामा पुगेपछि ओर्लनैपर्ने सत्यतामा घुमेको परिवेश धर्मकर्म गर्ने महात्मा जस्ताबाट नारी गर्भिणी भई भ्रुण हत्या गर्न औषधी खानु र बगरमा भ्रुण फालेपछि स्याल र गिद्धको रजाँइ हुनु, एउटी नारी संभोग गरिँदैमा स्त्री नबन्ने कुराहरूको सेरोफेरो नै यस कथाको परिवेश मान्न सकिन्छ ।

'परम्पराको तुस' कथामा एउटी बाल विधवाको कारूणीक कथालाई पस्किएर श्यामले उषा बाल विधवाका बारेमा माया प्रेम देखाउनु जब उ विधवा भनेर थाहा पाउँछ तब त्यही रसपूर्ण प्रेम विरस हुनु, अँगालोमा कसिएको माया एकाएक छुट्नु, सपनाको कुराले पनि उसलाई पिरोल्नु जस्ता कुराहरूको सेरोफेरो नै यस कथाको परिवेश रहेको पाइन्छ ।

'एउटा प्रश्न' कथामा टुहुरा दुई तीन बच्चाहरू लुगाविहिन पेटीमा बसेका र तिनलाई जीप पेटीमाथि चढाएर किचेर मार्नु, सहाराविहिन मान्छेको मृत्यूमा कोही केही आवाज उठाउँदैनन् । सत्य नबोलेर मानिस बनेका, तृप्तिको चाहानामा अस्वीकृत सन्तान जन्मनु र तिनीहरूले दुःख भोग गर्नु जस्ता घटनाहरूको परिस्थितिपूर्ण चित्रण नै परिवेश हो ।

'निर्णयको निम्ति' कथाका काले जस्ता सर्वसाधारण निमुखा जनता अर्काको बहकाउ र लहैलहैमा लागेर आफूले पाउने हक अधिकारबाट पनि वञ्चित भई बेघर र जग्गाविहिन हुन्छन् भने गरीब किसानको दुःखपूर्ण स्थितिको चित्रण परिवेशमा आएको पाइन्छ ।

'खोजमा' सीमासँग विताएको सुखद् क्षण, अन्जान गाउँमा सीमाको खोजी गर्नु, त्यहाँ माइलालाई खोज्न आएको भनी झुठा कुरा बताउनु, एउटी नारीको पति मर्छ र उ पागल हुन्छे त्यसलाई खेलौना झैं मानिसले उसलाई खेलाउँछन् । सान्त्वनाको आहारले उसलाई पुर्छ, उ निस्सासिन्छे तर उ जीवन चाहान्छे, बाँच्न चाहान्छे, एउटाको मृत्यूमा अर्काको जीवन कति निरर्थक हुन्छ भन्ने कुराको चित्रण नै परिवेश मान्न सकिन्छ । 'लुटेरा काका' कथामा काका वनेर आई आमाको नारीत्व हरण गरिदिन्छ र आमाको बलात्कार गरी यौनतृप्त गर्छ, अप्ठ्यारो परिस्थितिलाई बुझेर परेवा बनेर आएका काका बाजको रूपमा उभिनु, हरेक रात आमालाई निशंकोच भोगिदिनु जस्ता विभिन्न घटनाहरू नै परिवेश बन्न पुगेको पाइन्छ ।

'खोई' वातावरण दुसित हुनु, वरपिपले चौतारी गन्हाउने हुनु, आकाशका विरूद्ध आकाश नै खडा हुनु, शान्तिको खोजीमा बाज उडिरहेको देख्नु, जुकाले सबैको शरीरको रगतको स्वाद थाहा पाएझैं खोई त हामी जुका पनि बन्न सकेनौं भन्ने खेदको सेरोफेरो नै परिवेश मान्न सकिन्छ ।

'सल्ला सुसाइदिन्छ' गरीबकी छोरीलाई प्रेममा फसाएर विवाह गर्नु र कुलीनताको बोझ बोकाएर उसको प्रेम १०० रू. मा किनी उसलाई तिरस्कार गर्नु र धनीकी छोरी विवाह गर्न खोज्दा केटीको बावुले कुल र वैभव वीनाको लफङ्गालाई ज्वाई बनाउन नसक्ने र वाध्यात्मक शिक्षा मास्टरबाट थोपर्नु जस्ता परिस्थिति नै यस कथाको परिवेश हो ।

### ङ) उद्देश्य

कृतिमा अभिव्यक्त गर्न खोजिएको प्रयोजन नै उद्देश्य हो । हरेक कृतिको रचना प्रयोजनमूलक ढङ्गले गरिएको हुन्छ । मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण, यथार्थको प्रकटीकरण आदिलाई उद्देश्य मानिन्छ । 'सल्ला सुसाइदिन्छ' कथा सङ्ग्रहमा रहेका कथाहरूमा नेपाली नारीहरू आफनै घरको लोग्ने, समाजका उच्च ओहोदामा रहेका अधिकृत, धर्मको ठेकेदार महात्मा, सुरक्षाको ठेकेदार प्रहरी जस्ता ब्याँसाहरूबाट कहिले प्रेमको नाममा त कहिले धर्मको नाममा अनि कहिले सुरक्षाको नाममा बलात्कृत हुन्छन् । कुनै कथामा प्रेमी बनेर नारीलाई नारीत्व हरणमा पार्छ । कहिले देबर (काका) बनेर नारीको इज्जत लुटेर नारी अस्मिता माथि प्रश्न चिन्ह खडा पार्छ भन्ने विभिन्न किसिमका

कथाहरूका माध्यमबाट नारी अस्मिताको रक्षा गर्नुपर्छ भन्ने उद्देश्य यस कथा सङ्ग्रहका कथाहरूमा पाइन्छ । काले जस्ता समाजका निमुखा अर्काको खेत जोतेर खाने सर्वसाधारण जनता अर्काको वहकाउमा लागेर पाउने अधिकारबाट पनि वञ्चित हुनुपर्छ त्यसकारण अर्काको भनाईमा नलागेर आफ्नो बुद्धिबाट काम गर्नुपर्छ भन्ने उद्देश्य यस सङ्ग्रहका कथामा पाउन सकिन्छ । समाजमा जागीर खान दिइने दरखास्तको खर्चबाट जाडोमा एउटा कोटै लाउन पुग्ने स्थितिको चित्रण गरी समाजमा त्यस्ता प्रथालाई प्राथमिकता दिन हुँदैन् भन्ने उद्देश्य यस कथामा आएको पाइन्छ । 'सल्ला सुसाइदिन्छ' कथा सङ्ग्रह रामहरि पौड्यालले वर्तमान जीवन प्रतिबिम्वित गर्ने उद्देश्यले लेखेको पाइन्छ । दासता, गरिवी र अन्यायको बिरूद्ध जनमुक्तिको सशक्त आवाज उठाउने उद्देश्यले पौड्यालले यो कथा सङ्ग्रहमा समाहित कथा लेखेको पाइन्छ । यस कथा सङ्ग्रहमा आएका कथाहरूमा विभिन्न उद्देश्य पाइन्छ । 'उसलाई सम्झँदा' कथामा दिनदिनै रक्सी पिउने र स्वास्नीमाथि शोषण गर्ने लोग्नेको भण्डाफोर गर्ने उद्देश्य पाइन्छ ।

'वाक्कलाग्दा दिनहरू' कथामा कान्छी जस्ती पेशेवार वेश्या थाक्दा पनि लाहुरेले उसमाथि गरेको जर्बजस्तीलाई सहन नसकी कान्छी चोर चोर भन्दै कराउँदा खाली वसेकी (कुरेर बसेकी) रमापट्टि एक झल्को पनि नहेर्ने र रमाले पनि आफू कायर भएर बोलाउन नसक्ने स्थितिको चित्रण गरी अन्त्यमा राम, श्याम वा लाहुरे जो बाट भएपनि यौनतृप्त गर्ने रमाको उद्देश्य यस कथामा पाइन्छ । 'परम्पराको तुस' एउटी दश वर्षकी नारी बाल विधवा भएर बस्नुपर्ने वाध्यात्मक स्थिति र श्यामले उसलाई मन पराउने तर विधवा भनेर थाहा पाएपछि उ अलि लर्खराउने स्थितिको चित्रण गरी समाजमा जतिसुकै ठूलो भाषण गरेपनि भित्री रूपमा भने केही न केही परम्पराको तुस रहेकै हुन्छ भन्ने उद्देश्य यस कथामा पाउन सकिन्छ ।

'एउटा प्रश्न' कथामा यौन तृप्तिको चाहनामा जन्मेको अस्वीकृत सन्तान सडकराम हुन्छन् र तिनीहरूलाई ट्याक्सी पेटीमाथि चढेर किचेर मार्छ, सत्य नबोलेर यो सबै दुःख भोग्नुपरेको हो भन्ने उद्देश्य यस कथामा पाइन्छ ।

'निर्णयको निम्ति' कथामा कृष्ण पहिले निर्णय गर्न नसक्ने पात्र हुनु, जागीरको दरखास्त दिँदा भएको खर्चले जाडोमा कोट लाउन पुग्थ्यो भन्ने कुरा गरेर जागीरमा पनि घुस

खुवाउनुपर्ने स्थितिको चित्रण गर्ने र काले जस्ता समाजका निम्न वर्गले भोग्नुपरेको वाध्यात्मक परिस्थितिको चित्रण गर्ने उद्देश्यले लेखेको पाइन्छ ।

'खोज' कथामा उ पात्रले सीमासँग बिताएका रमणीय क्षणहरूको स्मरण गर्नु, सीमाको खोजमा अन्जान गाँउको अपरिचित आँगनमा सीमा खोज्छ तर त्यहाँ सीमा हुन्न र उसले 'माइला' लाई खोजेको भन्ने तर्क राख्दछ । नभएको कुरा खोजी गर्दा द:ुख सिवाय उपलव्धी हुँदैन् भन्ने उद्देश्य यस कथामा पाइन्छ ।

'लुटेरा काका' कथामा हिउँदको न्यानो घाम र ग्रीष्मको ऋृतुको समीर भएर आएका काका प्रचण्ड सूर्य र शीतल समीर विकट आँधीमा परिणत भएझैं काका पनि आमाको अस्मितामा खेलवाड गरी निसंकोच हरदात भोग गरिदिन्छन् । दाजुभाइ बहिनीहरू बीच द्वन्द्व सुरू हुन्छ, सम्पन्न वा उच्च वर्गको मानिस हुन् काका जो सदाचारीको नाममा ब्यभिचारी बन्दछन् । आफ्नो उत्थान वा पतन बुद्धिको खेल हो, दाजुभाइ फुटेर होइन जुटेर एक हुनुपर्ने उद्देश्य यसमा पाइन्छ । 'खोई' मानिसले मानिसलाई सस्तो सम्भ्फेको उसको मोलले उसैको अत्येष्टी गर्न नपुग्ने, मानिस जुका बनेर एकबाट अर्कोमा सरी रगतको स्वाद लिने, श्राप र वरदान केहीले पनि भागीदार हामी नभएकाले जो जुका भएर रहेका छन् उनीहरूसँगै समर्पित भई पतनमा र सुखमा दुबैमा भागीदार भई उनीहरूको मृत्यूमा ब्रह्मनलसम्म पुग्नुपर्छ भन्ने उद्देश्य यस कथामा आएको पाइन्छ ।

'सल्ला सुसाइदिन्छ' कथामा ट्युसन पढाउने लाचारी मास्टर जो जबरजस्ती शिक्षा थोपर्न खोज्छ, उ पात्रसँग प्रेममा फसेर भागी आउने केटीलाई उ पात्रका पिताले रू १००/ हातमा दिई घरबाट बाहिर निकालिदिएबाट प्रेमलाई पैसामा दाँज्ने ब्वाँसाहरूको पनि ठेक्का डुबेर सर्वस्व हुन्छ, आफ्ना आफन्तले दुख सहन नसकी मृत्यूको मुखमा पर्छन् र आफूपनि त्यसको सिकार बन्नुपर्छ भन्ने उद्देश्य कथामा आएको पाइन्छ । सुखसयलमा हुर्केकी केटी ( अर्की केटी) सँग पुन: प्रेम गर्नु, उसको बुवाले मुल वैभव नभएको केटालाई ज्वाँई बनाउन नसक्ने भएपछि कुलीनताको खोजीमा पहिलेकी कुलीन भनी रू १००/ दिएर प्रेमको व्यापार गरेको कुरा सम्भ्फेर पश्चाताप गर्नु जस्ता कुरा देखाई प्रेमलाई पैसामा दाँज्न हुँदैन भन्ने उद्देश्य यस सल्ला सुसाइदिन्छ कथामा रामहरि पौड्यालले अघि सारेका छन् ।

### च) दृष्टिबिन्दु

कृतिलाई पाठकसमक्ष उपस्थित गर्ने तरिका दृष्टिबिन्दु हो । यसकै माध्यमबाट लेखकीय विचारधारा पनि प्रस्तुत गरिन्छ । यस कथा सङ्ग्रह 'सल्ला सुसाइदिन्छ' मा धेरैजसो कथाहरूमा तृतीय पुरूष दृष्टिबिन्दुको प्रयोग भएको छ भने कोही कथामा प्रथम पुरूष दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । 'उसलाई सम्झँदा' कथामा मूख्यत तृतीय पुरुष दृष्ट्रिविन्दुको प्रयोग गरिएको पाइन्छ भने प्रथम पुरूष दृष्टिबिन्दु पनि उत्तिकै मात्रामा आएको पाइन्छ । यसरी हेर्दा 'उसलाई सम्झँदा' कथामा दुवै दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

'वाक्कलाग्दा दिनहरू' कथामा तृतीय पुरूष दृष्ट्रिबिन्दुको प्रयोग भएको पाइन्छ । 'रमा आज घरमा एक्लै बसेकी छ' भन्ने वाक्यबाट सुरू भएको कथा 'उँ निदाउँछे' मा गएर टुङ्गिएकाले तृतीय पुरूष दृष्टि बिन्दुको प्रयोग भएको देखिन्छ ।

'मास्टरको जीवनी' कथामा प्रथम पुरूष एवम् तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । 'म फर्कन्छु' मा प्रथम पुरूष छ भने उ आउँछ, अन्त्यको उ गइसकेकी हुन्छे' वाक्यले तृतीय पुरुष दृष्टिबिन्दुको प्रतिनिधित्व गरेको हुन्छ ।

'यसरी नौलो जीवन सुरू हुन्छ' कथामा 'तिमीले सम्झेकी छौं' वाक्यले द्बितीय पुरूष दृष्ट्रिविन्दुको प्रयोग गरेको छ भने उसको छली वचनलाई अमृत सम्झयौं वाक्यले तृतीय पुरूष दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । यसरी यस कथामा द्बितीय र तृतीय दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

'परम्पराको तुस' कथामा 'उ टक्क अड्छ' वाक्यले तृतीय पुरूष दृष्टिबिन्दुको प्रतिनिधित्व गरेको छ भने उ आश्चर्यमा छ' वाक्यले सोही दृष्टिबिन्दुको वकालत गरेको देखिन्छ त्यसकारण परम्पराको तुस कथामा तृतीय पुरूष दृष्टिबिन्दुको सफल प्रयोग देखिन्छ ।

'एउटा प्रश्न' कथामा प्रथम पुरूष दृष्टि बिन्दुको प्रयोग छ भने ठाँउ ठाँउमा 'तिमीलाई' शब्दले द्बितीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । 'निर्णयको निम्ति' कथामा तृतीय पुरूष दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ ।

'खोजमा' तृतीय पुरूष दृष्टिबिन्दुको सपल प्रयोग भएको पाइन्छ । 'लुटेरा काका' कथामा प्रथम पुरूष दृष्टिबिन्दु र तृतीय पुरूष दृष्टिबिन्दुको सफल प्रयोग भएको पाइन्छ ।

'खोई' कथामा पनि प्रथम एवम् तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । 'सल्ला सुसाइदिन्छ' कथामा तृतीय पुरूष दृष्टिबिन्दुको सबैतिर एकनाससँग सफल प्रयोग भएको छ ।

यसरी सल्ला सुसाइदिन्छ कथा सङ्ग्रहमा रहेका कथाहरूमा कुनैमा प्रथम तृतीय, कुनैमा द्वितीय तृतीय त कुनै कथामा तृतीय पुरुष दृष्टिबिन्दुको सफल प्रयोग भएको देखिन्छ ।

**छ) भाषाशैलीय विन्यास**

संरचनाको निर्माण गर्ने बुनोटरूपी साम्य घटकहरूको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । यो अभिव्यक्ति/प्रस्तुतीकरणसँग सम्बद्ध सर्वप्रमुख पक्ष हो र यो लेखकैपिच्छे फरक फरक हुन्छ । भाषिक प्रयोगका दृष्टिले हेर्दा 'सल्ला सुसाइदिन्छ' कथा सङ्ग्रहको भाषा सरल, सहज र चलनचल्तीमा रहेका तत्सम्, तद्भव, आगन्तुक र कतिपय ठाँउमा अफिसर, पोष्टर, लिजर, पिरियड, क्लास, 'मे आइ कमिङ्ग ?' सर, प्रोग्रेस, टिचर, मिनेट, मास्टर आदिजस्ता भाषाका शव्दहरूको प्रयोग गरेर कथाहरू पौड्यालले लेखेका छन् । यस सङ्ग्रहका कथाहरूमा 'बाँझो बारी', कुर्नु, भुकुण्डो, नकाप, भुसिया कुकुर, सडकराम जुम्रा, उडुस, उपियाँ, लामखुट्टे, हिउँदको न्यानोघाम र गृष्मऋतुको सितल समीर, प्रचण्ड सूर्य, बिकट आँधी, जुका र कुलीनता आदि जस्ता बिम्ब र प्रतीकका माध्यमबाट कथाको भाषालाई विशिष्टता प्रदान गरिएको छ । पढ्न थालेपछि छोड्न मन नलाग्ने प्रस्तुत कथा सङग्रहका कथाहरूमा कौतुहलता र उत्साह जागृत हुन्छ । यस सङ्ग्रहका कथाहरू खासगरी चेतनाको लहर सबैमा जगाउँदै देशका जनतामा शिक्षारूपी उज्यालो ज्योतिका माध्यमबाट कुसंस्काररूपी अध्यारो पर्दा हटाउनुपर्छ र नारीलाई शिक्षित बनाई प्रगतिको पथमा लैजानुपर्छ भन्ने विचारधारा अघि सारिएको पाइन्छ । सुतेकालाई उठाउन, शोषित परिवेशलाई उत्साहका विउ रोपेर जगाउने उद्देश्य लिएर यस सङ्ग्रहका कथाहरू लेखिएको पाइन्छ । त्यस्तै विविध उद्देश्य लिएर लेखिएको कथासङ्ग्रहको भाषालाई सरल, सहज, स्वाभाविक र यथार्थवादी तथा मौलिक बनाएका छन् । यस कथासङ्ग्रहका कथाहरू पढ्दा कुनै प्रष्ट बुझिने छन् भने कुनै आलङ्कारिक छन्

त कुनै व्यञ्जनात्मक प्रकृतिका देखिन्छन् । प्रगतिवादी साहित्यकार  रामहरि पौड्यालले प्रगतिवादतर्फ उन्मुख भई कथा लेखेकाले कुनै सजिलै बुझ्न नसकिने छन् । शोषित, पिडित जनताको आवाज सम्बन्धित ठाउँमा पुगोस भन्ने उद्देश्यले यी कथाहरू लेखिएका हुनाले प्रगतीवादतर्फ उन्मुख कथाको भाषाशैली सरल नै भएको पाइन्छ । कथाको भाषाले कथानक रोचक बनेको छ । रामहरि पौड्यालका कथाहरूमा विषयवस्तुको गहनता, अनुकूल शैलीगत उच्चता, अभिव्यक्ति क्षमताको आकर्षणले कथा सशक्त बनेको छ ।

**ज) निष्कर्ष**

रामहरि पौड्यालको 'सल्ला सुसाइदिन्छ' कथा सङग्रहमा सङ्गृहित कथाहरूको अध्ययन गर्दा उनका कथाहरूमा अभिव्यक्ति क्षमताको आकर्षण स्पष्ट रूपमा पाउन सकिन्छ । वि.सं. २०२० को दशकदेखि नेपाली कथा परम्परामा देखापरेको नवीन धाराका कथाकारका पंक्तिमा उभिन पुगेका पौड्यालका कथामा गरिबीका कारणले उब्जेका जटिल मानवीय समस्या, शोषकवर्गको अन्याय र अत्याचारबाट पिडित निम्न वर्गका मानिसहरूको पिडालाई प्रस्तुत गरिएको पाइन्छ । कथाकार रामहरि पौड्यालले २०२२ सालदेखि निरन्तर रूपमा कलम चलाउँदै आएका हुन् । तापनि २०२५ मा 'हिलोमा फूलेको फूल' प्रकाशित भएबाट आधिकारिक रूपमा लेखन यात्रा अघि बढेको पाइन्छ । उनका कृतिहरू दुई प्रकृतिका छन् १) पुस्तकाकार २) फुटकर पुस्तकाकार कृतिमा २०४१ सालमा प्रकाशित एघार कथाहरूको सङ्ग्रह 'सल्ला सुसाइदिन्छ' हो । यस कथा सङ्ग्रहमा रहेका कथाहरूमा खासगरी नेपाली नारीले भोग्नुपरेको पीडा र निमुखा, गरिव जनताले विताउनुपरेको कष्टकर जीवनका सेरोफेरोमा कथानक घुमेको पाइन्छ । एउटा अबला नारी कहिले आफ्नै लोग्नेबाट शोषित, बलात्कृत हुन्छे त कहिले लाहुरे जस्ता कामुक व्यक्तिबाट बलात्कृत हुन्छे । नारीको प्रेम कहिले १०० रूपैयाँमा किनिन्छ त कहिले दयाको भागीदार हुन्छ भने कारूणिक कथा यस सङ्ग्रहमा पाइन्छ । नेपाली आमा कहिले काकाका छलकपटमा पर्छिन् त कहिले उपियाँ, उडुस, जुम्रा र लामखुट्टेबाट टोकिन्छिन् तर कहिले जुम्राबाट आफ्नो रगत चुसाउँछिन् । यस्तै मर्मस्पर्सी कथाहरू यस सङ्ग्रहभित्र समेटिएको पाइन्छ । नेपाली नारी कहिले सीमा भएर ठगिन्छे त कहिले रमा अनि निमुखा गरीब जनता काले जस्ता भएर अर्काको लहैलहैमा लागेर सर्वस्व लुटाउँछन्, कहिले कृष्ण जस्तो भएर जागिरको दरखास्त दिँदा दिँदा कोटै किन्न पुग्ने पैसा सक्छन् भन्ने कारूणिक कथाहरू समेटिएर यस सङ्ग्रह समृद्धशाली भएको छ । ती सम्पूर्ण नेपाली जनतालाई

मुक्ति दिलाउने उद्देश्य स्वरूप कथाहरू प्रस्तुत भएका छन् । रामहरि पौड्यालको 'सल्ला सुसाइदिन्छ' कथा सङ्ग्रहका कथाहरूको अध्ययन नेपाली नारी कहिले वेश्या, कहिले श्रीमती, कहिले भाउजु, कहिले प्रेमिका भएर शोषित पिडित भएका छन् तिनै पिडित नारीहरूलाई न्यायको ढोकासम्म पुऱ्याउने उद्देश्यले यी कथाहरू लेखिएका छन् । त्यसैगरी पात्रहरूको मनोदशा, कौतुहलता, उत्सुकता पनि यस सङ्ग्रहका कथाहरूमा भेट्न सकिन्छ । पौड्यालले पात्रहरूको उपयुक्त संयोजन गरी जीवनजगतको यथार्थतालाई उजागर गरेका छन् । मानिसमा अर्न्तनिहित यौनजन्य व्यवहार, विकृत रूप, घृणित व्यवहार, नीचप्रवृति र बर्वरतालाई सूक्ष्म रूपमा नङ्ग्याउँदै अन्याय र अत्याचार विरूद्ध संघर्ष गर्न, आवाज उठाउन आव्हान गरेका छन् । प्रतीकात्मक रूपमा पात्रहरूलाई उभ्याई तत्कालीन मुलुकको आर्थिक, सामाजिक र राजनीतिक स्थितिको भलक पौड्यालका कथामा पाइन्छ । उनका कथाहरूमा प्रथम–तृतीय पुरूष दृष्टिबिन्दु, प्रथमपुरूष दृष्टिबिन्दु, तृतीय पुरूष दृष्टिबिन्दु, द्धितीय–तृतीय पुरूष दृष्टिबिन्दुको सफल प्रयोग गरेका छन् ।

### ५.२.२. रामहरि पौड्यालका समालोचनात्मक कृति 'भानुदेखि प्रश्रितसम्म' को विश्लेषण

परिचय


नेपाली साहित्यका बिभिन्न विधामा कलम चलाएका पौड्यालले समालोचना विधालाई पनि ढुँगा इट्टा थपेर सहयोग गरेका छन् । उनले आदिकवि भानुभक्त आचार्यका कृतिदेखि मानव महाकाव्यका महाकाव्यकार मोदनाथ प्रश्रितसम्मका कविहरूको कृतिमाथि विश्लेषण गरी समालोचना साहित्यमा आफनो प्रतिभालाई दर्शाएका छन् । वि.सं. २०४७ सालदेखि समालोचना विधामा हात हालेका पौड्याल बिभिन्न पत्रपत्रिकामा छरपष्टिएको अवस्थामा रहेका छन् । त्यसरी बिभिन्न पत्रपत्रिकामा प्रकाशित समालोचनाका थुँगाहरूलाई संगालेर उनले 'भानुदेखि प्रश्रितसम्म' नामको समालोचनात्मक कृति, २०४९ प्रकाशित गरेका छन् । यस कृतिमा सङ्ग्रह गरिएका समालोचनाहरूले समालोचनात्मक नेपाली साहित्य क्षेत्रमा महत्वपूर्ण योगदान दिएको छ भने यसै मार्फत पौड्याल नेपाली साहित्यका महत्वपूर्ण सर्जकहरूका बारेमा पाठक वर्गलाई जानकारी गराउने ध्येयले लेखन कार्यमा अग्रसर देखिन्छन् ।

'भानुदेखि प्रश्रितसम्म' नामको कृति २०४९ सालमा एकता प्रकाशन प्रा.लि बाट प्रकाशित भएको देखिन्छ । रचनामा प्रकाशकीय भूमिका पनि एकताले नै लेखेको शुद्धीकरण कार्यमा प्राध्यापकद्वय धर्मराज अधिकारी र बासुदेव अधिकारीबाट भएको छ । आकारका दृष्टिले मध्यमखालको देखिने प्रस्तुत कृति १५६ पृष्ठमा संरचित भएको छ । यस सङ्ग्रहको आवरण पृष्ठको माथिल्लो भागमा भानुभक्तको तस्वीर, मध्यभागमा एक ठूलो आँखाको चित्र र तल्लो भागमा मोदनाथ प्रश्रितको तस्वीर स्पष्ट राखिएको छ । त्यसको देब्रेपट्टिको भागमा लेखकको नाम लेखिएको छ ।

कूल ३२ सर्जकसित सम्वन्धित ३४ लेखहरूको संगालो 'भानुदेखि प्रश्रितसम्म' अत्यन्त रोचक कृति हो । यस सङ्ग्रहको विषय गहन र क्षेत्र व्यापक देखिन्छ । साप्ताहिक पत्रिकाको यौटा स्तम्भमा थुप्रै महत्वपूर्ण कृतिहरू लेख्ने सर्जकहरूका बारेमा जानकारी दिई तिनले नेपाली साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानको लेखाजोखा स्वरूपमा यो समालोचना तयार पारिएको देखिन्छ । ऐतिहासिक काल खण्डको आधारमा भानुभक्त आचार्यदेखि बि.सं. १९९९ भित्र जन्मिएका लेखकहरूसँग सम्वन्धित लेखहरूलाई यस सङ्ग्रहमा समाहित गरेको पाइन्छ ।

## विषयवस्तु

प्रस्तुत कृति 'भानुदेखि प्रश्रितसम्म' मा विभिन्न विषयसँग सम्वन्धित ३४ वटा लेख रचनाहरू सङ्ग्रह गरिएका छन् । ती लेखहरूलाई विषयका प्रकृतिका आधारमा निम्न क्षेत्रमा विभाजन गरी अध्ययन गरिएको छ ।




रामहरि पौड्यालद्वारा लेखिएको भानुदेखि प्रश्रितसम्म कृतिमा प्रगतिवादमा आधारित भएर लेखिएका १० वटा लेखहरू समावेश भएका छन् । ती लेखहरू जो जनताको लागि लेख्छ, न्यायप्रेमी न्यौपाने, बैचारिक विकासमा कवि श्यामप्रसाद शर्मा, सडक कविता

क्रान्तिका प्रणेता भवानी, बहुआयामिक प्रतिभा आनन्ददेव भट्ट, लिनु र पयाँक्नु पर्ने कुरा, बस्तुनिष्ठ र व्यक्ति निष्ठका पक्षधर गोविन्द भट्ट, जनचेतना फैल्याउने अरूण प्रकाश, रामचन्द्र भट्टराई, मानवदेखि गोलधरको सन्देश आदि बिभिन्न शीर्षकमा उनका समालोचनाहरू यस भानुदेखि प्रश्रितसम्मको कृतिमा समावेश प्रगतिवादमा आधारित समालोचनाहरू हुन् । तिनीहरूमा रहेको विषयवस्तु यसप्रकार छः

'जो जनताको लागि लेख्छ' भन्ने शीर्षकको लेखमा ४४ वर्षको अल्पायुमा मृत्यूवरण गर्न पुगेको कुरा स्कूलमा (दरवार हाइस्कूलमा) सुनाइयो र हृदयचन्द्र प्रधानको सम्मानका लागि स्कूल बिदा र शोकको आयोजना गरियो भन्ने कुराको जानकारी रामहरि पौड्यालले दिएका छन् । हृदयचन्द्रसिंह प्रधान वि.सं. २०१६ साल माघ १० गते हृदयाघातका कारण साहित्ययात्रालाई चटक्कै छाडी जीवनयात्रा समेत टुङ्ग्याउन पुगे । उनी आन्तरिक रोगको कडा प्रतिवाद गरिरहेका थिए भने आन्तरिक रोग सँगै आन्तरिक सङ्घर्षमा पिल्सिएको देशको अवस्था, शोषण र गरिवीको सङ्घर्षमा निरन्तर रूपमा लागि रहे । शोषित, पीडित जनताका हृदयमा विराजमान हुन पुगेका हृदयचन्द्रसिंह प्रधान वास्तवमा हृदयका चन्द्र नै थिए । १८ वर्षको कलिलो उमेर मै शारदा पत्रिका मार्फत 'मातृ स्नेह' शीर्षकको लेख प्रकाशन गरी साहित्य यात्राको थालनी गरेका थिए । प्रधानले नेपाली साहित्यका क्षेत्रमा गद्यविधामा विशेष ध्यान दिए फलस्वरूप उनले यसै क्षेत्रमा स्वर्णाक्षरमा आप्नो नाम लेखाएका छन् । हुनत उनका पद्यात्मक कविताहरू, उपन्यासहरू पनि नेपाली साहित्यमा अमूल्य निधि रहेर बसेका छन् । उनका कविता र उपन्यासहरू सशक्त, जोडदार, उपयोगी एवम् मर्मस्पर्सी छन् । वि.सं. १९९२ साल माघ १२ गते यस धर्तीमा आएका हृदयचन्द्रसिंह प्रधान देशको आवश्यक्तानुरूप निबन्ध, व्याकरण, एकाङ्की, उपन्यास, कथा कविता तथा आलोचना आदि विविध विद्यामा कलम चलाई आफूलाई सशक्त साहित्यकारका रूपमा उभ्याएका छन् । उनका यी कृतिहरूले तत्कालीन नेपाली समाजमा विद्यमान अन्धविश्वास, आर्थिक शोषण, सङ्कीर्ण जातीवाद, अनमेल विवाह, बहूबिबाह आदिमाथि प्रत्यक्ष परोक्ष प्रहार गरेका छन् । उनी समाज सुधारका लागि आर्थिक, सामाजिक, साँस्कृतिक क्रान्तिको आह्वान गर्दै नेपाली समाजलाई एक हुन आव्हान गर्छन् । यिनै व्यक्ति जो जनताका हृदयका चन्द्र बने र जनताका लागि लेखे, जनताले पनि उनै प्रगतिवादी विचारका सम्वाहकका बारेमा लेख्छन् भनी यस कृतिमा रामहरि पौड्यालले चर्चा गरेका छन् ।

'न्यायप्रेमी न्यौपाने' शीर्षकको लेखमा रामहरि पौड्यालले रबिचन्द्र न्यौपानेको जीवनीलाई नियालेका छन् । वि.सं. १९८४ सालमा गण्डकी अञ्चल तनहूँ जिल्लाको कृयापानीमा जन्मेका न्यौपाने राजधानीको सुख सुविधा र सहुलियतपूर्ण जीवनबाट बञ्चित भएरपनि कालो र अन्धकाररूपी राणाशासन र एकदलीय पञ्चायती व्यवस्थाका बिरूद्धमा निडर भएर जनताको पक्षमा वकालत गर्दथे । उनले अन्धकार रूपी (राणा शासन) शत्रुलाई सूर्यले झैं धपाउनु पर्छ र शोषित पीडित जनताको छियाछिया परेर चहऱ्याएको मुटुलाई चन्द्रमाले झैं शितल दिने प्रण गरी आफ्नो नाम रबिचन्द्र राखेको चर्चा गरेका छन् । भानुभक्त, लेखनाथ, देवकोटा आदि साहित्यकारबाट साहित्यमा प्रभाव ग्रहण गरेका न्यौपानेलाई कवि बन्ने प्रेरणा भने शोषणयुक्त देशको वातावरण नै भएको पाइन्छ । वि.सं. २००६ सालदेखि नै नेपाली राजनीतिमा भाग लिएपनि २०१७ साल पुष २ गतेबाट भने सक्रिय रूपमा पञ्चायती व्यवस्थाको विरूद्धमा भाग लिन थाले । पटक पटक जेल नेल भोग्न बाध्य न्यौपाने २०२१ सालदेखि कम्युनिष्ट बिचारधाराबाट प्रभावित भएका थिए । गरिव, शोषित जनताको हित गर्ने यही एक सफल माध्यम हो भन्ने बुझेपछि उनी यसै सिद्धान्तमा हालसम्म अडिग छन् । शोषणको मारबाट बसाइ सर्न बाध्य भएका न्यौपाने परिवार हाल भक्तपुर जिल्लामा स्थायी रूपमै बसोवास गर्दै आएका छन् । उनको प्रथम कविताको रचना २०१२ सालतिर भएको देखिन्छ । उनले वि.सं. २०१२ देखि २०४७ सालसम्म लेखेका २३ वटा कविताको सङ्गालो 'अचाना" प्रकाशमा ल्याएका छन् । उनका यी कवितामा कतै हुङ्कार, कतै विरोध, कतै अत्याचारको सुक्ष्म छेउरवानी त कतै सुझाव एवम् सजग हुन चेतावनी दिई शास्त्रीय, झयाउरे, मुक्त छन्द लयमा छन् । यी कविताहरूले आम नेपाली जनताहरू अचानो भएर अरूका लागि बाँची दिनु पर्ने बाध्यात्मक परिस्थितिको चित्रण गरेका छन् भनी रामहरि पौड्यालले यस कृतिमा चर्चा गरेका छन् ।

'वैचारिक विकासमा कवि श्यामप्रसाद शर्मा' शीर्षकको लेखमा पौड्यालले श्याम प्रसाद शर्माका बारेमा चर्चा गरेका छन् । वि.सं. २००२ सालदेखि २०२४ सालसम्मका २० वटा पद्य रचनाहरूको सङ्गालो 'केही कविता केही गीत' लिएर हृदय नामका धनी श्यामप्रसाद शर्मा जनसमक्ष वैचारिक कविताको पोको फुकाउछन ्। उनी आफ्ना यी विचारहरू निरन्तर बिकासक्रममा अग्रसर गराउने कार्यमा तन्मयसाथ लागिरहन्छन् । उनी श्रम र चेतनाबाट कला परिष्कार हुन्छ 'कलाको उपयोगीता वर्गहीतमा नै अडिएको हुन्छ' भन्छन् ।

'सन्देश–२००२' कविताबाट परम्परागत धर्म र मान्यतालाई अघि सारेका शर्मा 'कृषि उद्वार' २००३ कविताबाट भने धर्मबाट अलि माथि उठी मानववादी वा समन्वयवादी बनेर देखा परेका छन् । त्यसैगरी उनको 'यथार्थबाद नै लिउँ' भन्ने कविताबाट उनी यथार्थवादी कवि भएर साहित्यमा चिहाएका छन् । २००७ सालको 'यहाँ समाजवाद छ' शीर्षकको कविताबाट उनी समाजवादी भएर झुल्किएका छन् । २००७ साल मै उनी मार्क्सवादी चेतनाबाट परितोषित भएका थिए । उनी साहित्य वर्गीय हुन्छ । साहित्यले वर्गहरूको चेतना र चाहनालाई प्रतिविम्वित गर्नुपर्दछ भन्ने मान्यता राख्छन् । वर्ग शत्रुलाई चिनेर उनीहरूको सँस्कार र नीतिवाट टाडै रहनुपर्दछ भन्ने श्यामप्रसादको जीवन र जगतलाई हेर्ने दृष्ट्रिकोण मार्क्सवाद हो र वैचारिक दृष्टिकोण कृति एवम् शैलीमा विचलन, ह्रास कहिल्यै नआएको प्रगतिवादी भएको यस्तै व्यक्ति जनताबाट टाडा भई ओझेलमा पर्न खोजेको, आम नेपालीहरूको सम्पत्ति श्यामप्रसाद भएकाले उनी जनता साम् रहनुपर्ने अनुरोध रामहरि पौड्यालले यस कृति मार्फत व्यक्त गरेका छन् ।

'सडक कविता क्रान्तिका प्रणेताः भवानी' शीर्षकको लेखमा वि.सं. १९८७ असोजमा पूर्वाञ्चलको बिराटनगरमा जन्मेका भवानी घिमीरे बुवा हिरण्यनाथ घिमीरे र आमा हाटकेशरी उपाध्यायका सन्तान हुन् । उनका बाबु एक सभ्रान्त पारिवारिक व्यक्तित्व थिए । सामन्ती सँस्कारमा हुर्केका र त्यही अनुरूप चलेका वावु र कोमल हृदय भएकी आमा दयालु र नम्र स्वाभावकी थिइन् । आमाबावुबीच विपरित स्वभावमा हुर्केका भवानीले सङ्घर्ष र अन्यौलपूर्ण स्थितिबाट आफूलाई अघि बढाए । कहिले ज्वरोको प्रकोप त कहिले बावुको शोषण अत्याचारयुक्त प्रवृत्तिको सामना गर्दै उनले अन्यायको पक्षमा लागि न्याय दिने काममा हरदम लागि रहे । बाबुको शोषक प्रवृत्तिको विद्रोहमा नवीन जीवनको यात्रा थाल्ने भवानी मार्क्सवादी चिन्तनमा लागेर नेपाली साहित्यकार देवकोटा र विदेशी साहित्यकारहरू गोर्की, पाठलो, नेरूदा, नागार्जुन, मुक्तिबोध आदिबाट प्रेरणा ग्रहण गर्न खोजेका छन् । उनले साहित्यिक वैचारिक उत्प्रेरक तत्वका रूपमा राहूल साँस्कृत्यायनलाई ग्रहण गरेका छन् । वि.सं. २००९–१० तिर 'हाम्रो साहित्यिक आन्दोलन' नामको पुस्तक पनि उनले लेखेर तयार पारेका तर प्रकाशित भने नभएको, राष्ट्रवाद र अन्तरराष्ट्रवाद पुस्तक पनि अनुवाद गरेका तर प्रकाशित भने नभएको, 'जनयुग' को सम्पादक भई काम गरे त्यसबेला त्यो पत्रिका 'कम्युनिष्ट पार्टीको मुखपत्र' जस्तै थियो । उनले 'सेवा' पत्रिका र भानु साहित्यिक पत्रिकाको प्रधान सम्पादक भई काम गरेका थिए । प्रगतिवादी साहित्य

आन्दोलनमा उत्कृष्ठ योगदान पुऱ्याउने भवानी सडक कविता क्रान्तिका प्रणेता पनि हुन् । उनका कथाहरू प्रगतिवादी प्रवृत्तिबाट उन्मुख थिए तापनि सफल र परिमार्जित व्यक्तित्व भन्ने कवि कवित्व नै हो भन्ने कुरा 'स्मृतिका रेखाहरू' कविता सङ्ग्रहबाट प्रष्ट हुन्छ । वि.सं. २०१० देखि २०४४ सालसम्मका कविताहरूमध्ये कविताको छनौट रूप सङ्गृहीत अवस्थामा छन् । उनका कविताहरूमा प्रगतिवादी स्वर उच्च रहेको रामहरि पौड्यालले प्रस्तुत कृति मार्फत व्यक्त गरेका छन् ।

'बहुआयामिक प्रतिभा आनन्द' शीर्षकको लेखमा रामहरि पौड्यालले वि.सं. १९९३ असोज २५ गते नेपालको पश्चिमी भेग जुम्ला जिल्लाको खलङ्गामा जन्मेर पनि आनन्द भट्टमा साहित्यिक र राजनीतिक चेतना एकै समयमा आएको चर्चा गरेका छन् । आनन्ददेव भट्टको पहिलो कविता वि.सं. २०१३ सालमा 'नौलोपाइलो' नामको पत्रिकामा प्रकाशित भएको थियो । उनको साहित्य यात्रामा जीवन र जगतलाई हेर्ने दृष्टिकोण बैज्ञानिक र मार्क्सवादी विचारधारासँग आवद्ध रहेको पाइन्छ । बिचार र कलाको सन्तुलन साहित्यमा रहनुपर्दछ भन्ने उनको मान्यता छ । मार्क्सवादी विचारधारालाई नयाँ नयाँ ढङ्गबाट चिन्तन र मनन् गर्न रूचाउने आनन्ददेव भट्ट कहिलेकाही व्यक्तिगत र मनोगत धारणाबाट अभिव्यक्तिहरू दिन खोज्दा विवादमा समेत मुछिन पुग्छन् तर पनि उनी आफ्नो गल्ती अरूले औंल्याइदिंदा आफै खुसी हुन पुग्छन् । सरल शब्द, छोटा वाक्य, पाएसम्म स्वदेशी शब्द, स्वदेशी प्रतीक, बिम्ब आदिको प्रयोगले उनका कविताहरू अरूका कविता भन्दा भिन्न परिचय बोकेका हुन्छन् । उनले मार्क्सवादी, सौन्दर्य शास्त्रबारे देश, काल, परिस्थिति आदि अनुकूल पारेर कसरी हेर्नुपर्दछ भन्ने समेत किताब लेख्नुपऱ्यो भन्ने अनुरोध यसै कृति मार्फत रामहरि पौड्यालले गरेका छन् ।

'लिनु र प्याँक्नु पर्ने कुरा' शीर्षकको लेखमा भुपि शेरचनको साहित्ययात्राको छनक दिन खोजिएको छ । यस लेखमा पौड्यालले सामन्ती परिवारमा आमावावुको इच्छा र चाहाना विपरित छोराका रूपमा भूपि शेरचनको जन्म भएको दर्शाएका छन् । बाबुआमाको चाहाना छोरीको थियो त्यसमा पनि मूल्याहा भई जन्मनाले अन्धविश्वासी र रूढीवादी बिचारले गर्दा उनी आफ्नो व्यवहार र विचारमा बिद्रोही आवाज निकाली स्थापित मान्यता विरूद्ध समाजमा खडा भए भन्ने कुरा रामहरि पौड्यालले उल्लेख गरेका छन् । विवाह पछि घरको अनुशासन र पार्टीको अनुशासनमा बाँधिएर बस्न नसकी सफल पति, पिता अनि सफल कार्यकर्ता दुवै हुन नसकी उनी बिद्रोही हुन पुग्छन् । सामन्त र सामन्ती

प्रथा बिरूद्ध "धन्यवाद तिम्रो जनवाद हाम्रो एकदिन दाँजौला" भन्ने कवि भूपि "हुँदैन विहान मिर्मिरेमा तारा झरेर नगए, बन्दैन मुलुक दुईचार सपूत मरेर नगए" भन्ने कविता पङ्क्तिमा गएर जनता विरोधी हुन्छन् । "हामी" कविता मार्फत जनताको पक्षमा बोल्ने कवि भूपि र जनताका विरूद्धमा उभिएर एक जनसंहारी सामन्तको गुणगानमा 'तिमी' कविता लेखी "तिम्रै दुई पाउ प्रिय लाग्छ" भन्दै सानो जागीर पाउन आत्मसम्मान त्याग्ने भूपिमा तुलना गर्दा ज्यादै अन्तर पाइन्छ । उनी आफू दुई 'क' बाट बिग्रेको बताउँछन्, पहिलो क बाट कम्युनिष्ट र दोश्रो क बाट कवि भएर । वास्तवमा कवि भूपि शेरचन यिनै दुई क बाट नै परिचित भएका र अमर रहेका हुन् । शोषणको पक्षधर र सच्चा प्रजातन्त्रका बिरोधीहरू भूपिको तिमी र उनका दुई 'क' ले बिगारेको वक्तव्य पाएपछि उनलाई आफ्ना कविका रूपमा मान्न थालेका छन् । तर वि.सं. २०३० अघिका उनका बिचार र कविताबाट भने उनलाई प्रगतिवादी कविका रूपमा लिन सकिन्छ । उनका राम्रा कुरा हामीले लिने र नराम्रा कुरा बिर्सेर उनले प्रगतिवादी साहित्य विकास र सम्बर्धनमा पुऱ्याएको योगदानको मनन गर्नु आवश्यक भएको कुरा प्रस्तुत कृति मार्फत रामहरि पौड्यालले व्यक्त गरेका छन् ।

'बस्तुनिष्ठ र व्यक्ति निष्ठका पक्षधर गोविन्द भट्ट' शीर्षकको लेखमा पौड्यालले मार्क्सवादी दर्शनले गोविन्द भट्टको जीवनलाई प्रभाव पारेको कुरा व्यक्त गरेका छन् । कुनैपनि रचनाहरूले शोषणको विरोध गरी जनतालाई सचेत पार्नु गोविन्द भट्टको रचनात्मक उद्देश्य हो भनी पौड्यालले उल्लेख गरेका छन् । उनको रचनाहरूले अन्धो राष्ट्रवादको वकालत नगरी जनताको न्यायलाई जोड दिएका छन् । साथै राष्ट्रिय समस्या एवम् अन्तर्राष्ट्रिय समस्याहरूलाई पनि केलाएर जनतालाई आशावान र जागरूक हुन मद्दत पुऱ्याउछन् भन्ने कुरा यहाँ रामहरि पौड्यालले उल्लेख गरेका छन् । नविनताका पक्षधर भट्ट परम्परालाई तिरस्कार नगरी परिष्कार पारेर नै नविनताको सृष्टि गर्न सक्नुपर्छ, गतिहीन परम्परालाई त्यागी गतिशील तथा उपयोगी परम्परालाई स्वीकार्नु प्रगतिवादी दृष्टिकोण हो । अन्याय भित्रको शान्ति भन्दा न्यायपूर्ण युद्ध नै स्वागतयोग्य हुन्छ । साथै अराजक जीवनशैली बोकेर प्रगतिवादी रचना रचेर जनतालाई अनुशासित वनाउन रहर गर्नु हास्यास्पद कुरा हो, त्यसैले लेखक स्वयम् निष्ठावान हुनु आवश्यक छ भनेर यस लेखमा चर्चा गरिएको छ ।

'जनचेतना फैलाउने अरूण प्रकाश' भन्ने समालोचनामा अरूण प्रकाशको भावना उर्लिएको छ । वि.सं. १९९६ भदौमा भक्तपुर जिल्लाको सोमलिङ तारमा बुवा युद्धप्रसाद मिश्र तथा आमा लोककुमारीका माइला छोराको रूपमा अरूण प्रकाशको जन्म भएको हो । प्रगतिधारका कवि मिश्रको पहिलो कृति 'उज्यालो टाढा छैन' कविता सङ्ग्रहको भूमिकामा उनले 'म आफ्नो साथै सम्पूर्ण नेपालीलाई दुःखी पाउँछु अनी दुःखमा छटपटाएर मर्न तयार भएका र कोही मिलिजुली आगोको भुङ्ग्रो फुकी दुःख दिनेहरूका लास जलाउन तत्पर देखिन्छन् । त्यसैले मैले पनि उज्यालो टाढा छैन भन्दै सबैलाई एक हुन बोलाउन हिम्मत गरेको छु' भनेर अन्यायका बिरूद्ध लाग्न आब्ह्वान गरेका छन् । त्यसबेलाको राजनीतिले गर्दा उनी पनि आफ्ना पिता युद्धप्रसादसँगै बनारसमा प्रवाशी जीवन जीउन बाध्य थिए । बनारसमा बस्दा उनी काङ्ग्रेस र कम्युनिष्ट नेताहरूको सम्पर्कमा प्रत्यक्ष थिए तसर्थ दुवै पार्टीको धारणा मनन् गर्दै उनी कम्युनिष्ट विचारधारातर्फ ढल्केका थिए । पार्टीकै नीति बमोजिम उनको कलम पनि चल्दै गयो त्यसैले उनका लेखहरू मार्पत जनचेतना फैलाउन हरदम प्रयासरत थिए । धार्मिक अन्धविश्वास र अन्ध परम्पराले शोषणको सबै पक्षलाई प्रभावित पार्ने भएकाले यस प्रवृत्तिलाई चिरफार पारेर सत्य कुरालाई जनसमक्ष प्रस्तुत गर्ने हो भने जनताहरू बिस्तारै बिस्तारै आर्थिक शोषण र उत्पीडनबाट पनि मुक्त हुनेछन् भन्ने उनको धारणा रहेको छ भनी रामहरि पौड्यालले प्रस्तुत समालोचना सङ्ग्रहमा चर्चा गरेका छन् ।

'रामचन्द्र भट्टराई' शीर्षकको लेखमा पौड्यालले सँधै शोषित पीडित हुने जनताका माझ बसेर उनीहरूको सुखदुःखमा सहभागी भएर उनीहरूलाई नै सचेत बनाउन निरन्तर प्रयत्नशील छन् भट्टराई भनेर चर्चा गरेका छन् । कृतिमतामा छलकपट, दुष्ट्याँई हुन्छ अनी त्यो दूर्नाम र दूर्गन्ध हुन्छ । कृतिमतामा वर्गभेद हुन्छ त्यसैले उनी पनि बर्गबिहीन समाजको पक्षमा छन् । त्यसैबाट शोषणरहीत समाजको निर्माण हुन्छ भन्ने कुरा रामचन्द्र भट्टराई स्वीकार्छन् भनी रामहरि पौड्यालले प्रस्तुत कृतिमा चर्चा गरेका छन् । वि.सं. १९९८ असोज महिनामा पाल्पाको भुवनपोखरी गाँउमा जन्मेका भट्टराई सुरूमा मानववादी बिचारधारावाट अभिप्रेरित थिए भने पछि गएर उनी प्रगतिवादी विचारधारमा समाहित हुन पुगी 'साँचिएको तामा' नामक कविता सङ्ग्रहबाट वि.सं. २०२० सालमा यिनले कवितायात्रा सुरू गरेका हुन् । उनले बि.सं. २०२३ सालमा बोइ गीतिकाव्य, हलो कविता सङ्ग्रह, २०३९, हृदयका पूलहरू २०४६, झिङ्गेमाछो कविता सङ्ग्रह लेखी वैचारिक

परिष्कार ल्याएको कुरा पौड्यालले  गरेका छन् । उनको बोइ गीति सङ्ग्रह मार्फत शोषित वर्गमा भएको दमन, वर्गीय चेतना, तत्कालीन नेपाली समाजको सजीव चित्रण भएको छ । वर्गयुक्त समाजमा रहेको जातपात, धर्म–नर्क आदि विकृति बिसङ्गतिमाथि तिखो प्रहार गर्दै बोइ गीति सङ्ग्रह तयार भएको पाइन्छ । त्यसैगरी हलो कविता सङ्ग्रह मार्फत उनले संसारको निर्माण र सिर्जनाको प्रतीकको रूपमा हलो र त्यसलाई चलाउने हलीका रूपमा जनतालाई समेटेर अघि बढ्न आग्रह गरेका छन् । उनको यस सङ्ग्रह मार्फत प्रगति प्रति सचेतन हुन यथास्थितिका विरूद्धमा वर्ग चेतनाको उद्वोधन गर्दै राष्ट्र निर्माणमा सवैलाई समर्पित हुनु उनको कविताको मुख्य प्रवृत्ति रहेको भान हुन्छ । अँध्यारोका विरूद्धमा आगोको बीउ रोप्दै प्रगतिपथमा बढ्न आह्वान गर्ने कवि रामचन्द्र भट्टराई प्रगतिवादी कविका रूपमा एक सशक्त रूपमा उभिएको भनेर रामहरि पौड्यालले चर्चा गरेका छन् ।

'मानवदेखि गोलघरको सन्देशसम्म' शीर्षकको लेखमा पौड्यालले मानव महाकाव्य लेखेर वि.सं. २०२३ सालको मदन पुरस्कार प्राप्त गर्न सफल मोदनाथ प्रश्रितको बारेमा लेखेको पाइन्छ । प्रश्रितले वि.सं. २०१५ सालबाटै कविता विधाबाट साहित्य क्षेत्रमा हात हालेको पाइन्छ । उनले २०१९ सालमा "आमाको आँशु" नामको कविता सङ्ग्रह प्रकाशनमा ल्याएका थिए भनेर चर्चा पौड्यालले गरेका छन् । आफ्ना मावली बाजे कवि दधिराम मरासिनीको प्रभाव र प्रेरणाबाट ८, ९ वर्षकै उमेरमा ४,५ वटा कविता लेखेका प्रश्रित, राजनीति मानव जीवनसँग सम्बन्धित हुन्छ र त्यसैले साहित्य र राजनीति बीच अन्योन्याश्रित सम्बन्ध रहेको कुरामा विश्वास राख्छन् । कहिले सम्पादक कहिले प्राध्यापक भएर जीवनयात्रा डोहोऱ्याउने प्रश्रितले कालान्तरमा यी दुवै विधा छाडे पनि साहित्य र राजनीतिलाई हालसम्म छाडेका छैनन् । उनी अध्यात्मवादी विचारबाट प्रभावित भई समन्वयवादी विचारमा पुगेर मानववादको प्रचारसम्म गर्न पुग्छन् । त्यसै विचारबाट प्रभावित भई उनी मानव महाकाव्यको रचनासम्म गर्न पुग्छन् । शोषित पीडितहरूको विषयलाई लिएर उनीहरूको अन्तरपीडालाई यथार्थ रूपमा प्रकट गरेकाले यसलाई यथार्थवादी महाकाव्य भन्न सकिन्छ । यस महाकाव्यले वर्ग सङ्घर्षलाई व्यर्थको कुरा मानेको, समाधानको बाटो वर्ग समन्वयलाई मानेको छ । हृदय परिवर्तन गरेर दुष्टहरूलाई सज्जन बनाउन सकिन्छ भन्ने पुरानो आदर्शवादलाई यहाँ प्रमाणित गरिदिएको छ । यस रूपमा यसको वर्ग विश्लेषण गर्ने तरिका र समाधानका उपायहरू प्रगतिवादी ठहर्न नसकी

प्रगति उन्मूख भएकाले प्रगतिशील महाकाव्यका रूपमा मानव महाकाव्यलाई लिन सकिन्छ । वि.सं. २०३० सालमा “देवासुर सङ्ग्राम” प्रकाशित गरी वैज्ञानिक तथ्यमा आधारित विकासवादी सिद्धान्तको सफल प्रयोग गरी अध्यात्मवादले गरेको चत्रब्यूको भण्डाफोर गरेका छन् । त्यसै गरी वि.सं. २०४० सालमा प्रकाशित “गोलघरको सन्देश” काव्य मार्क्सवादी साहित्य परम्परामा चरमोत्कृष्ट प्राप्ति हो भन्न सकिन्छ । वैचारिक प्रतिवद्धता, साहस, क्रान्तिकारी सचेतता र जनताप्रति समर्पित भावनाले प्रज्जलित काव्य “गोलघरको सन्देश” प्रगतिवादी धारमा सशक्त सौदर्यमूलक काव्य मान्न सकिन्छ । वि.सं. २०३० सालमा रचित ऐतिहासिक उपन्यास “देशभक्त लक्ष्मीवाई”– (२०४३ सालमा प्रकाशित), २०३३ सालमा “आमाको काखमा” नाटक, २०३५ सालमा “लक्ष्मीप्रसाद देवकोटा” समालोचना प्रकाशित गराएपनि नेपाली महाकाव्य परम्परामा भने मानव महाकाव्यले एक खुड्किलो भऱ्याङ उक्लन सफलता प्राप्त गरेता पनि जन आकाङक्षा अनुरूप “गोलघरको सन्देश” महाकाव्यले जस्तै वैचारिक उच्चता, जनतालाई नैतिक सहास दिन सक्ने यथार्थमा आधारित र कलात्मक परिष्कार भएको एउटा प्रगतिवादी महाकाव्यको अभावलाई उनले परिपूर्ति गर्नु आवश्यक हुन्छ भन्ने कुराको चर्चा यस लेखमा रामहरि पौड्यालले गरेका छन् ।

## कविताकेन्द्री

यस विधामा कवितासँग सम्बन्धित भएर लेखिएका लेखहरू “शान्तिका लागि क्रान्ति चाहने कवि सिद्धिचरण श्रेष्ठ”, “चेतनाको ज्वाला किसान”, “किसानका प्रिय कवि इश्वरी आचार्य” “श्रममा बाँच्ने श्रममा नाच्ने पराजुली”, “जनताको मर्म बोल्ने जनक”, “कवि ऋषिरामको साहित्यिक यात्रा” आदि रहेका छन् । यी लेखमा पाइने विषयवस्तु यस प्रकार पाउन सकिन्छ ।

“शान्तिका लागि क्रान्ति चाहिने कविः सिद्धिचरण श्रेष्ठ” शीर्षकको लेखमा पौड्यालले “क्रान्ति बिना थन जुई मखु शान्ति” भन्दै राणा शासन बिरूद्ध जनतालाई क्रान्तिमा होमिन उद्घोष गर्ने युगकवि सिद्धिचरण श्रेष्ठ अब यस संसारबाट भौतिक रूपमा बिदा भएपनि उनले छाडेर गएका चेतनाका ज्वालाहरू जनता सामु अझै ताजै भएको कुराको चर्चा गरेका छन् । वि.सं. १९६९ जेठ शुक्ल पञ्चमीका दिन नेपालको पूर्वी पहाडी जिल्ला ओखलढुंगामा श्रेष्ठको जन्म भएको थियो । उनले आफ्नो साहित्यिक गुरू ऋद्धिबहादुर

मल्ललाई मानेका छन् भने साहित्य सिर्जनाको प्रेरणाको स्रोत आफ्नी आमालाई मानेका छन् । वि.सं. १९८६ बाटै कविता विधामा हात हालेका श्रेष्ठले वि.सं. १९९० सालको भूइचालोको विभत्स रूप देखी 'भूइचालो' कविता नै लेखे । शुरूमा लेखनाथका कविताको लालित्यबाट मोहित हुने सिद्धिचरण पछि वर्डस वर्थ, शेली, किट्स, वाइरन, रवर्ट फ्रष्ट, सुमित्रानन्द पन्त र महादेवी वर्माबाट पनि प्रभावित बन्न पुगेका थिए । त्यसै गरी रूद्रराज पाण्डे र बासुदेव भट्टराई यी दुई शिक्षकको प्रेरणाबाट पनि श्रेष्ठको साहित्यतर्फ भुकाव भएको थियो । सूर्यबिक्रम ज्ञवालीको "साहित्यकाशका दुई तारा" भन्ने समिक्षात्मक लेखमा लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठका प्रसंसात्मक टिप्पणीले उनलाई साहित्यमा अझै नैतिक वल दिएको पाइन्छ । वि.सं. १९९७ सालको शहिद काण्डको लगत्तै उनले क्रान्तिको आवश्यकता औल्याएर लेखेको कविताले उनलाई १५ वर्षे जेल चलान गरी सर्वस्व हरण गरियो । तर पाँच वर्ष पछि उनी जेल मुक्त गरिए । शुरूमा स्वच्छन्दतावादी धाराबाट प्रभावित कवि प्रकृतिका कोमल तथा सुन्दर पक्षलाई लिएका कवि शहिदको बलिदानले उनलाई क्रान्तिको चेतना लिएर प्रगतिवादी तर्फ उन्मुख गराएको देखिन्छ । 'शारदा' र 'गोरखापत्र' मा सम्पादन कार्य गरे भने नेपालको प्रथम दैनिक पत्रिका 'आवाज' का प्रधान सम्पादक, एकेडेमीको आजिवन सदस्य आदि बिभिन्न पदहरू पनि सफलतापूर्वक निर्वाह गरेका श्रेष्ठ नेपाली साहित्य नक्षत्रसँगै अन्य विधामा पनि निपुण थिए । उर्वसी-खण्डकाव्य-२०१७, कोपिला-कविता सङ्ग्रह-२०२१, मेरो प्रतिविम्व-कविता सङ्ग्रह-२०२१, कुहिरो र घाम कविता सङ्ग्रह-२०४५, तिरमिर तारा-बाल कविता सङ्ग्रह-२०४५, बाँचिरहेको आवाज कविता सङ्ग्रह-२०४६, सि स्वाँ (नेवारी भाषामा), पू स्वाँ (नेवारी भाषामा) १९९७ सालमा लेखिएको 'शहिद काण्ड' राणा शासनसँग मात्र नभई परमेश्वरसँग नै विद्रोह गरेर लेखे । वास्तवमा शान्तिका लागि क्रान्तिको खाँचो पर्छ भन्ने श्रेष्ठको मनशाय रहेको कुरा रामहरि पौड्यालले यस लेखमा व्यक्त गरेका छन् ।

"चेतनाको ज्वालाः किसान" शीर्षकको लेख केवलपुरे किसानको सेरोफेरोमा लेखिएको लेख हो । वि.सं. २००४ सालमा जयन्तु संस्कृतम आन्दोलनबाट आफ्नो राजनीतिक जीवन शुरू गर्ने देवीप्रसाद पौड्याल साहित्यमा "केवलपुरे किसान" का नामबाट प्रसिद्ध भएको चर्चा रामहरि पौड्यालले गरेका छन् । वनारसमा निर्वासनका बेला भएको लक्ष्मीप्रसाद देवकोटासँगको सङ्गत र त्यहाँको साहित्यिक, राजनीतिक वातावरणबाट प्रभावित भएका किसानले बि.सं. २००५ सालदेखि नै आफू सचेत भएर जनतालाई चेतनाको सन्देश दिदै

आएका हुन् । 'कला कलाको लागि' भन्ने कुराको वकालत गर्ने किसानले वर्ण व्यवस्था र वर्ण धर्मको विरोध गर्दै उनले २००७ सालमा हलो जोतेर जनतालाई सचेत पारेका थिए । त्यस घटनाले जिल्लामा उनको धेरै विरोध भयो । उनलाई इष्टमित्र, पुरेत तथा ब्राम्हणहरूले पानीबाट काढे साथै उनका घरमा ती कसैले भात खाएनन् । घुसाहाहरूले मार्ने धम्की समेत दिए जनकलाई तरपनि उनी नडराई श्रमजीवी किसानका प्रिय मित्र बने । उनले गाउँलेहरूलाई गीत तथा कविता मार्फत सचेत मात्र पारेनन् समाजमा भएका अन्याय अत्याचारका विरूद्धमा पनि सहभागी भए । वि.सं. २००९ सालमा भएको किसान आन्दोलनमा सक्रिय भाग लिएका उनले तत्कालीन शेर्मा प्रथाको विरोध गरेका थिए । त्यस बेलाको काँङ्ग्रेसी सरकारले सामन्तीहरूसँग मिलि किसान मार्दा कविता मार्फत आक्रोस पोखेका थिए । उनले साहित्य मार्फत नै जमिन्दारी प्रथा, विदेशी दवाव, जागिरदार प्रतिको शोषण, विदेशी हस्तक्षेप, चिनियाकाजीको हत्या, नारी शोषण, बालविवाह, बहू विवाह, विधवा विवाह, अनमेल विवाह, छुवाछुत तथा भाग्यवादको बिरोध गरेका थिए । जनताको घरदैलो घुमेर चेतना ल्याई जनता शिक्षित पार्ने किसान चेतनाको ज्वाला बोकेर अन्धकारमय गाउँबेसी सबैतिर प्रज्वलित पार्ने किसानले बहुजन अर्धशिक्षित जनताहरूलाई हेरी आफ्ना कविता लेखर प्रगतिवादी धारमा उभिएका छन् । प्रगतिवादी किसानका भित्र केवलपुरे वास्तवमा चेतनाको ज्वालाका रूपमा आम जनमानसमा परिचित भएका छन् भन्ने कुराको चर्चा पौड्यालले यस लेखमा गरे ।

"किशानका प्रिय कविः ईश्वरी आचार्य" शीर्षकको लेखमा रामहरि पौड्यालले नेपाली साहित्य इतिहासमा मात्र नभई समुच्च नेपालको इतिहासलाई हेर्दा अन्याय, अत्याचार र शोषणको बिरूद्ध लड्ने योद्धालाई कसैले हाकाहाकी मारेका छन् त कसैलाई षड्यन्त्रपूर्वक मृत्युवरण गर्न वाध्य तुल्याएका छन् । यसतै यस्तै षड्यन्त्रको जालमा परेर ३२ वर्षकै उमेरमा मृत्युवरण गर्न पुगेका जनताका प्रिय कवि इश्वरी आचार्यको संक्षिप्त चर्चा यस लेखमा गरिएको छ । वि.सं. २००४ सालमा "जयतु संस्कृतम्" आन्दोलनबाट आफ्नो राजनीतिक यात्रा थालनी गरेका आचार्यको आन्दोलनको बाहिरी आवरण हेर्दा विद्यार्थीको पठन–पाठन र सहुलियत प्राप्तिको लागि झैं देखिएता पनि भित्री वा मूल आशय भने राणा शासनको विरोध गरी प्रजातन्त्रको स्थापना गर्नु नै थियो । यही आन्दोलनको सक्रियताका लागि उनलाई चार भञ्ज्याङ कटाइयो । राणा शासन कै बेला उनले (१) सबै नेपालीले यथार्थ न्याय पाउनुपर्छ, (२) सबै गरिवले खान, लाउन र शिक्षा समेत

पाउनुपर्छ, (३) सबैका घरमा बिजुली र पहाड तराईमा मोटर गुडाउनुपर्छ जस्ता कुराहरू लिखित रूपमा अभिव्यक्त गरी सरकारको दायित्व वोध गराएका थिए । पाल्पा जिल्लामा किसानको नेतृत्व गरी २००७ सालमा जनआन्दोलनमा ठूलो भूमिका निर्वाह गरेका थिए । वि.सं. २००७ साल पछि प्रजातन्त्रका नाममा सत्ताधारी पक्षहरूबाट हुने गरेका अन्याय, अत्याचार, दमनको बिरोध गरी जनताको साथ दिए वापत उनलाई २०१४ सालमा ४ महिनाको जेल सजाय भयो । जनतालाई सचेत पार्न उनले पाल्पा पूर्व खोलामा उद्धबुद्ध विद्यालय र अगाहा खोलामा जनजागृति विद्यालय स्थापना गरेका थिए । वि.सं. १९८४ मा पाल्पाको अगाहा खोलामा सामन्त परिवारमा जन्मेका आचार्य आफ्नै बाबुको अत्याचार शोषणबाट पीडित जनताको पक्षका लागि कुशल लेखक, कवि, नाटककार, कलाकर आदि बनेका थिए ।

जनतालाई शैक्षिक, राजनीतिक, सामाजिक, साहित्यिक पाटाबाट सचेत गराउने जनताका प्रिय कवि आचार्यलाई २०१६ सालमा विषपान गराएर षडयन्त्रपूर्वक मारियो भन्ने जानकारी रामहरि पौड्यालले यसै कृति मार्फत प्रकाशमा ल्याई दिएका छन् ।

"श्रममा बाँच्ने, श्रममा नाँच्ने पराजुली" शीर्षकको लेखमा पौड्यालले कृष्णप्रसाद पराजुलीको जीवनगाथा बारे प्रकाश पार्ने जमर्को गरेका छन् । बि.स. १९९२ असार २४ गते काभ्रे जिल्लाको भ्रमरकोटमा पिता पशुपतीप्रसाद र माता महादेवीका माइला सन्तानका रूपमा कृष्णप्रसादको जन्म भएको थियो । सानैदेखि कविता कोर्ने पराजुलीको 'त्यो बालक' हो तापनि "आमा पुकार सुन्देउ" शीर्षकको कविता रचनाका हिसावले पहिलो कविता हो । महाकवि देवकोटा र हृदयचन्द्र सिंह प्रधान आदिबाट साहित्य लेख्ने प्रभाव ग्रहण गरेका पराजुली भीमनिधि तिवारीको "काम्यो लुगलुग त्यो" र हृदयचन्द्रको "एउटा गरिव" कविताको देन स्वरूप "त्यो बालक" को जन्म भएको कुराको चर्चा रामहरि पौड्यालले गरेका छन् । कविता सङ्ग्रह, बालकथा, निबन्ध र पत्र परिचय, बाल कविता, व्याकरण, समालोचना, सम्पादन आदि विविध विधामा कलम चलाएका पराजुलीले धेरै पुस्तकहरू लेखेका छन् । नेपाली भाषा अध्ययन गर्ने मानिसहरूले कवि भन्दा बढी व्याकरण र भाषा अनुसन्धानकर्ताका रूपमा कृष्ण प्रसादलाई चिन्ने गरेका छन् । तापनि उनी कवि हुन् । उनको बि.सं. २०११ सालदेखि २०४५ सम्म छापिएका कविताहरूको सङ्ग्रह "बादलका बुट्टाहरू" "सय थुँगा फूल" र "आँखाभरी सपना मुटुभरी गीत" का अध्ययनबाट उनलाई श्रममा विश्वास राख्ने, शोषणको बिरोध गर्ने, सामाजिक

कुरीतिहरूलाई हटाउने र चेतना फैल्याउने कवि मान्न सकिन्छ । उनले आफ्ना कृतिलाई वैचारिक, जीवन्त र गतिशील पारिरहन रामहरि पौड्यालले यस लेख मार्फत आव्हान गर्दछन् ।

"जनताको मर्म बोल्ने–जनक" शीर्षकको लेखमा जनकप्रसाद हुमागाञीको साहित्य यात्राको चर्चा गरिएको छ । बि.सं. १९९४ सालमा पूर्व १ नं. मा साधारण किसान परिवारमा बुबा दुर्गाप्रसाद र आमा पवित्रादेवीको सन्तानका रूपमा जनकप्रसादको जन्म भएको हो । उनी आफ्नी आमा पवित्रादेवीको समाजसेवी आचरणबाट समाजसेवामा लागे भन्ने चर्चा रामहरि पौड्यालले गरेका छन् । आफूले भोगेका अभावग्रस्त, शोषणयुक्त र न्यायरहीत जीवन नै साहित्य लेखनको मूल प्रेरणा मान्ने कवि जनक "त्यो दिनको अन्त्य भयो" भन्ने कवितामा कविले तीस वर्षसम्म धुरूधुरू आफू र आफ्ना देशबासी रोएको देखेर बिताउन परेको इतिहास ताजा छ । साहित्य सबैका लागि हुनु पर्दछ र सो सचेतताको माध्यम हुनु पर्दछ भने जनकप्रसाद जनताको पीर मर्का देखाउँदै उनीहरूलाई त्यसबाट मुक्त पार्न सरल, सरस र सुबोध भाषाको प्रयोग गर्छन् । २०१६ सालमा 'नेपाल प्रति', 'किसानको गीत' कविता जस्ता यथार्थवादी विचारधाराबाट प्रभावित भएका कवि पछि गएर मार्क्सवादी चिन्तनका कविता लेख्न थालेका हुन् । शिक्षामा वैज्ञानिकीकरण नगरेसम्म अन्धपरम्परा निर्मूल हुन सक्दैन यो नै नेपालीको मूल जरो हो । कृषि र उद्योगको विकासमा नै जनता र देशको विकास हुने कुरामा विश्वस्त रहने कुरा रामहरि पौड्यालले यस लेखमा व्यक्त गरेका छन् ।

"कवि ऋषिरामको साहित्यिक यात्रा" शीर्षकको लेखमा पौड्यालले वि.सं. २०२० सालबाट नयाँ मुलुकी ऐन आएको उपलक्ष्यमा एउटा कविता लेखमुनी दुई साथी मिलि लेखेको कविता सोही साता भदौ महिनाको गोरखापत्रमा छापिएको थियो । २०२१ सालबाट सरकारी सेवामा अधिकृत भएपछि उनलाई कवि बन्न मन लाग्यो । एकातर्फ त्यस बेलाको राजनीतिक अवस्था अर्कोतर्फ सरकारी अधिकृत, फेरि अर्कोतर्फ कवि बन्ने मोह यी त्रिकोणात्मक समस्याले उनलाई कवि त वनायो तर उनी जनताका कवि हुन सकेनन् । बसन्त र विरही–२०३४ सालमा प्रकाशित कृतिले पञ्चायती र त्यसमा समर्पित नभएकाहरूलाई विरहीको रूप दिइएको छ यस लेख मार्फत रामहरि पौड्यालद्वारा ।

वि.सं. २०३६ सालमा छापिएको 'प्रियतम' खण्डकाव्य भने पूर्वका काव्य भन्दा केही शैली र चेतनाको हिसावमा माथिल्लोस्तरमा रहेको देखिन्छ । सरकारी अधिकृत भन्दा माथि उठेर दलित वर्ग प्रति सहानुभूति राख्ने सचेत कवि भएका छन् उनी । बि.सं. २०४२ मा लेखिएको उनको "परिणाम" खण्डकाव्यले किसानलाई भलो हुने भूमिसुधारवारे व्याख्या गरेको छ भने २०४० सालको "सपनाको सुसेली" नामको कविता सङ्ग्रहमा २०३६ सालमा सम्पन्न जनमत सङ्ग्रह पछिको सरकारी धाँधली कार्य प्रति रूष्ट देखिएका छन् । 'मेरो सपना' कविता कविले अभिव्यक्त चाकडी मनोवृत्ति देखिदा पाठकहरू अन्यौलमा पर्नु स्वभाविक नै मानिन्छ । कविमा बिस्तारै बिस्तारै चेतना आउँदै गरेको र विगतका जानी नजानी भए गरेका त्रृटिहरू प्रति स्वयम् पनि दुखित छन् । उनका अन्य कृतिहरूमा अमरभावना, आत्माबोध, विजयश्री र अमर शत्रु आदि हुन् । उनको बिभिन्न कृति मार्फत तत्कालीन समाजको यथार्थ चित्र, जनताको संवेग र चाहनालाई अभिव्यक्त भएको आशा पाठकले गर्छन् सोही अनुरूप आफूलाई ढाल्नु पर्छ भन्ने कुराको चर्चा रामहरि पौड्यालले यस लेखमा गरेका छन् ।

**साहित्यकेन्द्री**

यस विधा अन्तरगत साहित्य सम्बन्धी रचिएका लेखहरू निम्न वमोजिम छन् ।

'भानुभक्त र उनका देनहरू', 'मोतीः नेपाली साहित्यका प्रथम आलोचक', धेरै सम्मान पाएका कवि' 'नेपाली साहित्यमा समन्वयवादका प्रवर्तक', 'प्रेरणाका स्रोत', 'नेपाली साहित्यका ध्रुवतारा', 'सबैका प्रिय देवकोटा', 'भीमनिधिलाई सम्झँदा', 'कवि व्यथित र नेपाली साहित्य', 'समानता स्वतन्त्रता र राष्ट्रियताका त्रिवेणी रिमाल', 'सहास र निरन्तरताको प्रतीक पारिजात' आदि विभिन्न शीर्षकमा यी लेखहरू रहेका छन् ।

'भानुभक्त र उनका देनहरू' शीर्षकको लेख नेपालको इतिहाससँग आधारित भएर यहाँ ल्याएका छन् रामहरि पौड्यालले । यस लेख मार्फत नेपालले अङ्ग्रेजसँग युद्धमा खानु परेको हार, सुगौली सन्धिले राष्ट्र र जनतालाई पारेको असर, उच्चपद ओगट्न भएको दरवारिया भारदारबीचको काटाकाट (विशेषगरी थापा खलक र पाण्डे खलक वीच) भीमसेन थापाको आत्महत्या, अमरसिंह थापाको हत्या, गगनसिंहको हत्या र कोतपर्वले नेपाली बौद्धिक जगतमा फैलिएको त्रासदी आदिले भानुभक्त पनि अछुतो रहन सकेनन् ।

जङ्गबहादुर सत्तामा आउनु र यिनका भाईहरूबीचको सौहार्दतालाई सिध्याउने हेतुले जनतामा अध्यात्मिक भाव प्रकट गरी विगतका दुःख भुल्ने हेतुले रामायण रचना गरेको मानिएको छ । 'बधु शिक्षा' साथीको घरमा सासुबुहारी बीच भएको भगडाको प्रतिफल मानिन्छ भने 'भक्तमाला' पनि तिनै मर्माहत जनतालाई भक्तिरसमा समाहित गर्न, नीति शिक्षा दिन 'प्रश्नोत्तर' कृति जन्मिएको पाइन्छ । भानुभक्त भन्दा अघिका कविहरूले स्तुती काव्य लेखे तर यिनैले स्तुतीवादलाई आफूमा ल्याएनन् । नेपाली भाषामा उत्कृष्ट रचना हुँदैन, संस्कृत भाषा नै उत्कृष्ट र उत्तम भाषा मान्ने परिवेशलाई चिरेर उनले नेपाली भाषामा कृतिहरूको रचना गरे । नेपाली भाषामा पहिलो महाकाव्य लेखी नेपाली भाषा साहित्य र नेपालीलाई यिनले ठूलो योगदान दिएका छन् । यस लेखमा लेखक रामहरि पौड्यालले भानुभक्त आचार्यको परिचय सहित उनले साहित्यमा पुऱ्याएको योगदानको चर्चा गरेका छन् ।

'मोती नेपाली साहित्यका प्रथम आलोचक' शीर्षकको लेख श्रृङगार युगका प्रवर्तक मोतीराम भट्ट जीवनीपरक समालोचनाको क्षेत्रमा प्रथम प्रयोक्ताका रूपमा खडा भएका छन् । उनी साहित्य स्रष्टा मात्र नभई साहित्य सिर्जनाको प्रेरणाका स्रोत पनि हुन् भन्ने चर्चा रामहरि पौड्यालले गरेका छन् । उनले मोती मण्डली, मोतीकृष्णा पुस्तकालय, पाशुपत मुद्रण मन्त्रालय खोलेर साहित्य विधालाई उचो राख्न चौतर्फी विकास गराउन सफल भए । उनी राणाशासनको पक्षधर थिएनन् बरू बि.सं. २०४१ सालमा छापिएको भानुभक्त आचार्यको बालकाण्डको भूमिकामा तत्कालीन नेपालका ८ वर्षे राजा श्री ५ पृथ्वी वीर विक्रम शाहलाई समर्पण गरिएको छ । प्राइम मिनिष्टर रणोद्विप सिंहलाई समर्पण गरिएको छैन । भानुभक्तको जीवन चरित्र उजागर गर्न "रामायण" महाकाव्य प्रकाशित गरिदिने भट्ट प्रथम आलोचक हुन भन्ने कुराको विस्तृत रूपमा रामहरि पौड्यालले यस लेखमा सविस्तार चर्चा गरेका छन् ।

"धेरै सम्मान पाएका कवि" शीर्षकको लेख कवि शिरोमणी लेखनाथ पौड्यालका वारेमा उल्लेख छ । नेपाली साहित्यको इतिहासमा कुनै साहित्यकारलाई चाहिने भन्दा बढी सम्मान र कसैलाई जानाजान खुट्टा तान्ने काम हुन्छ । जनताकै रगत र पसिनाले धन आर्जन गर्ने सत्ताधारीहरूले तिनै सोझा जनताका विरूद्धका लागि अन्धकार, अन्धविश्वास, अन्धपरम्पराबाट मुक्त हुन नदिन जसले सरकारको स्तुती गान गरी जनतालाई दबाउने रचना रचछन् उनीहरूलाई नै सत्ताधारीले सम्मान र पदक दिन्छन् भन्ने तीतो सत्यको

चर्चा यहाँ गरेका छन् । लेखनाथ पौड्यालले भीम शम्सेरको दरवारमा पूजा कोठे भई काम गर्दा निरङकुश शासनको स्तुती गरेका छन् । राणाहरूमा चन्द्रशमसेरदेखि लिएर प्रजातन्त्रघाती राजा महेन्द्रसम्मको स्तुतीगान गरेका छन् उनले, प्रधानमन्त्री मात्रिकाप्रसाद कोइरालाले रू. ५०००/- को थैली प्रशंसा स्वरूप पौड्याललाई दिएका थिए । जनचेतना जगाउने काम न त उनले गरे न त कुनै सामाजिक काम नै । 'मकै पर्व', प्रजातन्त्र परिषद्को गठन हुँदा पनि जनविरोधीहरूकै स्तुती गाउन उनी तल्लीन थिए । उनी स्वयम्ले आफू हलन्त बहिष्कारका अग्रज ठाने तर समग्रमा भन्नुपर्दा हलन्त बहिष्कारका अगुवा राममणि आ.दी हुन् पौड्याल त सहयोगी मात्र हुन् । कवि शिरोमणि उपाधी प्राप्त गर्ने ठूला कवि पौड्यालले मौलिक छन्दको आविष्कार तथा मौलिक रचना गर्न नसक्दा पनि सत्ताधारीहरूले धेरै मानसम्मान दिएका छन् । हुनत उनको अवगुण मात्र खोतल्नु मूर्खता हो । नेपाली भाषालाई परिमार्जन गर्न र श्लील शब्द भण्डार बृद्धि गर्न, सरल सुमधुर संस्कृत शब्दका प्रयोग गरी कर्ण प्रिय कविता रच्न भने उनी सफल भएका छन् । कालिदासबाट प्रेरणा प्राप्त गर्ने कविको काव्यमा सौन्दर्य चेतनाको मूल नै फूटेका पाइन्छ भन्ने चर्चा रामहरि पौड्यालले यहाँ गरेका छन् ।

"नेपाली साहित्यमा समन्वयवादका प्रवर्तक" शीर्षकमा पौड्यालले नेपाली साहित्यका नाटककार, कवि, कथाकार, समालोचक आदि भएर पनि नेपाली साहित्यलाई महानाटकदेखि महाकाव्यसम्मका कृतिमा नौलो आयाम प्रयोग गरी दिएका छन् भन्ने चर्चा पौड्यालले यहाँ गरेका छन् । यस लेखको पहिलो पृष्ठमा पौड्यालले समशेरबाट शेर हटाएको प्रसङ्ग उल्लेख गरेका छन् भने दोश्रो पेजमा उनी अध्यात्मवाद र भौतिकवाद (विज्ञानवाद) को समन्वय भएको देखाउँछन् । त्यसै गरी उनले राजा बिरेन्द्रलाई ठूला कलाकारका रूपमा देखाएका छन् । राजा त्रिभुवन, महेन्द्र अनी २०१७ सालको प्रजातन्त्र बिरोधी अभियानको खुलेर तारिफ एवम् स्तुती गान समेत उनले गाएका थिए । तेस्रो पृष्ठमा भने २०१७ सालको प्रजातन्त्र विरोधी कामको बिरोध गरेको अभियोगमा ज्वाई मर्दा पति वियोगमा परेकी छोरीले बाबु समलाई ६४ पेज लामो चिठ्ठी लेखी आत्महत्या गर्दा पनि पुत्री बियोग सहेरै समले शासनको स्तुती गान गरेको कुरा उल्लेख छ । चौथो पृष्ठमा भने विदेशी साहित्यकारहरूले **5 P, S (Poet, Painter, Play wright, Player (Actor), Photographer)** भनी समयको तारिफ गरेको उल्लेख छ । त्यसो त उनलाई

**Philosopher** समेत भन्दा **6 P,S** भन्न सकिन्छ भन्दै समन्वयवादका प्रवर्तक बालकृष्ण समलाई मानी उनको छोटो जीवनी पौड्यालले प्रस्तुत लेखमा दर्शाएका छन् ।

'प्रेरणाको स्रोत' शीर्षकको लेखमा पौड्यालले युद्ध प्रसाद मिश्रलाई समेटने प्रयास गरेका छन् । यस लेखमा रामहरि पौड्यालले राणा प्रधानमन्त्री भीमसम्सेरका पालादेखि नै सताइएका कवि युद्धप्रसाद मिश्रद्धारा लिखित अहिंसा प्रार्थना जब जलाइयो त्यसबेला देखि मिश्रमा जनताप्रति समर्पित हुने भावना जागेको बताउँछन् । बि.सं. २००७ सालको क्रान्तिमा ठूलो योगदान पुऱ्याउने कवि मिश्रको जनताप्रति गरेका वफादारी पनलाई तत्कालीन सरकारले अपराध घोषणा गरी जेलमा पठायो । त्यसैगरी काङ्ग्रेसी सरकारले उनी किसान आन्दोलनमा सरिक भएको थाहा पाइ उनले लेखेको कथा सङ्ग्रहसमेत लुटियो । काङ्ग्रेस भएर काङ्ग्रेसी सरकारको दमनको बिरोध गर्ने मिश्रलाई पञ्चायती सरकारले टिक्न दिएन र उनी बनारसमा गएर प्रवासी जीवन बिताउन वाध्य भए । त्यहाँ रहदा उनले मार्क्सवादको अध्ययन गरे । यसै अध्ययनबाट प्रभावित भई उनी शोषित, पीडित र अन्यायमा परेका जनताको उद्धार यसै माध्यमबाट हुने बुझी उनी कम्युनिष्ट भए । उनले प्रवासमा छँदा नेपाली जनवादी साँस्कृतिक मोर्चाको नेतृत्वसमेत गरेका थिए । जनताका मित्र युद्धप्रसाद मिश्रका रचनाहरूको विवेचना र उनको जीवनीको प्रचार प्रसारबाट देश र जनता लाभान्वित हुनेछन् भन्ने कुराको जानकारी यसै लेखमार्फत रामहरि पौड्यालले गराएका छन् ।

'नेपाली साहित्यका ध्रुवतारा' शीर्षकको लेखमा पुनः युद्धप्रसाद मिश्रका वारेमा लेखिएको छ । रामहरि पौड्यालले नेपाली साहित्यमा युद्धप्रसाद मिश्रलाई ध्रुवताराका रूपमा लिएका छन् । यस लेखको पहिलो पृष्ठमा युद्धप्रसाद मिश्रको दर्दनाक स्थिति र उनले नेपाली जनतालाई लगाएको गुणका वारेमा उल्लेख गरिएको छ भने मिश्रले भोग्नु परेको दु:खदपूर्ण अवस्थाका वारेमा पनि चर्चा गरिएको छ । दोश्रो पृष्ठमा वि.सं. १९८६ मा लेखिएको “अहिंसा प्रार्थना” बाट तर्सेर भीमसम्सेरले पुस्तक सबै जफत गरी डढाएको र जनतालाई सचेत पार्ने र देशलाई शोषण, अत्याचार, दमन जस्ता अमानवीय तत्वबाट बचाउन रणनीति र साहित्य रूपी हतियार ठिक पारे । फलस्वरूप उनलाई वि.सं. २००४ सालबाट २००७ सालसम्म जेल सजाय दिइयो । वि.सं. २०१५ सालमा “अमरकथा” लेखी तानाशाही सत्ताधारीको भण्डाफोर गरे त्यसैको परिणामस्वरूप काँङ्ग्रेसी सरकारले उनको उक्त कथा जफत गरिदियो । उनको छल नगरी हाकाहाकी बोली दिने प्रवृत्तिले

उनी शासक तथा नेताहरूको आँखाको कसिङ्गर बन्न पुगेको चर्चा दोस्रो पृष्ठमा उल्लेख छ । तेस्रो पृष्ठमा उनले पञ्चायती कालमा पनि दुःख पाई निर्वासित जीवन जीउनु परेको, छोरो वेपत्ता पारिएको दुःखदपूर्ण घटनाको चित्रण गरिएको छ । अन्त्यमा अन्याय, शोषण, अत्याचार, अन्धविश्वास आदि विरूद्ध युद्धको धावा बोल्ने युद्धप्रसाद जनताका प्रिय भएका छन् र जनताले उनी स्वयंम र उनका आदर्शलाई ध्रुवताराको रूपमा स्वीकार्नेछन् भन्ने कुराको चर्चा रामहरि पौड्यालले यस लेख मार्फत व्यक्त गरेका छन् ।

'सवैका प्रियः देवकोटा' शीर्षकको लेखमा नेपाली साहित्यको स्वच्छन्दतावादी कविताका प्रवर्तक लक्ष्मीप्रसाद देवकोटाका कृतिहरू मानववाद हुँदै प्रगतिवादतर्फ उन्मुख भएको चर्चा रामहरि पौड्यालले गरेका छन् । जीन्दगीभर नास्तिकताको शङ्खघोष गर्ने देवकोटा मरेपछि नर्क परिन्छ भन्ने पीरले उनका आफन्तहरू चिन्तित भई 'कृष्ण भन' 'राम भन' भन्न लगाई जवर्जस्ती गिजोलेकाले उनका कविताहरूले तिनै प्रसङ्ग बोकेर आए । धर्मभिरूहरूले उनलाई आस्तिक बनाउन खोजे भने कसैले संशोधनवादी बनाए । कसै कसैले त देवकोटालाई परम्परावादी बनाए भने कसैले धर्मभीरूसम्म बनाउन पछि परेनन् । जनताका लागि जीवनभर लड्ने लेनिन र माओत्सेतुङका बारेमा कविता रच्ने देवकोटा कसरी श्रीपेच र राजाका बारेमा आफ्नो कलम चोब्न पुगे ? 'मातृभूमि', 'माटो रून्छ' आदि जनचेतना फैल्याउने प्रगतिवादी कविता लेख्ने देवकोटा कसरी 'इन्द्रेणी', 'माघको खुलेको बिहानको जप' 'गधा बोल्छ' आदि प्रकृतिका कविता लेखी प्रकृतिमा सम्मोहित हुने स्वच्छन्दतावादी कविता लेख्न पुग्छन् ? किसानको हकहितका लागि बोल्ने देवकोटा, लेखनाथको कृतिमा भूमिका लेख्ने देवकोटा, २०१५ सालमा रूसको तासकन्दमा भएको अफ्रो–एशियाली लेखक सम्मेलनमा धाराप्रवाह बोल्ने देवकोटा एकै हुन वा अर्कै ? उनका समग्र कृतिहरूको अध्ययन गर्दा इश्वरवादीले अस्तित्व नपाउँदा, प्रजातन्त्रवादीहरूले प्रजातन्त्रका मूल्यहरू मरेको देख्दा समाजवादीहरूले गैर–समाजवादी बिचार पाउँदा मर्माहित हुन पुग्छन् जसले पनि उनलाई आफ्नो भन्न चाहान्छन् । त्यसैले उनी सवैका प्रिय बन्न पुगेका छन् भनी रामहरि पौड्याल प्रस्तुत लेखमा देवकोटाबारे लेख्छन् ।

'भीमनिधिलाई सम्झँदा' शीर्षकको लेखमा रामहरि पौड्यालले समाजको यथार्थ चित्र उतार्ने समाजमा विद्यमान विकृतिप्रति तीब्र विरोध गर्ने एवम् समाज सुधारको अपेक्षा राख्ने भीमनिधि तिवारी नेपाली साहित्यका मुर्धन्य साहित्यकार मध्ये एक हुन् । वि.सं. १९६५ फागुणमा जन्मी २०३० जेठमा देहत्याग गरेका तिवारीको कलम साहित्यका सबै

विधामा उत्तिकै दौडिएका छन् । १९ वटा नाटक, एकाङ्की, १० वटा काव्य, १० वटा कथा सङ्ग्रह, १ उपन्यास र १ निबन्ध लेखी नेपाली साहित्य भण्डारलाई अग्ल्याएका छन् । समाजशास्त्रीका लागि उनका कृतिहरू महत्वपूर्ण छन् । उनका सवै कृतिहरू समाजको यथार्थ चित्रण गर्न सफल छन् । तर सतही छन् तापनि उनको उद्देश्य समाज सुधार नै हो । लेखनाथ, सम र देवकोटाका बीचको ठूलो खाल्डोलाई पुल बनेर जोड्ने काम भीमनिधि तिवारीका रचनाहरूले गरेका छन् भन्ने कुरा रामहरि पौड्यालले यस रचना मार्फत व्यक्त गरेका छन् ।

"कवि व्यथित र नेपाल साहित्य" शीर्षकमा केदारमान व्यथितको साहित्य यात्राको वर्णन छ । नेपाली साहित्यका क्षेत्रमा कवि केदारमान एक निडर, सहासी, जनताका प्रिय एवं चतुर व्यक्ति थिए । जुनबेला नेपालमा त्रिभुवन विश्व विद्यालयमा जनताका छोराहरू उपकुलपति हुन्थे र कुलपति राजा स्वयम् हुने गर्थे त्यस बेला पनि उनले आप्नो चतुऱ्याँइद्वारा भारतसँगको राष्ट्रघाती सन्धीको विरोध गरी राजाको मन जिती कुलपति पद राजाबाट खोसेर आफूले लिएको कुरा यस लेखमा वर्णन गरिएको छ । जनआन्दोलनको पूर्व सन्ध्यामा भक्तपुरमा भएको जनभेलामा किसानहरूलाई पञ्चायती शासनको विरोधमा बोल्ने सहास र बल दिएका थिए । उनी राजनीतिलाई 'चर्पी' र साहित्यलाई 'भान्छाको संज्ञा दिई समय अनुकूल आफ्ना कुरा मोड्न सक्ने क्षमतावान व्यक्ति थिए । उनको पहिलो कविता 'परालको त्यान्द्रो' हो । त्यस्ता सहनशील र चातुर्य भएका कविको खाँचो साहित्यलाई भइरहने जानकारी पौड्यालले यस लेख मार्फत व्यक्त गरेका छन् ।

'समानता, स्वतन्त्रता र राष्ट्रियताका त्रिवेणी रिमाल' शीर्षकको लेखमा साहित्यमा मौनता आएपनि निराशा र पलायनको भावना आउनु हुँदैन भन्दै प्रगतिशीलता नै साहित्यको उद्देश्य हो भन्ने गोपाल प्रसाद रिमालको छोटो चर्चा गरिएको छ । साहित्यमा भाव प्रवल र राजनीति हुनुपर्दछ अराजकता भने होइन भन्ने रिमाल नेपाली कविता र नाटकलाई नयाँ बिचार र रूपले सिङ्गार गरेर आधुनिकतामा प्रवेश गराउन सफल छन् भन्ने कुराको चर्चा रामहरि पौड्यालले यस लेखमा गरेका छन् । 'नमस्ते' र 'सलाम' को साटोमा 'जयनेपाल' शब्दलाई सर्वप्रथम प्रयोगमा ल्याउने श्रेय यिनैलाई रहेको छ । यिनी पहिले साहित्यकारका रूपमा उदाए भने पछि गएर राजनेता सम्म बन्न पुगे । २००२ सालमा 'मसान' नाटक लेखेर यथार्थवादी नाट्य शिल्पको सुत्रपात गरे भने नेपाली

कविताका क्षेत्रमा पनि गद्य कविताका प्रवर्तक मानिने रिमाल निस्वार्थी राष्ट्रवादी कवि हुन् । देशमा जब जब राष्ट्रियता कमी हुन्छ तब तब हाम्रा सामु गोपालप्रसाद रिमालका त्यागपूर्ण जीवन र विचार पथ प्रदर्शक बन्न पुगेका छन् । यस्ता योद्धाका राष्ट्रवादी नेपाललाई अहिले पनि खाँचो रहेको चर्चा पौड्यालले गरेका छन् ।

'सहास निरन्तरताको प्रतीक पारिजात' नामको शीर्षक भएको यस लेखमा पारिजातबारे लेखिएको छ । यहाँ रामहरि पौड्यालले निरन्तरता र दृढताको खुवी भएकी पारिजात जुन जुन बेला दार्शनिक मान्यता ग्रहण गरी अघि बढ्छिन त्यसबेला उनी विवाद र चर्चाको घेरामा पर्दछिन् । 'मेरो दर्शन निस्सारतावादी दर्शन हो । यो कसैको पनि सामुहिक दर्शन चाँही होइन' भनेर उनी आफ्नो मान्यता भानु पत्रिकामा २०२३ सालमा प्रकाशित गर्न पुग्छिन् । त्यस्तै वि.सं. २०२८ सालमा 'मलाई जीवनदेखि कहिल्यै पनि पलायन हुन मन लाग्दैन् ।' ........कथा त देशको वर्तमान हो, कथा त देशको राजनीति हुनुपर्छ' भन्न पुग्छिन् । बहूआयामिक प्रतिभाका धनी सु.श्री पारिजातले साहित्यका धेरै विधामा आफ्नो कलम दौडाएकी छन् । तापनि कथा तथा उपन्यास विधामा उनी सिद्धहस्त नै भइन् । 'शिरीषको फूल' उपन्यासमार्फत उनले साहित्यमा विसङ्गतिवाद भित्र्याउने राल्फाली आन्दोलनको मुख्य व्यक्तित्व भइन् । 'साल्गीको बलात्कृत आँशु' ले बिचार र कलाको सन्तुलन गरेर प्रगतिवादी कथा साहित्यको राम्रो नमूना प्रस्तुत गरेकी छन् । यसरी नेपाली साहित्यमा थुप्रै कृतिहरू ल्याएर त्यसैमार्फत नयाँ वाद र बिचार पनि भित्र्याउन सफल पारिजातको छोटो चर्चा यस लेखमा गरिएको छ ।

**आख्यानकेन्द्री**

यस भागमा आख्यानसँग सम्वन्धित भएर लेखिएका कृतिहरूको चर्चा गरिएको छ । तिनीहरू साहित्य र कला बिचारधारा प्रकट गर्ने साधन लोहनी, 'विकलका कथाहरूको मूल प्रवृत्ति', 'सुक्ष्म व्यङ्ग्यका धनी शान्तदास' आदि रहेका छन् । ती लेखहरूका सारसङ्क्षेप यस प्रकार रहेका छन् ।

'साहित्य र कला विचारधाराबाट प्रकट गर्ने साधन– लोहनी' शीर्षकको लेखमा गोविन्द प्रसाद लोहनीका बारेमा प्रकाश पारिएको छ । वि.सं. १९८४ मा काठमाडौंको न्ह्योखा टोलमा जन्मेका लोहनी ख्यातिप्राप्त कवि, दर्शनाचार्य तथा इतिहासका अनुसन्धाता पिता पं.

दीपकेश्वरका सन्तान थिए । पिता त्यस्ता विद्वान भएपनि छोरा भने घोर व्यक्तिवादी र भोगवादी प्रवृत्तिका थिए । उनको यिनै कारणले गृहस्थ जीवन सुखपूर्ण नचलेको, आमा अत्यन्त उदण्ड, कठोर तथा व्यक्तिवादी प्रवृत्तिका थिइन् । बावुको सामन्ती संस्कार र आमाको कठोर बानीले उनी बावुआमाको मायाममताबिहीन भई हुर्के । यसरी घरकै परिवेशले यिनी प्रगतिवादी विचारधारातर्फ आकर्षित भए । यसरी उनका आख्यानपनि त्यही बिचारधाराबाट अगाडि वढेको पाइन्छ । उनका कथाहरू सशक्त रूपमा मार्क्सवादमा आधारित भएर आएका छन् । उनका कथाले वर्ग, वर्ग सङ्घर्ष र द्वन्द्वात्मकता बोकेका छन् । उनको प्रथम प्रकाशित रचना 'प्रोटिनको समस्या –२००३ हो । उनले आफ्नो जीवन कहिले साहित्यतर्फ त कहिले राजनीतितर्फ अघि बढाउदै डोहोर्‍याउदै रहे । साहित्य मनोरञ्जनको मात्र साधन होइन, साहित्यको प्रभाव समाजमा गहिरो रूपले पर्दछ । मानिसले मानिसकै बारेमा विचार गर्दछ र व्यक्तिलाई व्यक्तिप्रति चाख उठी समाजको विश्लेषण गरिन्छ र समाजकै भौतिक विकासको ठूलो अस्त्र हुन्छ भन्ने कुराबाट अघि वढेका लोहनीको जीवनयात्रालाई रामहरि पौड्यालले यस लेखमार्फत पस्किदिएका छन् ।

'विकलका कथाहरूको मूल प्रवृत्ति' शीर्षकको लेख साहित्यकार रमेश विकलको सेरोफेरोमा लेखिएको लेख हो । यस लेखमा रामहरि पौड्यालले नेपाली कथा साहित्यका एक विशिष्ट व्यक्ति रमेश विकल २००६ मा 'शारदा' मा गरिव कथा प्रकाशित गरी नविन कथाहरूमा बालमनोविश्लेषणदेखि यौन विकृतिबाट उठेका असन्तोषका लहरहरूका साथै शोषण अन्धविश्वास आदि सामाजिक विषमतालाई अभिव्यक्त गरेका छन् । रमेश विकलको समाज र मानिसलाई हेर्ने दृष्टिकोण मूलत प्रगतिवादमा अडेको पाइन्छ । समसामयिक घटना उनका कथामा यत्रतत्र पाइन्छन् । रचनाकालका आधारमा उनका कथाहरू तीन चरणमा विभाजन गरी हेर्न सकिन्छ ।

२००६ –२०२० सालसम्म प्रथम चरण

२०२१–२०३० सालसम्म दोस्रो चरण

२०३१ देखि हालसम्म तेस्रो चरण

उनका कथाहरूमा पहिलो चरण र तेस्रो चरणमा लेखिएका कथाले प्रगतिवादलाई अङ्गालेको छ भने दोस्रो चरणमा आएका कथाले यौनवादलाई कथावस्तु बनाएको छ ।

तापनि पहिलो र तेस्रो चरणका कथाहरूले नै विकलका सम्पूर्ण कथाहरूको मूल प्रवृत्ति केलाउँछन् भन्ने कुराको व्याख्या रामहरि पौड्यालले प्रस्तुत लेखमार्फत प्रष्ट्याएका छन् ।

'सुक्ष्म व्यङ्ग्यका धनी शान्तदास' शीर्षकको लेखमा पौड्यालले 'धम्काउने बानी मैले आफू सानो छँदादेखि सिकेकाले यो बानी भने मबाट गएको छैन' भनेर आफ्ना उद्‌गार प्रष्ट रूपमा पोख्ने शान्तदास बि.सं १९९१ जेष्ठमा जन्मेका हुन् । उनको साहित्ययात्रा बालसाहित्यबाट भएको भनेर यस लेखमा पौड्यालले लेखेका छन् । काठमाण्डौका मानन्धर परिवारका उनी आफ्ना मातापिताका एक्लो सन्तान थिए । देशको आवश्यक्ता र पाठकको आवश्यक्ता दुवैलाई हृदयाङ्गम गरी आजको बालक भोलिको सचेत नागरिक भएर भोलिको देश सुन्दर हुन्छ भन्दै बिभिन्न बाल साहित्य मार्फत देश सुन्दर बनाउने चेत लिएका शान्तदास मानन्धरको चर्चा यस लेखमा पौड्यालले गरेका छन् ।

बि.सं. २००९ सालमा 'म को हुँ' नामको लेख पासा पत्रिकामा प्रकाशित गरी नेपाली साहित्यमा कहिले शिक्षक, कहिले श्रमजीवी समर्थक हुँदै आख्यान विधालाई अगाडि बढाउने क्रममा उनले अङ्ग्रजी भाषामा पनि आफ्ना कृतिहरू रचना गरेका छन् । उनका कथाहरूमा आफ्नै परिवेश र जनजीवनका सग्ला तस्वीरहरू झल्केको पाइन्छ । समाजमा विद्यमान कुरीति, कुसँस्कार, अज्ञान, शोषण आदिको प्रस्तुति तिनमा पनि राम्ररी भएका छन् । सरल शव्द चयन र सजिला वाक्यले उनका आख्यानात्मक कृति बुझ्न अप्ठ्यारो पर्दैन तरपनि भनाइमा घुमाउरोपन हुनु र ज्यादै सुक्ष्म व्यङ्ग्य हुनुले साधारण पाठकका लागि उनले प्रयोग गरेका व्यङ्ग्यहरू व्यङ्ग्यवोध हुन गएको पाइदैन् । समाजलाई हेर्ने उनको धारणा मार्क्सवादी दृष्टिकोणयुक्त भएको कुरा उनका निबन्धहरूबाट स्पष्ट झल्कन्छ । सुक्ष्म व्यङ्ग्य, छोटा र छरिता आख्यानात्मक कृति हुनाका कारणले उनका कृति प्रभावकारी भएका छन् भन्ने कुरा पौड्यालले देखाएका छन् ।

**भाषाशैलीय विन्यास**

'भानुदेखि प्रश्रितसम्म' नामको समालोचनात्मक कृति (समालोचना सङ्ग्रह) मा रामहरि पौड्यालले नेपाली साहित्य क्षेत्रका आदि स्रष्टा आदिकवि भानुभक्त आचार्यको जीवनीदेखि लिएर आधुनिक स्रष्टा मोदनाथ प्रश्रितसम्मका साहित्यकारहरूको साहित्यिक यात्राका बारेमा विस्तृत जानकारी प्रस्तुत गरेका छन् । पौड्यालले आफ्ना कृतिहरूमा प्रगतिवादतर्फ

झुकाव भएका प्रतिभादेखि प्रगतिवादेत्तर प्रतिभा भएसम्मका साहित्यकारहरूको चर्चा गरी नेपाली साहित्य क्षेत्रमा प्रगतिवाद, मार्क्सवादले पारेको प्रभावका बारेमा व्याख्या विश्लेषण गरेका छन् । पौड्यालले यस कृतिमा विभिन्न साहित्यकारका कृतिका अतिरिक्त अन्य लेखकहरूका कृतिहरूको समेत विश्लेषण गरेका छन् । भाषाशैलीय विन्यासका दृष्टिले हेर्दा प्रस्तुत कृतिमा प्रयुक्त भाषा सरल र प्रष्ट रहेको छ । समालोचना गर्ने क्रममा पौड्यालले जटिल तथा गहनतम विषयलाई पनि सरल एवम् स्पष्ट भाषामा प्रस्तुत गरेकाले विषयको गाम्भीर्यतालाई बुझ्न कुनै पाठकलाई अप्ठ्यारो पर्दैन । बिभिन्न साहित्यकारहरूका साहित्यिक कृतिहरूको व्याख्या एवम् विश्लेषण गर्ने क्रममा पौड्यालले कविता, कथादेखि लिएर उपन्यास केन्द्रीत कृतिलाई पनि खोतलेर स्पष्ट देखाएका छन् । तृतीय पुरूषीय शैलीमा उनका समालोचनात्मक लेखहरू रहेका देखिन्छन् । उनका लेखहरू केही वस्तुवादी केही प्रगतिवादी त केही आत्मापरक अनुभूतिको शैलीमा रहेका छन् । पौड्यालले सवै साहित्यकारहरूका विविध विधाका साहित्यिक कृतिहरूको व्याख्या तथा विश्लेषण गरी नेपाली समालोचनाको क्षेत्रलाई सदैव उचो राख्न सफल भएका देखिन्छन् ।

## कमीकमजोरी

रामहरि पौड्याल नेपाली साहित्य क्षेत्रमा कथा, कविता, समालोचना, निबन्ध आदि बिभिन्न क्षेत्रमा कलम चलाउन सफल छन् । साहित्यको बिभिन्न पाटाहरूमा क्रमसः हात हाल्दै गएका पौड्याल राजनीतिमा पनि उत्तिकै अग्रसर छन् ।

कथा, कविताका माध्यमले उनी कतिपयका हृदयमा बास पाउन सफल भए होलान् तर कतिपय हृदयमा उनलाई त्यो मौका नआएको पनि हुन सक्छ । उनका यत्तिका रचना हुँदाहुँदै पनि आम पाठकका आँखामा अटाउन नसक्नुमा उनका रचनाहरूमा सरलता र क्रमिकता आदि नहुनु हुन सक्छ । रामहरि पौड्यालको ११ वटा कथाहरूको सङ्ग्रह सल्ला सुसाइदिन्छका अधिकांश कथाहरूमा अनावश्यक रूपमै यौनको चर्चा गरेर कथाकार सामाजिक, साँस्कृतिक पाटाहरूमा पछि परेका छन् । हुनत यौन प्रसङ्ग समाजको एक पाटो हो तर अनावश्यक रूपमा जहीतही उल्लेख गरेर उनले आफ्नो लेखनीमा सिर्जनशीलताको लेप लगाउन सकिरहेको देखिँदैन् ।

कथा साहित्य भनौं कुनै पनि विधामा कलम चलाई आफूलाई साहित्यकारको माझमा उभ्याउनु चानचुने कुरा होइन तर यहाँ रामहरि पौड्यालद्वारा सिर्जेका तमाम पुस्तककार तथा फूटकर सिर्जनाहरू हेर्दा उच्चकोटीमा पुग्न नसकेको देखिन्छ । कथामा समाजका केही अङ्गप्रति तिरस्कार, पीडा, वेदना चर्चा गरिएको छ तर त्यति मात्रले आज नपुग्ने भएको छ । आजको खाँचो दया र कारूणिकताको दर्शन होइन कि सामाजिक संरचनाका चरित्रबाट ती अवस्था उत्पन्न हुने हुँदा त्यस्तो अन्यायी संरचनालाई अन्त्य गर्नुपर्ने माथि रामहरि पौड्याल र उनका रचनाहरू सम्वेदनशील रहनुपर्छ भन्ने प्रष्ट हुनुपर्दछ । तर पौड्यालमा त्यस प्रकारका परिघटनाबाट परिवर्तन ल्याउने प्रकृया तथा ज्ञानको अभाव खड्कीएको छ । यही अभावले गर्दा उनी आम पाठकका दिमागमा ताजा बस्न पाएका छैनन् । उनको साहित्यको लेखनीमा २ चरण विभाजन भएको छ । पहिलो चरण शुरूदेखि २०४७ सम्म र दोस्रो चरण २०४८ बाट शुरू भई हालसम्म जारी छ । लेखनीका हिसावमा पहिलो चरणमा धेरै रचनाहरू बाहिर आएपनि यस चरणका रचनाहरूमा विधागत सचेतताको कमी, शिल्प शैली र साङ्गठनिक कमजोरी, बौद्धिक परिपक्वताको अभाव पाइन्छ । समालोचक दयाराम श्रेष्ठले सल्ला सुसाइदिन्छ कथा सङ्ग्रहको भूमिकामा रामहरिका कथाहरूले मलाई प्रभावित तुल्याएको छ भनेर उद्घोष गरेपनि उनका केही कथाहरूले सामाजिक जनजीवनलाई छर्लङ्ग्याउन सकेको छैन् ।

पुस्तकाकार रूपमा २ वटा कृतिमात्र प्रकाशनमा आएको रामहरि पौड्यालका फूटकर रचनाहरू समसामयिक घटना परिघटना बोक्न सकिरहेका छैनन् । सल्ला सुसाइदिन्छले सामाजिक विकृति, बिसङ्गति आदिलाई पाठकसामु पस्कन सफल भएका छन् । त्यही रूपमा फूटकर रचनामा पनि आफूलाई त्यो दर्जामा उभ्याउन असफल झैं भएको भान हुन्छ । कुनै एक समयमा निस्कियो त्यसपछि निरन्तरता दिन नसकेको भान हुन्छ । पौड्यालले आफ्ना तमाम फूटकर रचनाहरूलाई विधागत एकत्र गर्न नसकेपनि संयुक्त रूपमा सङ्ग्रह गर्न पाएको भए त्यसबाट पाठकबृन्दले जोगी सब्जीको स्वाद लिए झैं लिन सक्ने थिए । त्यसबाट आम पाठक बञ्चित भएका छन् ।समग्रमा पौड्यालले नेपाली साहित्यमा आफूलाई एउटा ईँटको रूपमा प्रस्तुत गर्न सफल भएका छन् चाहे त्यो काँचो ईँट होस वा पाको ।

## ५.३ निष्कर्ष

वि.स. २०२६ सालदेखि २०३९ सालसम्म लेखिएका विभिन्न शीर्षकका ११ वटा कथाहरूको सङ्गालो सल्ला सुसाइदिन्छ तत्कालीन समाजको सचित्रसाथ विभिन्न समयमा प्रकाशनमा आएको हो । यहाँ नेपाली मध्यमवर्गीय परिवारले त्यसमापनि नारी वर्गले भोग्नुपरेका पीडा यहाँ उल्लेख गरिएको छ । समाजका गन्यमान्य व्यक्तिहरूद्वारा नै साधु सन्तको मुखुण्डो लगाई नारीमाथि गरेको व्यवहार यहाँ उदाङ्गो पारिएको छ । उसलाई सम्झँदा, वाक्कलाग्दा दिनहरू, मास्टरको जीवनी, यसरी नौलो जीवन शुरू हुन्छ, परम्पराको तुष, एउटा प्रश्न, निर्णयको निम्ति, खोजमा, लुटेरा काका, खोइ, सल्ला सुसाइदिन्छ आदि शीर्षक रहेका कथामध्ये शीर्षक प्रधान कथा सल्ला सुसाइदिन्छ कथाले धनको शक्तिको लेखाजोखा गरेको देखाइएको छ । समग्र यस सङ्ग्रह भित्रका कथाले शैक्षिक, राजनीतिक, साँस्कृतिक, आर्थिक, सामाजिक आदि विविध क्षेत्रमा देखिएका विकृति, विसङ्गति, शोषण, दमन र नारीमाथि हुने विविध प्रकारका व्यवहारको भण्डाफोर गरिदिएको छ । यस सङ्ग्रहमार्फत कथाकारले प्रगतिवादलाई प्रश्रय दिएका छन् ।

पाश्चात्य, आधुनिक र प्रगतिवाद समालोचना सिद्धान्तको गहिरो अध्ययन र ज्ञानले नेपाली साहित्यको समालोचना विधालाई नवीन बनाउने कार्यमा समर्पित भएर लाग्ने रामहरि पौड्याल नेपाली समालोचना क्षेत्रमा प्रगतिवादी (मार्क्सवादी) समालोचकका रूपमा स्थापित भएका देखिन्छन् । भानुदेखि प्रश्रितसम्म' समालोचना सङ्ग्रह २०४९ मा सङ्गृहित ३२ समालोचकहरूका ३४ समालोचनाहरू प्रकाशित छन् भने अन्य फूटकर समालोचना कृतिहरू भने समसामयिक विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भई छरिएर रहेको स्थिति छ । यी समालोचनात्मक कृतिहरूले रामहरि पौड्याललाई एक कर्मठ, सशक्त र जुझारू प्रगतिवादी समालोचकका रूपमा नेपाली समालोचना साहित्यको समालोचनाको क्षेत्रमा उभ्याएको छ । तृतीय पुरूषीय शैली एवम् सुवोध शब्द चयन, सरल वाक्य गठन, रोचक शैली आदिले उनका सम्पूर्ण समालोचना कृतिहरू पठनयोग्य बनेका देखिन्छन् । समग्रमा भन्नुपर्दा सरल भाषामा मार्क्सवाद, प्रगतिवाद सिद्धान्तलाई नेपाली साहित्यमा चिनाउनु नै रामहरि पौड्यालको साहित्यिक तथा व्यक्तिगत विशेषता रहेको देखिन्छ ।

# छैठौं परिच्छेद
# उपसंहार

## ६.१ रामहरि पौड्यालको जीवनी, व्यक्तित्व र कृतित्वको निष्कर्ष

पहिलो परिच्छेद अन्तरगत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोध शीर्षक, शोध कार्यको प्रयोजन, बिषय परिचय, समस्याकथन, शोध कार्यका उद्देश्यहरू, शोधकार्यको उपयोगिता र औचित्य, पूर्वकार्यको समिक्षा, सामाङ्ग्री सङ्कलन विधि, अध्ययनको क्षेत्र र सीमा तथा शोधपत्रको रूपरेखा सम्वन्धी बिवरणहरू प्रस्तुत गरिएको छ । यस परिच्छेदले शोध कार्यको सामान्य रूपरेखा वा योजनाको खाका दिएको छ ।

दोस्रो परिच्छेद शोधनायक रामहरि पौड्यालको जीवनीका पाटालाई केलाउन प्रयास गरिएको छ । पिता गोपीनाथ पौड्याल तथा माता नन्दकुमारी पौड्यालका तीन छोरामध्ये माइला पुत्रका रूपमा काठमाण्डौं जिल्लाको डिल्लीबजारमा बि.सं. २००४ सालमा रामहरि पौड्यालको जन्म भएको हो । उनका हजुरबा प्राणनाथ उपाध्याय दरवारका भारदारका रूपमा खरिदार पदमा जागिर खान्थे भने बुवा गोपीनाथ सुब्वा थिए । उनको परिवार मध्यमवर्गमा पर्दथ्यो । उनको काठमाण्डौंमै घर हुनु तराईमा बीरगन्ज र सर्लाहीमा प्रसस्त खेतीपाती हुनुले त्यो वर्गको परिचय दिन्थ्यो । लुगा बुन्ने मेसिन र साबुन बनाउने मेसिन उनको घरमा हुनुले यसको थप पुष्टी गर्दछ ।

उनी जन्मेको केही वर्षमै देशबाट राणाशासन विदा भएपनि त्यसको तुस बांकी नै थियो । देशमा एकतन्त्रीय पञ्चायती व्यवस्था थियो । जनतामा स्वतन्त्रता नाम मात्रको थियो । त्यसैले रामहरि पौड्यालमा सानैदेखि अन्याय, अत्याचार र शोषण विरूद्ध हुन प्रेरित भए । कक्षा ५ बाट विद्यालयस्तरीय शिक्षा सुरू गरेका पौड्याल पढ्नमा तिक्ष्ण थिए । त्यसैले उनले शिक्षा प्राप्त गर्ने क्रममा उच्चशिक्षा सम्म पछाडि फर्केर हेर्न परेन् । उनले अङ्ग्रेजी, नेपाली र अर्थशास्त्र आदिमा स्नातकोत्तरको उपाधि हासिल गरे । औपचारिक शिक्षाका साथै उनले मार्क्सवादी दर्शन र धार्मिक ग्रन्थहरूबाट अनौपचारिक शिक्षा पनि लिएका थिए । २०२९ सालमा प्रमिला सुवेदीसँग बिवाह वन्धनमा बाँधिएका पौड्यालका २ छोराहरू जन्मे र हाल दुवैजना लण्डनमा बसोवास गर्दै आएका छन् ।

प्रसस्त जग्गा जमीन र काठमाण्डौं मै घर भएपनि रामहरि पौड्याल डिल्लीबजारकै बिजय मेमोरियल स्कूलमा शिक्षण पेशामा संलग्न भए । भण्डै २० बर्ष त्यहाँ पढाए पछि २०४१ सालबाट २०६४ सालसम्म त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा नेपाली विषयमा प्राध्यापकका रूपमा कार्यरत रहे । उनले आफूले जसरी औपचारिक र अनौपचारिक शिक्षा लिए त्यसै गरी आफ्ना विद्यार्थीहरूलाई पनि शिक्षा दिए ।

त्यसै गरी उनी राष्ट्रिय जनसाँस्कृतिक मञ्चको सल्लाहाकार, प्रगतिशील लेखक सङ्घको कार्यवाहक अध्यक्ष, युद्धप्रसाद मिश्र गुठीको उपाध्यक्ष, पारिजात स्मृति केन्द्रको कार्यकारी सदस्य आदि बिभिन्न पदमा रही पदीय भूमिका निर्वाह गर्दै आइरहेका छन् । बि.सं. २०१५ सालबाट अघोषित रूपमा राजनीतिमा हामफालेका पौड्याल हाल कम्युनिष्ट पार्टीलाई समर्थन जनाउँदै आएका छन् । २०२४ सालदेखि साहित्यतर्फ हात हालेका पौड्यालले कथा, कविता, निबन्ध, समालोचना आदि विधामा आफ्नो उपस्थितिलाई सशक्त ढङ्गले उभ्याएका छन् ।

तेस्रो परिच्छेदमा रामहरि पौड्यालको व्यक्तित्वको वारेमा चर्चा गरिएको छ । रामहरि पौड्याल मध्यमवर्गीय नेपाली परिवारमा जन्मेको हुनाले उनको व्यक्तित्व निर्माणमा घरपरिवार, सामाजिक, राजनीतिक, आर्थिक आदिको प्रभाव परेको छ । विशेष गरी उनी जन्मेको केही वर्ष मै राणाशासनको अन्त्य भएको र देशमा प्रजातन्त्र नाम मात्रको भएको त्यो पनि २०१७ सालमा निमोठीएपछि त्यसको प्रभावले पौड्यालको अन्तर हृदयलाई छोयो । यही क्रमबाट पौड्यालको लेखनी क्रमशः प्रगतिवादतर्फ उन्मूख भएको पाइन्छ ।

रामहरि पौड्यालको व्यक्तित्वका पाटालाई साहित्यिक र साहित्येत्तर गरी २ भागमा हेरिएको छ । साहित्यमा पनि उनी स्रष्टा र द्रष्टा व्यक्तित्व थिए । कथा, कविता, निवन्धले स्रष्टा बनायो भने समालोचना र भूमीका लेखनी कार्यले उनी द्रष्टा भए । त्यसैगरी साहित्येत्तर व्यक्तित्वमा उनी प्रथम एक कुशल शिक्षक थिए पछि प्राध्यापक भए । शिक्षक र प्राध्यापकको भूमिकासँगै उनी सामाजिक सेवालाई आफ्नो कार्यक्रममा पार्थे त्यसैगरी उनको प्रगतिवाद तर्फ झुकाव भएका तथा विभिन्न मञ्चमा रही कामको अनुभव बटुलेकाले मार्क्सवादी चिन्तन बाँडन पार्टीमा समेत संलग्न रही काम गरेका थिए ।

रामहरि पौड्यालले गरेका कार्यहरू भ्रमणका सिलसिलामा स्वदेश तथा विदेशका जाति, भाषा अध्ययन र अवलोकनको शिक्षाबाट उनका साहित्य जन्मेका छन् । यसरी रामहरि पौड्यालको समग्र जीवनको मूलभूत पक्षहरू, महत्त्वपूर्ण कार्यहरू र तिनबाट बनेको उनको उच्च व्यक्तित्व तथा जीवनीका विविध पक्षहरू र व्यक्तित्वको प्रभाव उनको लेखनीमा पाइन्छ । तिनमा पनि उनको पारिवारिक, सामाजिक, राजनीतिक आदि परिवेशका आधारमा साहित्यमा योगदान पुगेको देखिन्छ । यसरी हेर्दा पौड्याल परिश्रमी तथा प्रगतिवादी विचारधारामा समर्पित छन् यसरी उनको व्यक्तित्व निर्माण भएको देखिन्छ ।

चौथो परिच्छेदमा रामहरि पौड्यालको साहित्यको चिरफार गरिएको छ । उनी नेपाली साहित्यमा फाल हालेदेखि निरन्तर आफ्नो योगदानलाई निरन्तरता दिन सकेनन् तर जति योगदान दिएका छन् नेपाली साहित्यमा ती अतुलनीय छन् । यस परिच्छेदमा पौड्यालको नेपाली साहित्य यात्राको निरूपण गर्दै साहित्य यात्रामा देखा परेका लेखनका बिभिन्नताका आधारमा त्यसको कालखण्ड र विधा विभाजन गरी प्रत्येक चरणमा प्रकाशमा आएका कृतिहरूका आधारमा उनको व्यक्तित्व साहित्यको प्रवृत्ति केलाउने प्रयास गरिएको छ । बि.सं. २०२५ सालदेखि साहित्य यात्रा थालेका पौड्याल हालसम्म साढे चार दशकदेखि निरन्तर हिडिरहेका छन् । साहित्य यात्रामा भएका सिर्जना पौड्यालको अतुलनीय प्रतिभा, पेशा, विज्ञता, अध्ययनशील व्यक्तित्वले जे जति सहयोग पुग्यो त्यसका विपरित अन्य क्षेत्रसँगको सम्वद्धताले उनी व्यस्त छन् । तरपनि योगदान दिन कसर बाँकी राखेका छैनन् । २०२५ सालको लेखनी यात्रालाई हामी २ चरणमा बाँडेर हेर्ने जमर्को गरेका छौं ।

१. पहिलो चरण २०२५ – २०४० सालसम्म

२. दोस्रो चरण २०४८ देखि हालसम्म

रामहरि पौड्यालको साहित्य यात्राको पहिलो चरण अत्यन्त तिब्र गतिमा दगुरेको थियो । यस चरणमा पौड्यालका कथा, निबन्ध, कवितामा प्रसस्त कलम चल्यो । फाट्टपुट्ट रूपमा समालोचना पनि मुछिएको यस चरणमा पुस्तकाकार रूपमा र समसामयिक पत्रपत्रिका मार्फत फूटकर रचनाहरू यस कालमा सिर्जना भएको पाइन्छ । सल्ला सुसाइदिन्छ, हिलोमा फूलेको फूल, काठमाडौं शहरमा, खोइ, समयका स्वरहरू भित्र बोलेका जनता आदि यस चरणका कृति तथा रचनाहरू हुन् । यस कालका रचनाहरूले तत्कालीन

समाजको चित्र प्रस्तुत गरेका छन् । यस चरणमा उनका रचनाहरूमा विधागत सचेतताको कमी, साङ्गठनिक कमजोरी, बौद्धिक परिपक्कताको अभाव देखिएका छन यति हुँदाहुँदै पनि ती रचना आफैंमा सशक्त र महत्वपूर्ण छन् ।

दोस्रो चरण २०४८ सालदेखि मानिएको छ । यस चरणमा पौड्याल अन्य सङ्घ संस्थासँगको आवद्धताले व्यस्त भएकाले पाहिलो चरणमा झैं प्रसस्त रचना रचेका पाइदैनन् । तर भाषागत, शैलीगत आदि विविध पाटाबाट हेर्दा उनको पहिलेका रचनाहरू भन्दा यस चरणका रचनाहरू खारिएका छन् । रचनाहरूमा मीठास छ र पढन योग्य पनि । यसै चरणमा आएर रामहरि पौड्यालको प्रगतिवादी साहित्यले फष्टाउने मौका पाएको छ । यस चरणमा भानुदेखि प्रश्रितसम्म, लुटाहालाई ठोक्नैपर्छ, नेपाली लोक कथामा प्रगतिवादी तत्व आदि कृति र रचनाहरू नेपाली साहित्यमा थपिएका छन् । यी कृतिका माध्यमबाट पौड्यालले प्रगतिवादी साहित्यको पृष्ठभूमि, विकास, विशेषता एवम् पाश्चात्य साहित्यका नयाँ मूल्य र मान्यतालाई चिनाउने प्रयास गरेका छन् । यसै चरणमा लेखकले आफू समालोचक, लेखक, सशक्त प्राज्ञ एवम् नेपाली साहित्यमा प्रगतिवादका एक हस्तीका रूपमा उभ्याउन सफल भएका छन् । उनका यस चरणका रचनाहरूले सामाजिक, आर्थिक, राजनीतिक एवम् समसामयिक विविध क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई खोतल्दै तिनको परिष्कार गर्ने सन्देश बोकेका छन् । उनका विविध समालोचनाको अध्ययन गर्दा उनी पहिले प्रभाववादी समालोचक त्यसपछि मात्र नेपाली साहित्यमा प्रगतिवादी समालोचकका रूपमा यस चरणमा देखा परेका छन् ।

पाँचौ परिच्छेद यस चरणमा रामहरि पौड्यालको आख्यानात्मक कृतिहरूको विश्लेषण गरिएको छ । रामहरि नेपाली साहित्यमा वि.सं. २०२२ सालबाट हामफाले भने २०२५ सालमा हिलोमा फूलेको फूल नामक रचनाबाट सार्वजनिक भएका थिए । उनका पुस्तकाकार र फूटकर गरी २ प्रकारका रचनाहरू नेपाली साहित्य क्षेत्रमा पढ्न पाइन्छ । पुस्तकाकारका रूपमा वि.सं. २०४१ सालमा आएको 'सल्ला सुसाइदिन्छ' कथा सङ्ग्रह हो । यस सङ्ग्रहमा ११ वटा बिभिन्न थरीका रोचक र घोचक कथाहरू छन् । तत्कालीन नेपाली जनजीवनलाई हुवहू यी कथाहरूले पाठकलाई आकर्षित गर्न सफल छन् । विशेष गरी यहाँ नेपाली नारीहरू जो मध्यमवर्गीय परिवारमा छन् तिनीहरूले भोग्नुपरेका दारूणिक कथा यहाँ पाइन्छ । आकारमा सानो ५६ पृष्ठको भएपनि यी कथाहरूद्वारा लेखक पौड्यालले

शैक्षिक, राजनीतिक, साँस्कृतिक, आर्थिक, सामाजिक आदि विभिन्न क्षेत्रमा छरिएर रहेका विकृति विसङ्गतिलाई सडकमा ल्याई आम जनमाझ देखाई दिएका छन् ।

उनको अर्को पुस्तकार कृति 'भानुदेखि प्रश्रितसम्म' ले नेपाली समालोचना साहित्यमा समाहित भएको वादको वकालत गरेको छ । नेपाली समालोचना क्षेत्रमा प्रगतिवादी समालोचना भित्र्याई नेपाली साहित्य नेपालमा मात्र होइन विदेशमा सम्म परिचित गराउन यहाँ समालोचक अग्रसर छन् । पाश्चात्य, आधुनिक र प्रगतिवाद समालोचना सिद्धान्तको गहिरो अध्ययन र ज्ञानले नेपाली समालोचनालाई नयाँ बनाउने कार्यमा समर्पित भएर लाग्ने पौड्याल नेपाली साहित्यमा मार्क्सवादी समालोचकका रूपमा स्थापित भएका छन् । यहाँ बिभिन्न ३२ समालोचकका विभिन्न शीर्षक अन्तरगत ३४ वटा समालोचनाहरू प्रस्तुत गरिएका छन् । राष्ट्रवादलाई मूल मन्त्र बनाई रचिएका रचनाहरू यस सङ्ग्रहमा सङगृहीत छन् । मोतीराम भट्ट, लेखनाथ पौड्याल, युद्धप्रसाद मिश्र, केदारमान व्यथित, पारिजात, गोपालप्रसाद रिमाल, भानुभक्त, महाकवि लक्ष्मी प्रसाद देवकोटा, शान्तदास मानन्धर, गोविन्दप्रसाद लोहनी आदि बिभिन्न साहित्यकारका रचनाहरू यस सङ्ग्रहमा सङ्गृहीत छन् ।

उनका बिभिन्न पत्रपत्रिकामा विभिन्न समयमा विभिन्न शीर्षकमा लेख रचनाहरू छापिएका छन् । 'हिलोमा फूलेको फूल', 'काठमाडौं शहरमा', खोइ, घामका वीउहरू, बीउ माटिएको छैन, नसोचेको दिन, समाधान, माइली, सडक आदि कविता, कथा शीर्षकमा आएका रचनाहरू हुन् । त्यसै गरी नेपाली लोक कथामा प्रगतिवादी तत्व, शुन्यता यसरी गहिरिन्छ, हाम्रो परिवेश, समयका स्वरहरू, भित्र बोलेका जनता, मुक्त सुदामा र नेपाली समाज, श्यामप्रसादका निबन्धमा एक दृष्टि, बहुआयामिक प्रतिभा आनन्ददेव, साल्गीको बलात्कृत आँशुमा समसामयिक स्वर, कला भित्रको जीवनदर्शन, लुटाहालाई ठोक्नैपर्छ आदि विभिन्न समालोचना, निवन्ध, समिक्षा आदि रचनाहरू बिभिन्न समयमा प्रकाशमा आएका पौड्यालका रचनाहरू हुन् ।

समग्रमा भन्नुपर्दा रामहरि पौड्यालका रचनाहरूले समसामयिक स्वरहरूलाई प्रष्फूटन गर्न मद्दत गरेको छ । पौड्यालले आधुनिक नेपालमा जरा गाडेर बसेको सामन्ती संस्कार तथा त्यो संस्कारले नेपाली जनतामा पारेको अन्याय, अत्याचार, थिचोमिचो र शोषणको विभिन्न रचनामार्पत आम जनमानसमा उदाङ्गो पार्न सफल भएका छन् । एकतन्त्रीय

शासनको अन्त्यमा जन्मेका पौड्यालले त्यसपछिका दिनमा भएका सरकारका खिचातानी, कुसंस्कार, जनतामा परेका अन्याय, शोषण, उत्पीडन आदिका विरूद्धमा जाईलाग्न पौड्याल बिभिन्न रचनामार्फत आह्वान गरी जनतालाई एकजुट हुन गुहार्दछन् । २०४६ सालको जनआन्दोलन अघिसम्म नेपालमा साहित्यकारलाई रचना तथा समालोचना प्रकाश गर्न नदिने सरकारी घोषणाका वावजुद पनि साहित्यकारले नेपाली जनतामा परेका पीर मर्का तथा दमनको त्यही रचनामार्फत उदाङ्गो बनाएका छन् ।

नेपाली समाजमा पार्टी प्रतिबन्धित अवस्थामै पार्टीमा लागि सशक्त ढङ्गले लागि मार्क्सवादी चिन्तनलाई प्रचार प्रसार गर्न, पार्टीको नीतिभित्र रही नेपाली प्रकाश पारी नेपाली साहित्यलाई पौड्यालले धनी बनाएका छन् । विशेष गरी एकतन्त्रीय शासनमा पार्टी प्रतिबन्धित रहेकै अवस्थामा त्यो पनि कम्युनिष्ट विचारधारालाई शक्त विरोध जनाइएको अवस्थामै प्रगतिवादतर्फ कलम चलाएर यहाँ पौड्यालले आफ्नो जीउको समेत पर्वाह नगरी नेपाली साहित्यलाई अनवरत सहयोग गरेका छन् । सदैव प्रगतिशील सोच राख्ने पौड्यालले जस्तोसुकै अवस्थामा पनि आत्मविश्वासका साथ अघि बढी विभिन्न रचनामार्फत नेपाली साहित्यमा योगदान दिइरहे । उनको यो अमूल्य योगदानको कदर नेपाली साहित्य जगतले गर्नेछ र उनको योगदान अमूल्य छ भन्न सकिन्छ ।

६.२. रामहरि पौड्यालको सम्वन्धमा अध्ययन हुन सक्ने सम्भावित विषयहरू

६.२.१. रामहरि पौड्यालको कथागत प्रवृत्तिहरूको अध्ययन

६.२.२. रामहरि पौड्यालको प्रगतिवादकेन्द्री समालोचनाको अध्ययन

# सन्दर्भग्रन्थसूची

## नेपाली पुस्तकहरू


१. अधिकारी रविलाल, **प्रगतिवादी नेपाली समालोचना**, लेकाली प्रकाशन, काठमाडौं, २०५६ ।

२. उपाध्याय, केशव प्रसाद, **मोतिराम भट्टको व्यक्तित्व र योगदान**, मोति स्मृतिग्रन्थ काठमाडौं शिक्षा परिषद –२०३९ ।

३. गैरे, ईश्वरीप्रसाद, **आधुनिक नेपाली आख्यान** (कथा र उपन्यास) सिद्धान्त र विश्लेषण, काठमाडौँ क्षितिज प्रकाशन, २०६३ ।

४. पौड्याल, रामहरि, **सल्ला सुसाइदिन्छ**, काठमाडौँ प्रमिला पौड्याल, २०४१ ।

५. पौड्याल, रामहरि, **भानुभक्तदेखि मोदनाथ प्रश्रितसम्म** २०४९ ।

६. लुइटेल खगेन्द्र प्रसाद, **कविताको संरचनात्मक विश्लेषण**, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, २०६२ ।

७. सुवेदी, राजेन्द्र, **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, काठमाडौँ भूमिका प्रकाशन, २०६१ ।

८. श्रेष्ठ, दयाराम, सम्पा. **नेपाली कथा भाग ४**, दोस्रो संस्करण, काठमाडौँ साझा प्रकाशन, २०६० ।

९. श्रेष्ठ दयाराम, शर्मा मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, साझा प्रकाशन काठमाडौं, २०६३ ।


## अप्रकाशित शोधपत्रहरू


१. भट्टराई, डिजन, मोहन वैद्यको जीवनी, व्यक्तित्व र कृतित्व, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि काठमाडौं ।

२. बोगटी, रामवहादुर, वल्लभमणि दाहालको जीवनी, व्यक्तित्व र कृतित्व (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि, काठमाडौं ।

**पत्रपत्रिकाहरू**

१. **उत्साह**

क) सडक

ख) नसोचेको दिन, पूर्णाङ्क ३०

२. **प्रलेश**

नेपाली लोककथामा प्रगतिवादी तत्व – वर्ष ४, पूर्णाङ्क ८

३. **लहर**

माइली कथा– वर्ष १०, अङ्क १५

४. **श्रङ्खला**

साल्गीको बलात्कृत आँसुमा समसामयिक स्वर – वर्ष ११, अङ्क १

५. **साङ्ग्रीला**

श्याम प्रसादका निवन्धमा एक दृष्टि – पूर्णाङ्क २५, वर्ष ८

**ग्रन्थहरू**

१. **कुलमानसिंह स्मृतीग्रन्थ**

क) कलाभित्रको जीवन दर्शन

ख) वहुआयामिक प्रतिभाः आनन्ददेव

२. **पारस विशेषाङ्क २०५९**

लुटाहालाई ठोक्नैपर्छ –

## शोधनायकसित लिएको अन्तर्वार्ता

१. कति वर्षको हुनुभयो ?

रामहरि पौड्यालः म वि.सं. २००४ साल भाद्रमा जन्मेको हो । हाल ६३ वर्षको भएँ ।

२. तपाई कुन ठाउँमा जन्मनु भएको हो ?

म काठमाडौंको पुरानो शहर डिल्लीबजारमा जन्मेको हुँ ।

३. तपाईको न्वारानको नाम यही हो कि अर्को थियो ?

मेरो न्वारानको नाम घनानाथ हो ।

४. तपाईको बुवा आमाको नाम के हो ?

मेरो बुवाको नाम गोपीनाथ पौड्याल हो भने आमाको नाम नन्द कुमारी पौड्याल हो ।

५. तपाईहरू कति दाज्यूभाइ र कति दिदीवहिनी हुनुहुन्छ ?

हामी तीन दाज्यूभाइ सहित एक जना वहिनी छिन् ।

६. तपाई कुन भाइ हो ?

हामी तीन दाज्यूभाइमा जेठो दाज्यू सुदर्शन पौड्याल हो भने भाइ सुनील पौड्याल र म माहिला भाइ हो ।

७. तपाईले प्रारम्भिक शिक्षा कहाँबाट लिनुभयो ?

मैले प्रारम्भिक शिक्षा घरैमा हजुरवुवा प्राणनाथ पौड्यालबाट लिएको हो ।

८. त्यसपछि कहाँ कहाँ पढ्नुभयो ?

मैले अनौपचारिक शिक्षा दरवार हाइस्कुलबाट एकैचोटी कक्षा ५ बाट शुरू गरेको थिए । दरवार हाइस्कुलबाट कक्षा ५ उतीर्ण गरेपछि पद्योदय हाइस्कुलमा कक्षा ६ मा भर्ना भई उतीर्ण गरे । त्यसपछि दरवार हाइस्कुल रानीपोखरीबाट २०२०

सालमा प्रवेशिका परीक्षा उतीर्ण गरेपछि त्रिभुवन विश्व विद्यालय कीर्तिपुरबाट नेपाली, अर्थशास्त्र र अङ्ग्रेजी विषयमा स्नातकोत्तर शिक्षा हासिल गरे ।

९. तपाईको बैवाहिक जीवन र सन्तानको बारेमा वताईदिनुहुन्छ कि ?

मेरो विवाह वि.सं. २०२९ सालमा काठमाडौं सिफल निवासी शिवप्रसाद सुवेदी तथा वसुमञ्जरीको छोरी प्रमिलासँग भएको थियो । पहिलो सन्तानको रूपमा जेठो छोरा दिलिपको २०३० सालमा र दोस्रो सन्तानको रूपमा मिलिपको २०३२ सालमा जन्म भएको थियो ।

१०. तपाईको प्राध्यापन पेशा कहिलदेखि शुरू भयो र कस्तो रह्यो ?

मैले वि.सं. २०२३ सालदेखि विजय मेमोरियल हाइस्कुलमा अध्यापन गर्न शुरू गरी २०४१ सम्म गरे । त्यसपछि २०४१ देखि २०५५ सालसम्म भक्तपुर बहुमूखी क्याम्पसमा र २०५५ सालदेखि २०६४ सालसम्म त्रिभुवन विश्व विद्यालयमा नेपाली विषयमा प्राध्यापन गरे ।

११. तपाई साहित्यमा कहिलदेखि लाग्नुभयो ?

मैले वि.सं. २०२३ सालदेखि कविता लेखनबाट शुरू गरेको भएतापनि मेरो पहिलो प्रकाशित रचना 'हिलोमा फूलेको फूल' निबन्ध, २०२५ हो ।

१२. तपाईले कथा कहिलेदेखि लेख्न शुरू गर्नुभयो ?

मैले २०२५/२६ सालदेखि कथा लेख्न शुरू गरेको थिए ।

१३. तपाईले साहित्य क्षेत्रको कथा विधा वाहेक अन्य कुन कुन विधा अँगाल्नुभएको छ ?

मैले कथा वाहेक साहित्यको समालोचना विधालाई अँगाले साथै छिटफुट रूपमा कविता र निबन्ध पनि लेखे ।

१४. तपाईलाई साहित्यमा लाग्ने प्रेरणा कहाँबाट र कसरी प्राप्त भयो ?

मेरो मावली नजिक धोविधारा, डिल्लीबजारमा लक्ष्मी प्रसाद देवकोटाको घर भएको हुँदा मावली घर जाँदा आउँदा देवकोटाको जीवनशैली र लेखनबाट प्रभावित भए र यहीबाटै मलाई साहित्य लेख्ने प्रेरणा मिलेको थियो ।

१५. हालसम्म तपाईबाट लिखित कृतिहरू के कति छन् ?

कथा विधामा 'सल्ला सुसाइदिन्छ' कथा सङ्ग्रह र समालोचना विधामा 'भानुदेखि प्रश्रितसम्म' समालोचना सङ्ग्रह प्रकाशित पुस्तकहरू हुन् भने अन्य विभिन्न पत्रपत्रिकामा कविता, निबन्ध, कथा र समालोचना प्रकाशित भएर छरपस्टिएर रहेका छन् ।

१६. तपाईले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा कहाँ कहाँ भ्रमण गर्नुभयो ?

मैले हाम्रो देशको थुप्रै जिल्लामा पार्टीगत जनसाँस्कृतिक मञ्चको कार्यक्रम, प्रगतिशील लेखक संघ (प्रलेस) को कार्यक्रममा भ्रमण गरेको छु । अन्तर्राष्ट्रिय क्षेत्रमा भने भारत, पाकिस्तान, इटली, स्वीजरलैण्ड र वेलायत भ्रमण गरेको छु ।

१७. तपाईको संस्थागत संलग्नताको बारेमा वताईदिनुहुन्छ कि ?

मेरो संस्थागत संलग्नताको बारेमा भन्नुपर्दा राष्ट्रिय जनसाँस्कृतिक मञ्चको केन्द्रीय सल्लाहाकार, प्रगतिशील लेखक संघको केन्द्रीय समितिको उपाध्यक्ष तथा कार्यवाहक अध्यक्षको र युद्धप्रसाद मिश्र गुठीको उपाध्यक्षको जिम्मेवारी निर्वाह गरेको थिए । साथै पारिजात स्मृती केन्द्रको स्थापनाकालदेखि हालसम्म पनि केन्द्रीय कार्यकारी सदस्यको रूपमा जिम्मेवारी निर्वाह गर्दै आएको छु ।

१८. तपाईको धारणा र मान्यता बारेमा केही वताईदिनुहुन्छ कि ?

मानिसले स्वतन्त्र रूपमा जीवनयापन गर्न पाउनुपर्दछ । वर्गीय द्वन्द्व र जातीय विभेदले मान्छे शोषित र पीडित बन्नु नपरोस् । जीवन संघर्षशील छ । संघर्ष गर्दै जीवनमा आएका कठिनाईहरू पार गर्दै अगाडि वढेमा सफलता प्राप्त गर्न सकिन्छ भन्ने मेरो धारणा हो ।

साहित्यमा चिन्तन हुनुपर्दछ । साहित्यकारले निरन्तर अध्ययन गरी आफूलाई अद्यावधिक राख्नुपर्ने मेरो मान्यता हो ।

१९. तपाईले जीवनमा आर्थिक कठिनाई भोग्नुपर्‍यो कि ?

मैले जीवनमा आर्थिक रूपमा कुनै कठिनाई भोग्नुपरेन् । वाल्यकालमा पनि काठमाडौंमा घर तथा तराईको भैरहवा र सर्लाहीको मलंगवामा समेत खेतीयोग्य जमीन भएकोले कुनै आर्थिक कठिनाई व्यहोर्नुनपरेको र हालपनि घरव्यवहार सामान्य रूपमा चलिरहेको छ ।